

# आवासबाट जबर्जस्ती निष्कासनविरुद्ध कानुनी तथा नीतिगत संरक्षण

## पैरवीका लागि स्रोत पुस्तक, २०८१

प्रकाशक
एम्नेस्टी इन्टरनेसनल नेपाल, नेपाल महिला एकता समाज, जुरी-नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

लेखन

राजुप्रसाद चापागाई

जगत देउजा

विष्णु प्रसाद पोख्रेल

निराजन थपलिया

भगवती अधिकारी

# भूमिका

वासस्थान मानव मात्रै नभएर सबै प्राणी जगतका लागि अपरिहार्य हुन्छ। वासस्थानको संरक्षण मानव सभ्यता र संस्कृतिको पर्याय पनि हो। गाँस, वास, कपास, शिक्षा र स्वास्थ्यलाई निरंकुश पञ्चायती व्यवस्थाले समेत जिउनका लागि आधारभूत आवश्यकताकारूपमा मान्यता दिएको थियो। अहिले मुलुकमा लोकतान्त्रिक प्रणाली छ। मानव वासस्थान तथा आवासको अधिकार संविधानले नै सुरक्षित गरी मौलिक हकको रूपमा व्यवस्था गरेको छ।

नेपालको संविधानले लोकतन्त्रमा आधारित समाजवाद, सामाजिक न्याय, समतामूलक आर्थिक सम्वृद्धि सुनिश्चित गर्ने अभिष्ट राखेको छ। पर्याप्त आवासको हक बिना उल्लिखित संवैधानिक अभिष्ट साकार हुन सक्दैन। त्यसैले मौलिक हकअन्तर्गत नागरिकको आवासको हक प्रत्याभूत गरिएको छ। दलित समुदायका सदस्यका लागि आवास र भूमिको अधिकारको विशेष प्रत्याभूति छ। विपन्न नागरिकले आवास समेतका सन्दर्भमा विशेष लाभ प्राप्त गर्ने अधिकार राख्छन्। कृषिमा आश्रित नागरिकका लागि  कृषियोग्य भूमिमा पहुँच सामाजिक न्यायको हकको रूपमा प्रत्याभूत गरिएको छ। त्यसैगरी समानता र अविभेद एवं सम्मानजनक बाँच्न पाउने लगायत हकहरू संविधानतः प्रत्याभूत छन्। आवास तथा भूमिमा पहुँच प्रवर्धनका लागि नीति तथा कानुनहरू बनेका पनि छन्।

तर तिनको कार्यान्वयन प्रभावकारी भने हुन सकेको छैन। विपन्न, भूमिहीन, सीमान्तकृत तथा महिलाहरूको आवास तथा भूमिमा पहुँच चुनौतीपूर्ण छ। कतिपय आवासविहीनमा त्यस्ता हकअधिकारको बारेमो सचेतना छैन। त्यसैगरी यी अधिकारहरू प्रचलनयोग्य हुन भन्ने बुझाइ सरोकारवालाहरूका बीचमा स्थापित हुन सकेको छैन। बसोवास गरेको ठाउँबाट जबर्जस्ती निष्कासन  गर्ने, त्रसित सुरक्षित पार्ने गरी सूचना सार्वजनिक गर्ने, बारम्बार माइकिङ्ग गरेर तर्साउने, डोजर लगाएर विचल्लिमा पार्ने, आवासविहीन अवस्थामा संरक्षण बाहिर राख्ने कार्यहरू स्थानीयदेखि संघीय सम्मका निकायबाटै हुँदै आएका छन्। यो विडम्वनापूर्ण स्थितिको अन्त्य हुन जरुरी छ। त्यसका लागि नागरिक समाज, राष्ट्रिय मानवअधिकार संस्थाहरू, जनप्रतिनिधि, अधिकारकर्मी, मिडिया, विकास साझेदार, निजि क्षेत्र र अन्य

सरोकारवालाहरूको रचनात्मक भूमिका अपेक्षित छ। त्यसका लागि आवासको अधिकार तथा जबर्जस्ती निष्कासनबाट संरक्षण लगायतका विषयमा सबै सरोकारवालाहरू यथोचित रूपमा सूसुचित हुनु जरुरी छ। सुरक्षित, मर्यादित र शान्तिपूर्ण आवास राज्यको निगाह होइन, मानवमात्रको अधिकारको विषय हो भन्ने कुरालाई आत्मसात गर्न जरुरी छ।

सोही तथ्यलाई आत्मसात गरेर जबर्जस्ती निष्कासनबाट कानुनी, तथा नीतिगत संरक्षणको विषयमा सरोकारवालाहरूलाई सूसूचित गराउन र यससम्बन्धी पैरवीलाई प्रभावकारी बनाउन स्रोत पुस्तकको आवश्यकता महसुस हुँदै आएको थियो। त्यसै सन्दर्भमा नेपाल  महिला एकता समाज, एम्नेस्टी इन्टरनेसनल नेपाल, जुरी-नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आपसी सहकार्यमा यो पुस्तक प्रकाशनमा आएको छ।

यो महत्त्वपूर्ण स्रोत पुस्तक तयार गर्ने अधिवक्ता राजुप्रसाद चापागाई, भूमि अधिकारकर्मी जगत देउजा, अधिवक्ता विष्णु पोखेल, अधिवक्ता निराजन थपलिया तथा आवास अधिकारकर्मी भगवती अधिकारी एवं स्रोत पुस्तक तयारीको क्रममा ठोस सुझाव तथा सल्लाह उपलब्ध गराएर सहयोग पुर्याउने सबै विज्ञ तथा सरोकारवाला प्रति आभार।

प्रकाशक

# विषय सूचि


भूमिका क

**परिच्छेद एक स्रोत पुस्तकको परिचय १**

१.१ स्रोत पुस्तक किन? १

१.२ स्रोत पुस्तकको सन्दर्भ र पृष्ठभूमि? २

१.३ स्रोत पुस्तक कस्का लागि? ४

१.३.१ अधिकारकर्मी तथा नागरिक समाज ४

१.३.२ कानुन व्यवसायी तथा न्यायकर्मी ४

१.३.३ जोखिममा रहेका समुदाय र परिवार ४

१.३.४ कानुन कार्यान्वयन गर्ने निकायका पदाधिकारी ५

१.३.५ कानुन निर्माता तथा सांसद ५

१.३.६ विकास साझेदार ५

१.३.७ मिडिया ५

१.४ यो स्रोत पुस्तक भित्र के छ? ६

**परिच्छेद २ जबर्जस्ती निष्कासन के हो, के होइन ७**

२.१ केलाई आवासबाट जबर्जस्ती निष्कासन भनिन्छ? ७

२.२ कस्तो अवस्थामा आवासबाट निष्कासनलाई वैधानिक मानिन्छ? ८

२.३ आवासविहीनले सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिने कार्य र नियतवश सार्वजनिक वा सरकारी जग्गा हडप्ने वा अतिक्रमण गर्ने कार्य बीच के कस्तो भेद छ? ९

२.४ जबर्जस्ती निष्कासन हो वा होइन भनेर छुट्याउने आधारहरू के हुन्? १०

२.५ जबर्जस्ती निष्कासनले निष्कासित परिवार तथा व्यक्तिलाई कस्तो असर पार्छ? ११

२.६ जबर्जस्ती निष्कासनले महिला, बालबालिका, अपांगता भएका व्यक्तिलाई पर्ने खास किसिमको असर कस्तो हुन्छ? १२

२.७ जबर्जस्ती निष्कासनलाई किन मानवअधिकारको गम्भीर उल्लङ्घन मानिएको छ? १२

२.८ जबर्जस्ती निष्कासन एक, अधिकार उल्लङ्घन अनेक ! १३

**परिच्छेद तीन मानवअधिकारको रूपमा आवासको अधिकार १४**

३.१ मानवअधिकारको रूपमा आवासको हकलाई कसरी बुझ्ने? १४

३.२ आवासको हकका आयामहरू के के हुन्? १७

३.३ आवासको हकअन्तर्गत राज्यले के कस्तो मानवअधिकार दायित्व वहन गर्नु पर्छ? १९

३.४ आवासको हकलाई मान्यता दिने मुख्य अन्तर्राष्ट्रिय कानुनी मापदण्ड तथा सिद्धान्तहरू के के छन्? २२

३.५ अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डको पालना नेपालका लागि तजबिजी कि बाध्यात्मक? २४

**परिच्छेद चार जबर्जस्ती निष्कासनविरुद्ध संवैधानिक, कानुनी तथा नीतिगत संरक्षणका आयाम २७**

४.१ संविधानको प्रस्तावनाले राज्यलाई कसरी मार्गनिर्देशित गरेको छ? २७

४.२ जबर्जस्ती निष्कासनविरुद्ध मौलिक हकअन्तर्गत कस्ता प्रत्याभूतिहरू छन्, तिनलाई कसरी बुझ्ने? २८

४.३ राज्यको निर्देशक सिद्धान्तअन्तर्गत के कस्तो प्रबन्ध गरिएको छ र ती किन महत्त्वपूर्ण छन्? ३०

४.४ राज्यका कुन कुन नीतिअन्तर्गत के कस्ता प्राथमिकताहरू तोकिएका छन्? ३१

४.४.१ सोहौं योजना (आर्थिक वर्ष, २०८१/८२ देखि २०८५/८६) ३२

४.४.२ राष्ट्रिय आवास नीति, २०६८ ३२

४.४.३ राष्ट्रिय आवास योजना २०७१ ३३

४.४.४ राष्ट्रिय शहरी नीति २०६४ ३३

४.४.५ पूर्वाधार विकास आयोजनाका लागि जग्गा प्राप्ति, पुनर्वास तथा पुर्नस्थापनासम्बन्धी नीति, २०७१ ३३

४.४.६ मानवअधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना, (२०७७/२०७८ - २०८१/२०८२) ३५

४.४.७ राष्ट्रिय भूमि नीति, २०७५ ३६

४.५ आवासको हकसम्बन्धी ऐनले कस्तो संरक्षण दिएको छ? ३७

४.६ आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने अधिकारको कार्यान्वयन कसरी हुन्छ? ३८

४.७ ऐनले आवासबाट हटाउँदा के कस्ता शर्त बन्देजहरू पालना गर्नु पर्ने व्यवस्था गरेको छ र ती शर्तबन्देजलाई कसरी बुझ्ने? ३९

४.८ ऐनले अवासविहीन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउने सम्बन्धमा राज्यको के कस्तो दायित्व तोकेको छ? ४१

४.९ सुरक्षित आवासबाट वञ्चित व्यक्ति तथा परिवारको पहिचान कसरी, किन र कस्ले गर्ने? ४२

४.१० खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐनअन्तर्गत कस्तो कानुनी संरक्षण दिएको छ? ४३

४.११ स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारका के कस्ता दायित्वहरू सुम्पेको छ? ४४

४.१२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको सान्दर्भिकता के रहेको छ? ४४

४.१३ क्षेत्रगत कानुनहरूमा के कस्तो थप सुधारको आवश्यकता रहेको छ? ४५

४.१४ आवासको हकलाई प्रभाव दिने गरी सरकारका के कस्ता नीति तथा कार्यक्रमहरू प्रचलनमा छन्? ५३

**परिच्छेद पाँच भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोवासीको अधिकार ५४**

५.१ कानुनी रूपमा कस्तो व्यक्तिलाई भूमिहीन सुकुमवासी मानिएको छ? ५४

५.२ कस्तो व्यक्तिलाई कानुनले अव्यवस्थित बसोवासी भनि परिभाषित गरेको छ? ५६

५.३ भूमिहीन दलितलाई भूस्वामित्व सुनिश्चित गर्ने सम्बन्धमा कानुनमा कस्तो व्यवस्था गरिएको छ? ५६

५.४ कानुनले भूमिहीन सुकुमवासीलाई राज्यबाट केकस्तो हकाधिकार प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ? ५७

५.५ कानुनले अव्यवस्थित बसोवासीका के कस्ता हकअधिकार सृजना गरेको छ? ५९

५.६ भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको लगत लिने सम्बन्धमा कस्तो प्रबन्ध छ? ६०

५.७ भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको पहिचान र व्यवस्थापनको लागि कानुनले भूमि आयोगलाई कस्तो कार्यादेश दिएको छ? ६१

५.८ कानुनले आयोग र स्थानीय सरकारको बीचको समन्वय तथा जिम्मेवारी कस्तो प्रबन्ध गरेको छ? ६५

५.९ महिलाको भूमिमा पहुँचको प्रवर्द्धनका लागि कानुनमा के कस्तो व्यवस्था गरिएको छ? ६८

**परिच्छेद ६ जबर्जस्ती निष्कासनविरुद्ध कानुनी उपचार ७०**

६.१ उठीवासविरुद्ध कानुनी उपचारको हकलाई कसरी बुझ्ने? ७०

६.२ जबर्जस्ती निष्कासन रोक्न तथा त्यस विरुद्ध कानुनी उपचार दिलाउन के कस्ता न्यायिक जवाफदेहिताको संयन्त्रको उपयोग गर्न सकिन्छ? ७१

६.२.१ सर्वोच्च अदालत ७१

६.२.२ उच्च अदालत ७३

६.२.३ जिल्ला अदालत ७४

६.३ अदालतहरूले आवासको हकको कार्यान्वयन गराउन र जबर्जस्ती उठीवासलाई रोक्न कस्तो भूमिका खेलेका छन्? ७४

६.४ जबरर्जस्ती निष्कासनविरुद्ध न्यायिक उपचार दिलाउने सन्दर्भमा अन्य देशका न्यायालयले कसरी काम गरेका छन्? ७९

६.५ राष्ट्रिय मानवअधिकार आयोगले कस्तो भूमिका खेल्न सक्छ? ८०

६.६ मानवअधिकार आयोगबाहेकका अन्य आयोगहरूको भूमिका के हुन्छ? ८१

६.७ संसदीय निगरानी संयन्त्रले जबर्जस्ती विस्थापनबाट संरक्षण दिलाउन कसरी काम गर्न सक्छ? ८२

६.८ समितिहरूको निगरानीको लागि पीडितको उजुरी आवश्यक पर्छ वा स्वसक्रिय रूपमा पनि गर्न सक्दछन्? ८४

६.९ जबर्जस्ती विस्थापनविरुद्ध अन्तर्राष्ट्रिय निगरानीको कस्ता कस्ता माध्यम र संयन्त्रहरूको उपयोग गर्न सकिन्छ? ८४

६.१० न्यायिक उपचार दिलाउन नागरिक समाज र मिडियाले कस्तो भूमिका खेल्न सक्छन? ८५

**अनुसूचिः** **८७**

१. सकुमवासी परिवारको उठीवास सम्बन्धमा सूचना उपलब्ध गराइदिन मिति १३ मंसिर २०७९ मा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलाई लेखेको पत्र। ८७

२. अबिलम्ब आवासको अधिकार सम्बन्धी ऐन, २०७५को कार्यान्वयनका लागि नियमावली बनाएर लागु गर्न माग गर्दै मिति १७ माघ २०७९ मा सम्माननीय प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको ज्ञापन पत्र। ८९

३. जानुका पोखेल समेत विरुद्द काठमाण्डौ महानगरपालिका समेत भएको मुद्दा (थापाथली उठीवास सम्बन्धी) मा पाटन उच्च अदालतले जारी गरेको आदेश कार्यान्वयनका लागि उच्च अदालत पाटनले मिति २०८० मंशिर १० गते काठमाण्डौ महानगरलाई लेखेको पत्र। ९३

४. जानुका पोखेल समेतको मुद्दामा उच्च अदालत पाटनले अन्तरिम आदेश निरन्तर नराख्ने गरी मिति २०८० वैशाख १३मा जारी गरेको आदेश। ९५

५. जानुका पोखेल समेतको मुद्दामा उच्च अदालत पाटनले अन्तरिम आदेश निरन्तरता दिने गरी मिति २०८० वैशाख ४ मा जारी गरेको आदेश। ९७

६. जानुका पोखेल समेतको मुद्दामा उच्च अदालत पाटनले घरटहरा हटाउने गरी महानगरले जारी गरेको सूचना तत्काल कार्यान्वयन नगर्न जारी गरेको  मिति २०७९ चैत्र १७ को अन्तरकालीन आदेश। ९८

७. जुरी(नेपालका तर्फबाट राजुप्रसाद चापागाई समेत भएको मुद्दामा सर्वोच्च अदालतले चितवनको माडी स्थित कुशुमखोलामा भएको उठीवासको घटनाको स्थलगत अध्ययन गरेर प्रतिवेदन दिन चितवन जिल्ला अदालतले मिति २०७७ असौज १२ मा जारी गरेको आदेश। ९९

८. जुरी-नेपालका तर्फबाट राजुप्रसाद चापागाई समेत भएको मुद्दामा सर्वोच्च अदालतले अन्तिम फैसला नहुँदा सम्म चितवनको माडी स्थित कुशुमखोलामा रहेको वसोवास यथास्थितिमा राख्न २०७७ श्रावण १५ मा जारी गरेको आदेश। १००

९. सकुमवासी परिवारको उठीवास सम्बन्धमा मिति २७ मंसिर २०७९ मा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकासले उपलब्ध गराएको सूचना। १०२

१०. राजु प्रसाद चापागाई,  जगत देउजा,  भगवती अधिकारी र श्याम विश्वकर्माद्धारा लिखित विकल्पविहीन निष्कासन(नो नट अगेन विषयक लेख,  कान्तिपुर दैनिक,  १० पौष २०७९। १०६

११. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालमा आवद्ध २६ वटा नागरिक संघ संस्था तथा सञ्जालको तर्फबाट मिति २२ असार, २०७९मा जारी गरेको अपील। १२६

१२. स्रोत पुस्तक तयारीको सन्दर्भमा उपयोग गरिएका आवासको हक, भूमि अधिकार तथा सुरक्षित भूसम्बन्धसम्बन्धी महत्त्वपूर्ण सन्दर्भ सामग्रीहरू। १३२

# परिच्छेद एक
# स्रोत पुस्तकको परिचय

## १.१ स्रोत पुस्तक किन ?

नेपालको संविधान, अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं विधायिकी कानुनअन्तर्गत जबर्जस्ती निष्कासनबाट संरक्षित हुन पाउने अधिकार प्रत्याभूत छ। तर त्यो कानुनी संरक्षणको व्यवहारिक उपभोग चुनौतीपूर्ण बनेको छ। भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोवासी प्रतिको हेराइ समग्रमा नकरात्मक र अन्यायपूर्ण छ। आवासको जोहो गर्न नसकेर सार्वजनिक तथा सरकारी जग्गामा आश्रय लिएर बस्न बाध्य भएका नागरिकहरू विकल्पविहीन निष्कासन तथा उठीवासको त्रासमा बस्नुपर्ने अवस्था सृजना भएको छ। जबर्जस्ती निष्कासनबाट संरक्षणको दायित्व परिपालना गर्न सरकारलाई जवाफदेही बनाउन विभिन्न उपचार संयन्त्रहरूको साहारा लिन सकिन्छ। तर न्यायिक तथा गैरन्यायिक तहमा विद्यमान रहेका उपचार संयन्त्रहरूको रणनीतिक उपयोग कसरी गर्ने? यथाशक्य जबर्जस्ती निष्कासन अर्थात उठीवासलाई कसरी रोक्ने? रोक्न नसकेको अवस्थामा कसरी न्यायिक उपचार प्राप्त गर्ने? यी र यस्तै विषयमा मार्गनिर्देशित गर्ने सरल श्रोत सामग्रीको अभाव खट्किएको छ। त्यसै रिक्ततालाई पूर्ति गर्नु नै यस स्रोत पुस्तकको मुलभूत उद्देश्य हो। स्रोत पुस्तकका खास उद्देश्यहरू निम्न रहेका छन्ः-

१) *जबर्जस्ती निष्कासनको जोखिममा रहेका नागरिक तथा अन्य सरोकारवालाहरू बीच कानुनी सचेतना जगाउन मद्दत गर्ने।*

२) *जबर्जस्ती निष्कासनविरुद्ध कानुनी संरक्षण तथा आवासको अधिकारको सम्मान, प्रवर्द्धन तथा कार्यान्वयनका सन्दर्भमा नागरिक समाजको भूमिका बढाउने।*

३) *जबर्जस्ती निष्कासन विरुद्ध विद्यमान जवाफदेही संयन्त्रहरूको रणनीतिक उपयोगलाई प्रवर्द्धन गर्ने।*

४) *पीडितलाई कानुनी उपचार खोज्न तथा दिलाउनका लागि सहयोग पुर्याउने।*

५) *जबर्जस्ती निष्कासन विरुद्ध सूसुचित बहस, छलफल र पैरवीलाई प्रवर्द्धन गर्ने।*

## १.२ स्रोत पुस्तकको सन्दर्भ र पृष्ठभूमि?

नेपालमा आवासविहीनता तथा भूमिको पहुँच र स्वामित्वबाट वञ्चितिको समस्या लामो समयदेखि विद्यमान छ। यो समस्यालाई राज्यको पुर्वाग्रही व्यवहारले पनि बढावा दिँदै आएको छ। अहिले पनि जनसङ्ख्याको ठूलो हिस्सा आवासमा पहुँचबाट वञ्चित छ।

बहुआयामिक गरिबी सूचकाङ्क (Multidimensional Poverty Index) का अनुसार जनसङ्ख्याको १७.५ प्रतिशत बहुआयामिक गरिबीको अवस्थामा बाँच्न बाध्य छ। त्यसका अतिरिक्त १७.८ प्रतिशत जनसङ्ख्या बहुआयामिक गरिबीको जोखिममा छ।[१] पन्ध्रौ पञ्चवर्षीय योजनाले वि.सं २०७५/७६ मा सुरक्षित आवासमा बसोवास गर्ने जनसङ्ख्या ४० प्रतिशत रहेको र त्यसलाई पञ्चवर्षीय योजनाको अन्त्य अर्थात २०८०/८१ सम्ममा दोब्बर पारी ६० प्रतिशत पुर्याउने लक्ष्य लिएको थियो। यसको अर्थ अहिले पनि जनसङ्ख्याको ठूलो हिस्सा सुरक्षित आवासबाट वञ्चित भएर बाँच्नु परेको देखिन्छ। यसैगरी आफ्नो स्वामित्वको जग्गामा बनेको आवासमा बसोवास गर्ने जनसंख्या आधार वर्ष २०७५/७६ मा ८५.३% रहेकोमा त्यसलाई बढाएर योजनाको अन्त्य अर्थात् २०८०/८१ सम्ममा ८९% पुर्याउने लक्ष्य राज्यले लिएको छ।[२]

[१] UNDP, Multidimensional Poverty Index 2022 Unpacking deprivation bundles to reduce multidimensional poverty, Briefing note for countries on the 2022, Multidimensional Poverty Index Nepal.

[२] पन्ध्रौं पञ्चवर्षिय योजना (२०७५/७६ देखी २०८०/८१)। https://npc.gov.np/images/category/infographics.pdf

गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षासमेतका आधारभूत आवश्यकताको सहज परिपूर्तिकै अभिलाषाले विपन्न तथा सीमान्तकृत समुदायका नागरिक विगतमा भएका सशस्त्र जनयुद्ध, पटक-पटकका राजनीतिक तथा सामाजिक आन्दोलनमा होमिएका थिए। नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले सशस्त्र सङ्घर्ष घोषणा गर्नु अगाडि सरकारलाई पेश गरेको चालिस बुँदे माग पत्रमा तत्कालीन संयुक्त जनमोर्चाले आवास र जनजीविका सुरक्षाको सवाल महत्त्वपूर्ण रूपमा उठाएको थियो।

*बुँदा नम्बर ३१: सुकुमवासीहरूलाई बसोवासको उचित व्यवस्था गर्नुपर्ने तथा वैकल्पिक व्यवस्था नगरी सुकुमवासीहरूलाई उठिवास लगाउन नहुने।*

*बुँदा नम्बर ३२: गरिब किसानहरूलाई बसोवासको उचित व्यवस्था गर्नुपर्ने, कृषि विकास बैंकबाट साना किसानहरूले लिएको ऋण मिनाहा हुनुपर्ने।*

यही सन्दर्भमा संविधानले पनि आवासको हक लगायतका अन्तरसम्बन्धीत आर्थिक सामाजिक हकहरू प्रत्याभूत गर्दै आएको छ। कतिपय नीति तथा कानुनहरू बनेका पनि छन्। तर तिनको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। विपन्न, भूमिहीन, सीमान्तकृत तथा महिलाहरूको आवास तथा भूमिमा पहुँच चुनौतीपूर्ण छ।[३] कतिपय आवासविहीनहरूमा त्यस्ता हकअधिकारको बारेमा सचेतनाको अभाव पनि छ। त्यसैगरी यी अधिकारहरू प्रचलनयोग्य हुन् भन्ने बुझाइ कर्तव्यधारकहरूमा विकसित हुन सकेको छैन।[४] संवैधानिक प्रत्याभूतिको ठिक विपरित स्थानीयदेखि संघ सम्मका राज्यका निकायहरूले नागरिकलाई जबर्जस्ती निष्कासनको पीडा भोग्न वा जोखिम वा त्रासमा जिउन बाध्य पारेको देखिन्छ। यस्तो प्रवृत्तिको अन्त्यका लागि जवाफदेहिताको संस्कृति प्रवर्द्धन गर्न आवश्यक भएको छ।

[३] "पर्याप्त आवासको हक र सुरक्षित भूमिसम्बन्धी नीतिगत पुनरावलोकन तथा संयुक्त पैरवीको रणनीति निर्माण" विषयक परामर्श बैठक, २ फाल्गुण २०७९।

[४] राजुप्रसाद चापागाई, संविधान दिवसः चुनौतीको भूमरीमा आर्थिक र सामाजिक हक, ईकान्तिपुर, https://ekantipur.com/bibidha/2022/09/19/166356668043514087.html

## १.३ स्रोत पुस्तक कस्का लागि ?

यो स्रोत पुस्तक आवासको अधिकार तथा भूमिमा पहुँच र स्वामित्वको अधिकार लागायतका मानवअधिकार उल्लङ्घनको रोकथाम तथा उल्लङ्घनविरुद्ध न्यायिक तथा गैर न्यायिक उपचार खोजी गर्ने उपायहरूको पथप्रदर्शक हो। यसबाट निम्नानुसारका सरोकारवालाहरू लाभान्वित हुन सकुन् भन्ने अपेक्षा गरिएको छ:

### १.३.१ अधिकारकर्मी तथा नागरिक समाज

जबर्जस्ती निष्कासनसँग जोडिएका विभिन्न विषयहरूलाई रणनीतिक पैरवी गर्न चाहने अधिकारकर्मी तथा नागरिक समाजका सदस्यहरूका लागि यो सबैभन्दा बढी उपयोगी हुने अपेक्षा गरिएको छ। यसले यस विषयमा क्रियाशील रहिआएका सामाजिक न्यायको क्षेत्रमा कार्य गर्दै आएका र यसमा चासो राख्ने अधिकारकर्मीहरूलाई अझै संगठित, योजनाबद्ध र अनुसन्धानमूलक तरिकाले लाग्न यो सामग्री बढी उपयोगी हुने आशा छ।

### १.३.२ कानुन व्यवसायी तथा न्यायकर्मी

जबर्जस्ती उठीवासको विषय परम्परागत मानवअधिकार उल्लङ्घनका विषय भन्दा भिन्न प्रकृतिको हुन्छ। यसले व्यक्ति, परिवार र समुदायलाई वहुआयामिक प्रभाव पार्दछ। यस्ता विषयमा यथोचित रूपमा कानुनी राय सल्लाह दिन, कानुनी उपचार खोज्न तथा दिलाउन कानुन व्यवसायी तथा न्यायकर्मीका लागि यो पुस्तक विशेष सहयोगी हुन सक्छ।

### १.३.३ जोखिममा रहेका समुदाय र परिवार

स्रोत पुस्तकको उपयोगबाट जोखिममा रहेका परिवार तथा समुदायसमेत लाभान्वित हुने अपेक्षा गरिएको छ। खासगरी यसको अध्ययनबाट कानुनी रूपमा सचेत हुने, स्थानीयदेखि संघीय तहसम्मका जिम्मेवार निकायहरूसँग छलफल गर्न, आफ्ना कुरा आधार कारण सहित राख्न, अधिकारमूखी दृष्टिकोणबाट प्रस्तुत हुन पुस्तक उपयोगी हुनेछ।

### १.३.४ कानुन कार्यान्वयन गर्ने निकायका पदाधिकारी

भूमि तथा आवासको अधिकार संरक्षणका लागि बनेका कानुनको कार्यान्वयनतर्फ कानुन कार्यान्वयन गर्ने स्थानीयदेखि संघीय तहसम्मका निकाय र पदाधिकारीलाई सजग र सचेत पार्न पनि स्रोत पुस्तकले मद्धत गर्ने अपेक्षा गरिएको छ। उनीहरूमा जति सचेतता बढ्छ, त्यति जबर्जस्ती निष्कासनको रोकथाम गर्न र मानवअधिकारमुखी अवधारणाको व्यवहारिक कार्यान्वयनमा मद्धत पुग्दछ। नागरिक पीडित हुन नदिने अवस्था सृजना गर्न यससम्बन्धी छरिएर रहेका कानुन र नीतिको सङ्गोपाङ्गो जानकारीले कानुन कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्ने अपेक्षा लिइएको छ।

### १.३.५ कानुन निर्माता तथा सांसद्

आवास तथा भूमिसम्बन्धी सरोकारका विषय समावेश भएका कानुन निर्माण तथा संशोधनमा रचनात्मक भूमिका खेल्नका लागि पनि यो स्रोत पुस्तकको अध्ययनले उत्प्रेरित गर्ने अपेक्षा गरिएको छ। साथै यस विषयको कानुनी गाम्भीर्यता बुझेर स्थानीय तहहरूले सकारात्मक भूमिका खेल्ने तथा प्रदेश र संघीय तहका संसदीय समितिहरूले निगरानीको काम गर्ने, सम्बन्धीत निकायहरूलाई जवाफदेही बनाउने सन्दर्भमा पनि यसको उपयोगिता रहन सक्छ।

### १.३.६ विकास साझेदार

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको क्षेत्रमा काम गर्ने विकास साझेदारहरूका लागि पनि यो सहयोगी सामग्री हो। उनीहरूले यस पुस्तकबाट नेपालको कानुनी तथा नीतिगत पक्ष र त्यसको कार्यान्वयनसम्बन्धी चुनौतीको बारेमा सूसुचित हुन सक्छन्। त्यस्ता विषयहरूलाई आफ्नो काम तथा कार्यक्रममा मूलप्रवाहिकृत गर्ने सन्दर्भमा पनि यो उपयोगी हुन सक्छ।

### १.३.७ मिडिया

यो स्रोत पुस्तकको अध्ययन तथा प्रयोगमार्फत मिडियाकर्मीले जबर्जस्ती उठीवासका बारेमा आधारभूत कानुनी ज्ञान प्राप्त गर्न सक्नेछन्। यस सम्बन्धी

सबै कानुनी तथा नीतिगत पाटाहरूका बारेमा सुसूचित भएर मिडियाको भूमिकालाई गुणस्तरीय बनाउन यो पुस्तक सहयोगी बन्ने अपेक्षा गरिएको छ।

## १.४ यो स्रोत पुस्तक भित्र के छ ?

स्रोत पुस्तकमा छ परिच्छेद छन्।

१. पहिलो परिच्छेद परिचायक रहेको छ। स्रोत पुस्तक किन, कसका लागि र यसमा के के कुरा समेटिएको छ भन्ने कुरा यहाँ जानकारी दिइएको छ।

२. दोस्रो परिच्छेदमा जबर्जस्ती निष्कासन के हो र के होइन भन्ने बारेमा अवधारणागत रूपमा स्पष्ट पार्ने प्रयास गरिएको छ।

३. तेस्रो परिच्छेदमा मानवअधिकारअन्तर्गत आवासको अधिकारको हैसियत एवं यो अधिकार र अन्य अधिकार बीचको अन्तरसम्बन्धका बारेमा चर्चा गरिएको छ।

४. चौथो परिच्छेदमा जबर्जस्ती निष्कासनविरुद्ध संवैधानिक, कानुनी तथा नीतिगत संरक्षणका आम विषयमा चर्चा गरिएको छ। यस सन्दर्भमा लागु हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी प्रबन्धहरू बारेको जानकारी समेटिएको छ।

५. परिच्छेद पाँच भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको अधिकार बारेको बुझाइमा केन्द्रित छ। उनीहरूको अधिकारको मान्यता तथा संरक्षणका विभिन्न आयामहरूको बारेमा चर्चा गरिएको छ।

६. छैटौं परिच्छेदमा जबर्जस्ती निष्कासनविरुद्ध न्यायिक (जस्तै सर्वोच्च, उच्च र जिल्ला अदालतको रिट क्षेत्राधिकारको प्रयोग) र गैरन्यायिक (मानवअधिकार आयोगहरू, संसदीय समितिको उपयोग) बारे चर्चा गरिएको छ। यस्तो क्षेत्राधिकारअन्तर्गत के कस्तो कानुनी उपचारको व्यवस्था छ र त्यसबाट कानुनी उपचार लिने के कति सम्भावना हुन्छ भन्ने बारेमा समेत मार्गचित्र दिन खोजिएको छ।

# परिच्छेद २
# जबर्जस्ती निष्कासन के हो, के होइन

## २.१ केलाई आवासबाट जबर्जस्ती निष्कासन भनिन्छ ?

वासस्थानबाट जबर्जस्ती निष्कासन के हो भनेर विचार गर्नु भन्दा अगाडि आवास केलाई मान्ने भन्ने कुरामा विचार गर्नु महत्त्वपूर्ण छ। मानिस बसोवास गर्न बनाइएका औपचारिक वा अनौपचारिक, स्थायी वा अस्थायी, पक्कि वा कच्चि सबै प्रकृतिका संरचनाहरू आवास भित्र पर्दछन्। आवासको बारेमा नेपालको कानुनमा विभिन्न ठाउँमा परिभाषित गरिएको छ। खासगरी आफू र परिवारको सदस्यले रात बिताउने, चुलो बालेर खाना पकाउने, आफ्नो र परिवारको सुरक्षाको लागि आश्रय लिने जुनसुकै ठाउँ आवास हो। सार्वजनिक तथा सरकारी जग्गामा पाल टाँगेर बसेको छ भने पनि त्यो उसको लागि आवास नै हो।

कुनै पनि व्यक्तिलाई कानुनी प्रकृया पूरा नगरीकन, वैकल्पिक आवासको सुनिश्चित नगरिकन वा आवासविहीनताको जोखिममा धकेल्ने गरी वासस्थानबाट उठाउने कार्य नै जबर्जस्ती निष्कासन हो। यस्तो निष्कासन मानवअधिकारको दृष्टिले वर्जित छ।

***३०२. अरूको आवासमा अनधिकृत प्रवेश गर्न नहुने:***

*(१) कानुनबमोजिम अधिकार प्राप्त अधिकारी वा निजको आदेशले बाहेक कसैले अरूको घरमा सम्वन्धित घरधनीको स्वीकृति बिना अनधिकृत रूपमा प्रवेश गर्न, घरधनी वा निजको परिवारको गोप्यता भंग गर्न वा त्यस्तो घरको खानतलासी गर्न वा गराउन हुदैंन।*

*स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि घर भन्नाले कुनै व्यक्तिले बसोवास गरेको घर, निवास, आवास, कोठा सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिले रात बिताउने गरी बसेको होटल कोठा, शिविर र पाल समेतलाई जनाउँछ।*

*(२) उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद वा तीस हजार रुपैया सम्म जरिवाना वा दुवै सजाय हुनेछ।*

*(स्रोतः मुलुकी फौजदारी संहिता, दफा ३०२।)*

## २.२ कस्तो अवस्थामा आवासबाट निष्कासनलाई वैधानिक मानिन्छ ?

त्यस्तो आवासबाट निष्कासन वैधानिक हुन्छ जुन कानुनको सारभूत उद्देश्य पुरा गर्नका लागि गरिएको हुन्छ। उद्देश्य कानुनी हुँदैमा पनि त्यो निष्कासन वैधानिक हुँदैन। यसले केही निश्चित विधि र प्रकृया पनि पुरा गरेको हुनु पर्छ। नेपालको संविधान, नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र त्यसअन्तर्गत विकसित सिद्धान्त तथा मापदण्डहरू र नेपालको प्रचलित कानुनसमेतमा केही त्यस्ता विधि प्रकृया तय गरिएका छन् जसको पूर्ण पालना अनिवार्य हुन्छ। एक अर्कासँग अन्तर्सम्बन्धित त्यस्ता विधि तथा प्रकृयाहरू निम्नानुसार छन् :

बसोवास रहेको आवास वा भूसम्बन्धको अवस्था जेसुकै भए पनि कसैलाई पनि वैकल्पिक व्यवस्था नगरिकन निष्कासन गर्ने वा आवासविहीन अवस्थामा पुर्याउने वा आवासविहीनताको जोखिममा पुर्याउने गरी जबर्जस्ती निष्कासन गर्न नेपालले स्वीकारेका अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वले दिँदैन। कारणवश वासस्थानबाट निष्कासन गर्नुपर्यो भने पूर्वपरामर्श, पूर्वसूचना, बसोवासको वैकल्पिक व्यवस्था तथा क्षतिपूर्तिसमेतको सर्त बन्देजहरूको पालना गर्नुपर्ने कुरा संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशक सिद्धान्तका रूपमा स्थापित भइसकेका छन्। 'विकासमा आधारित विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त तथा मार्गनिर्देशन, २००७' ले विकल्प दिएर न्यायोचित रूपमा मात्रै वासस्थानबाट हटाउने कुरालाई अनुमति दिन्छ। जबर्जस्ती निष्कासन अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत मात्रै होइन नेपाल पक्ष भएको जेनेभा महासन्धि (सन् १९४९) लगायतका मानवीय कानुनद्वारा समेत निषेधित गम्भीर उल्लङ्घनको कार्य हो। चाहे युद्धको समय होस् वा सङ्कटकाल वा शान्तिको समय नै किन नहोस्, कहिल्यै पनि वासस्थानलाई जानाजान नष्ट पार्ने र परिवारहरूलाई बिचल्ली पार्ने कार्य क्षम्य हुँदैन।

*जबर्जस्ती निष्कासन अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत मात्रै होइन नेपाल पक्ष भएको जेनेभा महासन्धि (सन् १९४९) लगायतका मानवीय कानुनद्वारा समेत निषेधित गम्भीर उल्लङ्घनको कार्य हो। चाहे युद्ध को समय होस् वा सङ्कटकाल वा शान्तिको समय नै किन नहोस्, कहिल्यै पनि वासस्थानलाई जानाजान नष्ट पार्ने र परिवारहरूलाई बिचल्ली पार्ने कार्य क्षम्य हुँदैन।*

आवासको हकको संवैधानिक प्रत्याभूतिलाई कार्यान्वयन गर्न बनेको आवासको अधिकारसम्बन्धी ऐन, २०७५ अस्तित्वमा छ। ऐनको दफा ३ (१) र (३) ले आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व तीनै तहका सरकारले पालना गर्नुपर्ने गरी बाध्यकारी व्यवस्था गरेको छ। ऐनको दफा ३ (ख) अन्तर्गत 'आवासको अभावमा जीवन जोखिममा रहने खतराबाट सुरक्षित रहने' अधिकार प्रत्याभूत छ। विकल्पविहीन निष्कासनले 'आवासको अभावमा जीवन जोखिममा रहने खतरा' सिर्जना गर्नेमा कुनै विवाद छैन। साथै दफा ५(४) ले पूर्वपरामर्श, पूर्वसूचना संप्रेषण, हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान, हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारीको रोहवर, समयको उपयुक्तता तथा ज्येष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, अशक्त, गर्भवतीलाई उचित ध्यान दिएर मात्रै निष्कासनको प्रक्रिया अगाडि बढाइने प्रत्याभूति दिएको छ। उपरोक्त कानुनी शर्तबन्देजको अधिनमा रहेर कसैलाई पनि आवासविहीनताको जोखिममा नधकेल्ने गरी विकल्प नहुनेलाई विकल्प दिएर गरिएको निष्कासन मात्रै वैधानिक हुन्छ।

## २.३ आवासविहीनले सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिने कार्य र नियतवश सार्वजनिक वा सरकारी जग्गा हडप्ने वा अतिक्रमण गर्ने कार्य बीच के कस्तो भेद छ ?

आफू र आफ्नो परिवारको लागि चाहिने आवासको लागि अरू कुनै विकल्प नभएर सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिनु सार्वजनिक वा सरकारी जग्गाको अतिक्रमण होइन। अतिक्रमण लोभ वा लालचामा आधारित हुन्छ। आश्रय लिने

कुरा व्यक्तिको आधारभूत आवश्यकतामा आधारित हुन्छ। यदि कुनै नागरिक सार्वजनिक वा सरकारी स्थानको आश्रय नलिने हो भने आवासविहीन र परित्यक्त हुने अवस्था हुन्छ। त्यस्तो अवस्थाबाट बचाउने जिम्मेवारी राज्यको हुन्छ।

विपदमा परेर आवास गुमाएकालाई कुनै सरकारी वा सार्वजनिक स्थानमा लगेर राज्यले अन्तरिम रूपमा आश्रय दिएको हुन्छ। त्यसैगरी चरम गरिबी, बेरोजगारी वा कुनै प्रकृतिको हिंसा, विभेदको कारण आवासविहीनताको जोखिममा पुगेका व्यक्ति तथा परिवारलाई पनि राज्यले संरक्षण दिनु पर्दछ। जोखिममा परेका जनताहरूलाई पहिचान गरेर संरक्षण पनि नदिने र उनीहरूले सुरक्षित र शान्तिपूर्ण वासस्थानका लागि अपनाएको बाध्यकारी उपाय प्रति पनि असहिष्णु हुने र त्यसलाई मान्यता नदिने गर्न मिल्दैन। मानवअधिकारको सम्मान गर्ने दायित्व अनुसार राज्यले आफ्नै व्यवहारद्वारा नागरिक तथा कुनै व्यक्तिलाई उसको जीवनमा विपद निम्त्याउने कार्य गर्न मिल्दैन।

## २.४ जबर्जस्ती निष्कासन हो वा होइन भनेर छुट्याउने आधारहरू के हुन्?

संविधान, अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व एवं विधायिकी कानुन र विकसित विधिशास्त्र समेतको प्रकाशमा हेर्दा निम्न आधारमा कुनै पनि निष्कासनलाई जबर्जस्ती निष्कासन हो वा होइन भनेर छुट्याउन सकिन्छः-

- *कुनै कानुनले सम्बन्धित निकायलाई वासस्थानबाट निष्कासन गर्ने अख्तियारी दिएको छ वा छैन?*
- *निष्कासन थाल्नु पहिले प्रभावित परिवारसँग सुसूचित परामर्श गरिएको छ वा छैन?*
- *पूनर्वासको योजना बनाउँदा सम्बन्धित व्यक्ति तथा परिवारलाई सोधेर उसको आवश्यकता के कसरी सम्बोधन हुन सक्छ भन्ने बारेमा छलफल र परामर्श गरिएको छ वा छैन?*

- *निष्कासनका कारण आवासविहीन हुने अवस्था रहेछ भने आवासविहीनताबाट बचाउनका लागि वैकल्पिक आवास सुनिश्चित गरिएको छ वा छैन?*
- *निष्कासनका कारण परिवारको जीविकोपार्जनका आधारबाट विमुख हुने अवस्था रहेछ भने जीविकोपार्जनको वैकल्पिक आधार सुनिश्चित गरिएको छ वा छैन ?*
- *निष्कासन गर्नु पूर्व वासस्थान छाडेर जानका लागि पर्याप्त समय दिइएको छ वा छैन ?*
- *निष्कासनबाट महिला, ज्येष्ठ नागरिक, वालबालिका, अपांगता भएका व्यक्ति समेतलाई पर्ने असमानुपातिक असरको आङ्कलन गरी त्यसलाई सम्बोधन गरिएको अवस्था छ वा छैन ?*
- *निष्कासनको काम प्रतिकूल समय (रात, खराब मौसम वा अन्य कुनै अवस्था)मा गरिएको छ वा छैन ?*
- *निष्कासनको बेलामा आधिकारिक निकाय तथा पदाधिकारीको उपस्थिति रहेको छ वा छैन ?*

## २.५ जबर्जस्ती निष्कासनले निष्कासित परिवार तथा व्यक्तिलाई कस्तो असर पार्छ?

विधिसम्मत वा वैधानिक तरिकाले वासस्थानबाट निष्कासन गर्ने कुरा मान्य हुने भएपनि जबर्जस्ती निष्कासनले मानवअधिकार कानुन र सिद्धान्तअन्तर्गत मान्यता पाउँदैन। यसले निष्कासित व्यक्ति तथा परिवारको जीवनमा विपद् ल्याउँछ। व्यक्ति र परिवारको शान्ति भंग पार्छ। पारिवारिक जीवनमा खैलाबैला निम्त्याउँछ। मानवीय र मर्यादायुक्त जीवनयापनमा तगारो हाल्छ। यसले समाजमा असमावेशिता र बहिष्करण बढाउँछ।

संगसंगै रोजगारी, शिक्षा, स्वास्थ्य, गोपनीयता, अविभेद र समानता लगायतका आर्थिक, सामाजिक, नागरिक तथा राजनीतिक अधिकारहरूको उल्लङ्घन गर्छ। युद्धकालमा समेत सर्वसाधारण नागरिकको आवास लगायतका सम्पत्तिको सुरक्षा युद्धरत पक्षको दायित्वको विषय बन्दछ। त्यसो नगर्दा अन्तर्राष्ट्रिय मानवीय कानुनको समेत उल्लङ्घन हुन पुग्दछ। तसर्थ जबर्जस्ती विस्थापनलाई एउटा गम्भीर उल्लङ्घन मानिएको हो।

## २.६ जबर्जस्ती निष्कासनले महिला, बालबालिका, अपांगता भएका व्यक्तिलाई पर्ने खास किसिमको असर कस्तो हुन्छ?

जबर्जस्ती निष्कासनको असर सबैलाई एकनासको हुन्छ भन्ने छैन। व्यक्तिको शारिरीक, मानसिक, सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थाअनुसार असमानुपातिक असर पुग्न जान्छ। महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसङ्ख्यकले जबर्जस्ती निस्कासनको असरलाई फरक ढङ्गले अनुभूत गर्न सक्छन्। तसर्थ निष्कासनको समष्टिगत प्रकृयामा लैंगिक तथा सामाजिक समावेशी दृष्टिकोणलाई मूलप्रवाहिकृत गर्न जरुरी हुन्छ। उनीहरूलाई पर्ने असर कसरी न्यून गर्ने र उनीहरूका विशेष आवश्यकतालाई कसरी सम्बोधन गर्ने भन्ने कुरा पूर्ववत रूपमा परामर्शको आधारमा तय गरेर योजनामा समावेश गर्नु पर्दछ। त्यसै अनुरूप कार्यान्वयन गर्नु पर्दछ।

## २.७ जबर्जस्ती निष्कासनलाई किन मानवअधिकारको गम्भीर उल्लङ्घन मानिएको छ?

व्यक्तिको ज्युज्यान लिने, गम्भीर मानसिक तथा शारिरीक आघात पुर्याउने वा व्यक्तिको जीवनयापनलाई  नै संकटग्रस्त बनाउने खाले उल्लङ्घनहरू नै गम्भीर प्रकृतिका उल्लङ्घन हुन्। जबर्जस्ती विस्थापनले व्यक्ति र परिवारको जीवनमा नै गम्भीर संकट तथा विपद् ल्याउँछ। त्यसैले यसलाई गम्भीर उल्लङ्घनको कोटिमा राखिएको हो।

## २.८ जबर्जस्ती निष्कासन एक, अधिकार उल्लङ्घन अनेक !

जबर्जस्ती निष्कासनको अवस्था, परिवेश र प्रकृति हेरेर के कस्ता हक अधिकारहरू उल्लङ्घन हुन्छन् भनेर निक्यौंल गर्न सकिन्छ। मूलतः जबर्जस्ती निष्कासनले देहायका अधिकारहरू उल्लङ्घन हुन्छन् भन्ने मानिन्छ :

| *उल्लङ्घन हुने हक* | *उल्लङ्घनको प्रकृति* |
|---|---|
| (१) *आवासको हक।*<br>(२) *सम्पत्तिको हक।*<br>(३) *खाद्यको अधिकार।*<br>(४) *जीवनको अधिकार।*<br>(५) *वैयक्तिक स्वतन्त्रताको हक।*<br>(६) *गोपनीयताको हक।*<br>(७) *समानता तथा अविभेदको हक।*<br>(८) *रोजगारीको हक।*<br>(९) *शिक्षाको हक।*<br>(१०) *स्वास्थ्यको हक।*<br>(११) *साँस्कृतिक जीवनमा सहभागी हुने हक।* | • *आवासविहीनताको जोखिम सृजना गर्ने।*<br>• *आफ्नो नीजि सम्पत्ति उपभोग बाट वञ्चित गर्ने।*<br>• *जीविकोपार्जनका आधारबाट विमुख पारेर आफ्नो र परिवारको लागि।*<br>• *आवासविहीनताको अवस्थामा जीवनयापन कष्टकर बन्दछ र जीवनको अधिकार खोसिन्छ।*<br>• *जबर्जस्ती निस्कासन परिवारको गोपनीयता, जुन संविधानले संरक्षण गरेको छ, माथिको अतिक्रमण पनि हो।*<br>• *बसेको ठाउँबाट हठात हट्नु पर्दा जीवन धान्न गर्दै आएको रोजगारी वा स्वरोजगारको अवसरबाट पनि विमुख हुनु पर्ने अवस्था सृजना हुन्छ।*<br>• *निष्कासनले पीडित परिवारलाई मानसिक पीडा दिन्छ र आवासविहीनताको जोखिमले शारिरीक स्वास्थ्य पनि प्रभावित हुन्छ। गर्भवती महिला, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिको स्वास्थ्यामा असमानुपातिक क्षति पुग्दछ।*<br>• *बर्षौं बसेको ठाउँ छाडनु पर्दा परिवारको सामाजिक, सांस्कृतिक र धार्मिक जीवनमा पनि नकारात्मक असर पार्छ।* |

# परिच्छेद तीन
# मानवअधिकारको रूपमा आवासको अधिकार

**२.२.२.२२ आवास सम्बन्धी हक**

खाद्यान्न, लत्ता कपडा र आवास मानव जीवन निर्वाहका लागि आधारभूत आवश्यकताका रुपमा रहेका हुन्छन् । भोक मेटाउनका लागि आवश्यक पर्ने खाद्यान्नले मात्र मानिसले प्राण रक्षा गर्न नसक्ने भएकाले शरीर ढाक्नको लागि लत्ता कपडा पनि उत्तिकै जरुरी हुन्छ साथै जीवनलाई सुरक्षित राख्नका लागि घर अर्थात आवास अति आवश्यक हुन्छ । खाद्यान्न, लगाउने लुगा र बस्ने बासको अभावमा मानिसले आफ्नो शरीर रक्षा गर्न नसक्ने हुँदा बस्ने बास सहित शिक्षा, स्वास्थ्य, आय आर्जनका अवसरको प्राप्ति भएमा सम्मानपूर्वक बाँच्न पाउने हकको सार्थक प्रत्याभूति हुन सक्छ ।

*स्रोतः संविधान सभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिको अवधारणापत्र।*

## ३.१ मानवअधिकारको रूपमा आवासको हकलाई कसरी बुझ्ने?

आवासविहीनतालाई रोक्ने र सबैलाई पर्याप्त आवासको प्रत्याभूति दिने कुरा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनी दायित्व हो। नेपालले यो दायित्व स्वीकारेको छ। मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ ले आवासको अधिकारलाई पर्याप्त जीवनस्तरको अधिकारको रूपमा मान्यता दिएको छ। यसलाई पछि नेपालसमेत पक्ष भएका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, बालअधिकारसम्बन्धी महासन्धि, सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिहरूमा पनि स्थान दिइएको छ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा ११ (१) मा प्रत्येक व्यक्ति र निजको परिवारको आवास सहित पर्याप्त जीवनस्तरको अधिकारलाई प्रत्याभूत गरिएको छ। सन्धिको व्याख्या गर्ने तथा परिपालनाको अनुगमन गर्ने जिम्मेवारी भएको राष्ट्रसंघीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितिले यस अधिकारको अर्थ र दायरालाई थप स्पष्ट पारेको छ। समितिले आवासको अधिकारलाई केबल एउटा छाना मुनी आश्रय पाउने कुरा जस्तो गरी सङ्कुचित व्याख्या गर्न मिल्दैन भनेको छ। पर्याप्त आवासको अधिकारको सुनिश्चितताका लागि यसका सातैवटा अन्तर्वस्तुहरू (जसको बारेमा

तल चर्चा गरिएको छ) लाई सन्तुष्ट पार्नुपर्ने औँल्याएको छ। साथै वृद्ध, बालबालिका, शारीरिक अपाङ्गता भएका व्यक्तिहरू, दीर्घ रोगी, एचआइभी सङ्क्रमित व्यक्तिहरू, दीर्घकालीन स्वास्थ्य समस्यामा परेका व्यक्तिहरू, मानसिक बिरामीहरू, प्राकृतिक प्रकोपबाट पीडित तथा प्राकृतिक प्रकोपको जोखिममा रहेका व्यक्तिहरू लगायतका सूविधाविहीन समूहहरूलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिएको छ। समितिले आवाससम्बन्धी कानुन र नीतिहरूले यस्ता समूहहरूको आवाससम्बन्धी विशेष आवश्यकता सम्बोधन र भूमिहीन र विपन्न सुमदायको भूमिमाथिको पहुँच अभिवृद्धि गर्नु पर्ने जनाएको छ।

समितिको सामान्य टिप्पणि नं. ७ (१९९७) ले जबर्जस्ती निष्कासनबाट संरक्षण पनि आवासको अधिकारअन्तर्गत समाहित भएको स्पष्ट पारेको छ। बसोवास रहेको जमिनको स्वामित्व वा भूसम्बन्धको अवस्था जेसुकै भए पनि कसैलाई पनि वैकल्पिक व्यवस्था नगरिकन निस्कासन गर्ने वा आवसविहीन अवस्थामा पुर्याउने वा आवासविहीनताको जोखिममा पुर्याउने गरी जबर्जस्ती निष्कासन गर्न पाइदैन भनेको छ। अपवादको रूपमा वासस्थानबाट निष्कासन गर्नु पर्यो भने पूर्व परामर्श, पूर्व सूचना, बसोवासको वैकल्पिक व्यवस्था तथा क्षतिपूर्ति समेतको शर्त बन्देजहरूको पालना गर्नु पर्ने कुरा संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशक सिद्धान्तको रूपमा स्थापित भइसकेका छन्।

यस सन्दर्भमा नेपाल पक्ष भएका अन्य सन्धि सम्झौताले पनि परिपूरकको भूमिका खेल्छन्। जस्तै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा २ (२) ले आवासको अधिकार लगायत सबै आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सन्दर्भमा विभेदलाई निषेध गर्दछ। महिला अधिकारसम्बन्धी महासन्धिले आवास लगायतको अधिकारको सन्दर्भमा महिलालाई विभेद गर्न रोक लगाएको छ। त्यसका अतिरिक्त ग्रामीण भेगका महिलाहरूको आवासको अधिकारसहित पर्याप्त जीवनस्तर प्राप्त गरेको सुनिश्चित गर्ने दायित्व समेत तोकेको छ। बालअधिकारसम्बन्धी महासन्धि अनुसार आवासका सवालमा आवश्यकतानुसार परिवार र बालबालिकालाई राज्यले सहायता प्रदान गर्नुपर्ने दायित्व रहन्छ। नेपालले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आदिवासी जनजाती नागरिकसम्बन्धी महासन्धि, १९८९ (महासन्धि १६९) लाई २०६४ भाद्र १० मा अनुमोदन गरी

त्यसअन्तर्गतका दायित्वलाई पनि स्वीकारेको अवस्था छ। यसले पनि आदिवासी नागरिकहरूको भूमि, आवास र जीविकोपार्जनका आधारहरूमा निर्वाध पहुँचलाई राज्यले संरक्षण गर्नु पर्ने दायित्व तोकेको छ। जबर्जस्ती निष्कासन अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत मात्रै होइन नेपाल पक्ष भएको जेनेभा महासन्धि (सन् १९४९) लगायतका मानवीय कानुनमा समेत निषेधित गम्भीर उल्लङ्घनको कार्य हो। चाहे युद्ध होस् वा सङ्कटकाल वा शान्तिको समय नै किन नहोस् कहिल्यै पनि वासस्थान जानाजान नष्ट पार्ने र परिवारहरूलाई बिचल्ली पार्ने कार्य क्षम्य हुँदैन।

कतिपय सन्धिजनित समितिहरूले विभिन्न सन्धिअन्तर्गतका मानवअधिकार दायित्व पूरा गर्न नेपालले गरेको प्रयासको मूल्याङ्कन गर्दै आवासको अधिकारअन्तर्गतको दायित्व परिपालनाका सम्बन्धमा विभिन्न सिफारिस गरेका छन्। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समिति, जातीय विभेद विरुद्धको समिति र महिला अधिकारसम्बन्धी महासन्धिअन्तर्गतको सिड समितिले गरेका मूख्य सिफारिसहरू[५] निम्नानुसार छन्:-

- *कुन अवस्थामा आवासबाट निष्कासन गरिने हो भनी तोक्न र जबर्जस्ती निष्कासनविरुद्ध संरक्षणका उपायहरू निर्धारण गर्न कानुन बनाउने र निष्कासनलाई अन्तिम उपायको रूपमा मात्र प्रयोग गर्ने।*
- *जबर्जस्ती निष्कासनमा पारिएकाहरूका लागि वैकल्पिक आवास वा पर्याप्त क्षतिपूर्ति उपलब्ध गराएको सुनिश्चित गर्ने।*
- *निष्कासनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हुने कुरालाई प्रत्याभूत गर्ने।*
- *मुक्त कमैयाहरूका लागि आवासमा पहुँच वृद्धि लगायत उनीहरूको पूर्ण पुनस्थापना र पुनर्एकीकरण भएको सुनिश्चित गर्ने।*

[५] एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन: ADEQUATE HOUSING FOR ALL NEPAL: ANALYSIS OF THE RIGHT TO HOUSING ACT 2018, (ASA 31/0496/2019) page 12.

- *"सर्वसूलभ र पर्याप्त आवास" लगायतका व्यवस्थाका माध्यामबाट मुक्त कमैयाहरूको स्वेच्छिक र दीर्घकालीन पुनर्वास तथा पुनर्स्थापनाको लागि कोषको प्रबन्ध गर्ने।*
- *विशेष अवसरसम्बन्धी कानुन बनाएर र वहुआयामिक विभेद सामना गरिरहेका महिलाहरूको लागि आवास, कर्जा तथा आय आर्जनका अवसहरूमा पहुँच वृद्धि गर्ने उपायहरू अपनाउने।*

## ३.२ आवासको हकका आयामहरू के के हुन् ?

पर्याप्त आवासको अधिकारलाई संकुचित रूपमा अर्थ्याइन नहुने कुरालाई राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितिले स्पष्ट पारेको छ। व्यक्तिले सुरक्षा, शान्ति र मर्यादा सहित कुनै ठाउँमा निर्बाध रूपमा बस्न पाउने अवस्थाको सुनिश्चिततामा जोड दिएको छ। समितिले सामान्य टिप्पणी नं ४ (१९९१) र सामान्य टिप्पणी नं. ७ (१९९७) मार्फत पर्याप्त आवासको हकका अन्तरवस्तु तथा आयामहरूलाई प्रष्टाएको छ। समितिका अनुसार पर्याप्त आवासको अधिकारअन्तर्गत स्वतन्त्रता (freedom) र हकाधिकार (entitlements) दुवैका अन्तर्वस्तु समाहित हुन्छन्। स्वतन्त्रताअन्तर्गत जबर्जस्ती निष्कासन वा उठीवासबाट संरक्षण, घर र परिवारको गोपनीयतामा स्वेच्छचारी अतिक्रमणबाट संरक्षण, आवास छनौट गर्ने, बसोवासको स्थान निर्धारण गर्ने र आवागमनको स्वतन्त्रतासमेतका अवयव समाहित छन्। इन्टाइटिलमेन्टस्को रूपमा भूमि तथा आवास सम्बन्धको सुरक्षा, आवास, भूमि तथा सम्पत्तिको प्रतिस्थापन र क्षतिपूर्ति, पर्याप्त आवासको पहुँचमा समानता र अविभेद एवं राष्ट्रिय तथा सामुदायिक तहको आवाससम्बन्धी निर्णय प्रकृयामा सहभागी हुन पाउने अधिकार समाहित हुने उल्लेख छ।

के कस्ता पूर्व शर्तहरू पूरा भएमा आवास पर्याप्त हुन्छ भन्ने बारेमा पनि समितिले व्याख्या गरेको छ। आवासको पर्याप्तताका निम्न सात वटा आयाम उल्लेख गरेको छ :

क. सेक्युरिटी अफ् टेन्यूर (आवास तथा भूसम्बन्धको सुरक्षा): पर्याप्त आवासको लागि यो पहिलो शर्त हो। बसोवास गरिरहेको ठाउँबाट जबर्जस्ती निष्कासन गर्ने, उनीहरूलाई दुर्व्यवहार गर्ने वा अन्य धम्की तथा त्रासजस्ता कुराबाट यसले संरक्षण दिन्छ। अन्य उपयुक्त विकल्पको प्रबन्ध नहुँदासम्म बसोवासको निश्चितता प्रदान गर्छ।

ख. सेवा, वस्तु, सुविधा र पुर्वाधारको उपलब्धताः आवासका लागि चाहिने पूर्वाधार तथा आधारभूत सेवा सुविधाको उपलब्धता बिनाको आवासलाई मानवअधिकारको दृष्टिकोणबाट पर्याप्त मानिंदैन। बासिन्दाका लागि पर्याप्त पानी, सरसफाइ, खाना पकाउने इन्धन, ताप, उज्यालो, खाद्य भण्डारण र फोहर व्यवस्थापन गर्ने स्थान उपलब्ध हुनु पर्छ।

ग. सर्वसुलभताः बसोवास यति महंगो नहोस् कि परिवारले वास बस्नकै लागि अन्य आधारभूत आवश्यकता पूर्तिमा सम्झौता गर्न नपरोस्। त्यस्तो अवस्थाको आवासलाई मात्रै सर्वसुलभ मानिएको छ।

घ. वासयोग्यताः कुनै पनि आवास पर्याप्त हुनका लागि यसले पर्याप्त ठाउँका साथै चिसो, आद्रता, ताप, वर्षा, हुरी वा स्वास्थ्यसम्बन्धी अन्य त्रास, संरचनागत तथा बिमारको जोखिमबाट सुरक्षित हुन सक्ने अवस्था हुनु पर्दछ।

ङ. आवास स्थान वा अवस्थितिः आवास पर्याप्त हुन त्यो यस्तो स्थानमा रहेको हुनुपर्छ जहाँ रोजगारीका अवसर, स्वास्थ्य हेरचाह सुविधा, विद्यालय, बालस्याहार र अरू सामाजिक सुविधाबाट वञ्चित हुनु नपरोस्। साथै त्यो स्थान प्रदुषणजन्य वा अन्य खतरायूक्त अवस्थाबाट सुरक्षित हुनु पर्छ।

च. साँस्कृतिक पर्याप्तताः आवास त्यस्तो होस् जसले सांस्कृतिक पहिचान अभिव्यक्त गर्ने कुरालाई ध्यान दिएको र साँस्कृतिक जीवनको पनि सम्मान गरेको होस्। साँस्कृतिक पक्षमा सम्झौता गर्नु पर्ने वा त्यसको सम्मान नहुने अवस्थामा पनि आवासलाई पर्याप्त मानिंदैन।

## ३.३ आवासको हकअन्तर्गत राज्यले के कस्तो मानवअधिकार दायित्व वहन गर्नु पर्छ?

पर्याप्त आवासको अधिकार लगायतका आर्थिक, सामाजिक अधिकारअन्तर्गत राज्य र गैरराज्य पक्षका लागि कस्ता दायित्वहरू निःसृत हुन्छन् भन्नेबारेको बुझाइमा स्पष्टता आवश्यक छ। पर्याप्त आवासको अधिकार समेतको सन्दर्भमा परस्पर रूपमा एक अर्कासँग अन्तरसम्बन्धीत निम्न आठवटा दायित्वहरू निःसृत हुने कुरा आर्थिक, सामाजिक तथा सांस्कतिक अधिकार समितिले विभिन्न सामान्य टिप्पणिहरूमार्फत स्पष्ट पारेको छ। कस्तो अवस्थामा त्यस्ता दायित्वहरूको उल्लङ्घन भएको मानिन्छ भन्ने यथार्थपरक बुझाइ नहुँदा हकहरूलाई सही रूपमा कार्यान्वयनमा लान सकिन्न।

**क. सम्मान गर्ने दायित्व:** संविधान र कानुनमा हकको घोषणा गरेर मात्रै 'हकको सम्मान गर्ने' दायित्व पालना हुँदैन। राज्य (जसअन्तर्गत तीनै तहका सरकार र मातहतका अवयव पर्छन्) को कार्य वा अकार्यका कारण उपभोग गर्दै आएको आवासको अधिकारबाट वञ्चित गर्न वा कसैलाई पनि त्यस्तो वञ्चितिको जोखिममा धकेल्न हुँदैन भन्ने नै यसको तात्पर्य हो। उदाहरणका लागि स्थानीय सरकारले उठीवास लगाउँदा कुनै परिवार जीविकोपार्जनको आधारबाट विमुख हुन्छ; आवासविहीन हुन्छ भने यसबाट पर्याप्त आवाससमेतको अधिकारलाई सम्मान गर्ने दायित्व उल्लङ्घन गरेको ठहर्छ।

**ख. संरक्षण गर्ने दायित्वः** राज्यले आफूले मात्रै आवासको अधिकार लगायतका आर्थिक, सामाजिक अधिकार उल्लङ्घन नगरेर उसको दायित्व पूरा हुँदैन। व्यक्ति, समूह, व्यवसाय क्षेत्रसमेतबाट पनि कसैको आवासको अधिकार उपभोगमा दखल पुर्याउने काम हुन सक्छ। तसर्थ राज्यले तेस्रो पक्षबाट हुने उल्लङ्घनलाई यथाशक्य चाँडो रोक्नुपर्छ। उल्लङ्घन रोक्न असफल भएमा पीडितलाई उचित उपचार प्रदान गर्ने कुरा महत्त्वपूर्ण हुन्छ। उदाहरणका लागि गैरकानुनी रूपमा बनाएका संरचना भत्काएको हुँ भनेर मात्रै नगर सरकारले सुख पाउँदैन। संरचना भत्काइएका कारण मर्कामा परेका साना व्यवसायी वा भाडामा बसोवास गर्नेहरूको पीडालाई सम्बोधन गर्नु पर्छ। हानिबापत क्षतिपूर्ति दिलाउने जिम्मेवारी वहन गर्नुपर्छ। अन्यथा नगर सरकारले संरक्षण गर्ने दायित्व उल्लङ्घन गरेको मानिन्छ।

ग. **परिपूर्ति गर्ने दायित्वः** यसअन्तर्गत पर्याप्त आवास लगायतका आर्थिक तथा सामाजिक हकको निर्वाध उपभोगको लागि राज्यले सहजीकरण वा प्रवर्धन गर्नेदेखि आवश्यकतामा रहेका व्यक्ति तथा परिवारलाई राज्य आफैंले सेवा वा वस्तु उपलब्ध गराउनेसम्मका कर्तव्य समेटिन्छन्। पर्याप्त आवासको अधिकार लगायतका आर्थिक, सामाजिक अधिकारका आधारभूत कुरा तत्काल नागरिकले उपभोग गर्नसक्ने अवस्था सिर्जना गर्नुपर्छ। त्यसैगरी अधिकारका अन्य अवयवहरू उपभोगको लागि क्रमशः उपयुक्त वातावरण तयार गर्न राज्यले सकारात्मक दायित्व गर्नुपर्ने हुन्छ। यसका लागि नागरिकका हकबारे चेतना जगाउने; आवासविहीन व्यक्ति तथा परिवारको पहिचान गर्ने; भूसम्बन्धका स्वरूपहरूको पहिचान तथा दर्ता गर्ने, विधि, मापदण्ड तथा प्रक्रिया निर्धारण गर्ने; सेवा र सुविधा उपलब्ध गराउन आवश्यक पर्ने आवास निर्माण गर्ने; बजेट तथा कार्यक्रम बनाएर लागू गर्नेलगायतका सकारात्मक उपायहरू अवलम्बन गर्नु जरुरी हुन्छ।

घ. **अविभेदको दायित्वः** भेदभाव सर्वथा अस्वीकार्य छ। यो मानवअधिकारको उल्लङ्घन गर्न नमिल्ने नियम हो। पर्याप्त आवासको अधिकार लगायत कुनैपनि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सन्दर्भमा रहेको भेदभावलाई सम्बोधन गर्नुपर्छ। भूसम्बन्धलाई आधार बनाएर राज्यले बस्तीमा दिनु पर्ने आधरभूत सेवासुविधामा तलमाथि गर्ने कार्यले भेदभाव निम्त्याउन सक्छ।

ङ. **पश्चगमनविरुद्धको दायित्वः** पर्याप्त आवासको अधिकार लगायतका आर्थिक–सामाजिक हकको सन्दर्भमा सुल्टो प्रगति सुनिश्चित गर्न नसके पनि उल्टो प्रगति गर्ने छुट राज्यलाई हुँदैन। नागरिकले उपभोग गर्न पाइरहेको आर्थिक, सामाजिक सेवासुविधालाई घटाउने वा हटाउने काम राज्यले गर्नु हुँदैन। त्यसो गरेमा दायित्व उल्लङ्घन भएको मानिन्छ। उदाहरणको रूपमा महिला, बालबालिका, दलित तथा जनजाति समुदायलाई लक्षित गरेर निश्चित प्रतिशत बजेट विगतमा स्थानीय तहले अनिवार्य रूपमा छुट्याउने गरेकोलाई अहिले स्वेच्छाको विषय बनाइएकोलाई पश्चगमनविरुद्ध दायित्व उल्लङ्घनको रूपमा लिन सकिन्छ।

च. **न्यूनतम आधारभूत दायित्व** (minimun core obligation)**:** यो दायित्व मानिसको अस्तित्व रक्षा (survival) सँग सम्बन्धित छ। यसले सभ्य र

लोकतान्त्रिक समाजमा मानव भएर जिउन चाहिने न्यूनतम कुराको सुनिश्चिता खोज्छ। कुनै बाहाना (जस्तै आर्थिक स्रोतको अभाव) गरेर राज्यले यो दायित्वलाई पन्छाउन मिल्दैन (राष्ट्रसङ्घीय आर्थिक, सामाजिक अधिकार समितिले सन् १९९० मा जारी गरेको सामान्य टिप्पणी नं. ३)। परित्यक्त वा बेसहारालाई भरणपोषणको सुविधासहितको आश्रयको व्यवस्था गर्ने; न्यूनतम खानेपानीको सुविधामा पहुँच उपलब्ध गराउने; विकल्प नदिई कसैलाई पनि वासस्थानबाट निष्कासन नगरिने लगायतका कुरा पर्याप्त आवासको हकअन्तर्गत न्यूनतम आधारभूत दायित्वअन्तर्गत पर्छन्। यस्ता 'सर्भाइभल' सँग जोडिएका आधारभूत तत्व सुनिश्चित गर्न राज्य असफल हुनु न्यूनतम आधारभूत दायित्वको उल्लङ्घन गर्नु हो। यस्तो उल्लङ्घन न्यायिक जवाफदेहिताको प्राथमिक विषय बन्छ।

छ. **क्रमिक परिपूर्ति** (progressive realisation) **को दायित्वः** पर्याप्त आवासको अधिकारका सबै पक्षहरूलाई एकैचोटी पूर्णरूपमा कार्यान्वयनमा लान सकिन्छ भन्ने छैन। तत्काल पूरा गर्नुपर्ने माथि उल्लिखित दायित्व बाहेकका अन्तरवस्तुहरूको राज्यले क्रमशः लक्ष्य (milestone) निर्धारण गरेर प्रगतिशील कार्यान्वयन गर्नुपर्छ भन्ने मान्यता स्थापित भएको छ। पर्यात आवासको हकसम्बन्धी कुरा गर्दा प्रथमतः राज्यले आवासविहीन परिवारहरू यकीन गर्नुपर्यो। तिनीहरूमध्ये प्राथमिकताको आधारमा बर्सेनि कतिलाई सुरक्षित वासस्थानको सुविधा उपलब्ध गराउन सक्ने हो, त्यसका लागि बजेट तथा कार्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ। त्यसैगरी बर्सेनि वासस्थानमा पहुँच पाउने परिवारको संख्या वृद्धि गर्दै निश्चित अवधिमा सबै परिवारले सुरक्षित वासस्थानमा पहुँच प्राप्त गरिसक्ने स्थिति सिर्जना हुनुपर्छ। सरकारले अवलम्बन गरेका उपायहरू विवेकसम्मत हुनुपर्छ। उचित बजेट विनियोजन गरिएको हुनुपर्छ। लाभग्राहीको प्राथमिकीकरण उपयुक्त हुनुपर्छ। सबैभन्दा जोखिममा रहेको वर्ग, समुदाय वा परिवार जो छ ऊ नै पहिला लाभान्वित हुने सुनिश्चित हुनुपर्छ। अन्यथा अधिकारको क्रमिक परिपूर्ति गर्नुपर्ने दायित्व उल्लङ्घन भएको मानिन्छ र यो न्यायिक जवाफदेहिताको विषय बन्छ।

ज. **उपलब्ध स्रोत साधनको अधिकतम तथा विवेकसम्मत उपयोगको दायित्वः** आर्थिक, सामाजिक हकलाई उपभोगयोग्य बनाउन यो दायित्वको परिपालना

महत्त्वपूर्ण छ। तहगत सरकारहरूले कतिपय अत्यावश्यक क्षेत्रमा बजेट छुट्याएका हुँदैनन् तर अनावश्यक कुरामा बजेट छुट्याएर बेपर्वाह खर्च गरिरहेका हुन्छन्। यसो गर्नु अधिकारको दृष्टिबाट स्वीकार्य हुँदैन। उपलब्ध स्रोत साधनको अधिकतम र विवेकपूर्ण उपयोग गरेको छु भन्ने कुरा सरकारहरूले सुनिश्चित गर्नुपर्छ। एकातर्फ न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न संघर्ष गरिरहेका कतिपय समुदायले राज्यबाट कुनै राहत, सेवा तथा सुविधा पाएका हुँदैनन् भने अर्कोतर्फ भ्यूटावर, स्वागत द्वार, मठमन्दिर लगायतका योजनामा बजेट खर्च गर्ने कार्य विवेकसम्मत मानिँदैन। खर्च जवाफदेहीपूर्ण र पारदर्शी हुन जरुरी हुन्छ। यो दायित्व पालनाका लागि वैदेशिक सहयोगको दुरूपयोग, भ्रष्टाचार, अनियमितता, बेरुजु, बक्यौता लगायतका समस्या सम्बोधन हुनु जरुरी हुन्छ।

## ३.४ आवासको हकलाई मान्यता दिने मुख्य अन्तर्राष्ट्रिय कानुनी मापदण्ड तथा सिद्धान्तहरू के के छन्?

- *अन्तर्राष्ट्रिय मानवअधिकार घोषणापत्र, १९४८को धारा, २५: प्रत्येक व्यक्तिलाई खाद्यान्न, कपडा, आवास तथा औषधोपचारको सुविधा र आवश्यकताअनुसारको सामाजिक सेवाहरू सहित स्तरयुक्त जीवनयापनको हक। बेरोजगारी, बिरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको काबुबाहिरको अन्य परिस्थितिमा साधन र स्रोतको अभावमा जीविकोपार्जनमा समस्या भएमा सामाजिक सुरक्षाको अधिकार हुने। आमा र शिशुहरूलाई विशेष हेरचाह र सहायता प्राप्त गर्ने अधिकार हुने। सबै बालबालिकाहरूलाई समान सामाजिक संरक्षण उपभोग गर्ने अधिकार हुने।*
- *आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ को धारा ११: प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त स्तरयुक्त जीवनस्तरको अधिकार हुने।*

- *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ को धारा १७, २३ः कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप नगरिने। निजको प्रतिष्ठा तथा ख्यातिमा गैरकानुनी आक्रमण नगरिने। परिवार समाजको प्राकृतिक तथा मौलिक इकाइ हुने र परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउने।*

- *बालअधिकार अभिसन्धि, १९८९, धारा २७ अनुच्छेद ३ः बालबालिकाको पोषण, लुगाफाटो तथा आवासका सम्बन्धमा भौतिक सहयोग उपलब्ध गराउने एवं तत्सम्बन्धी कार्यक्रमहरूमा सहयोग गर्ने दायित्व राज्यको हुने।*

- *महिलाविरुद्धका सबै प्रकारका विभेद उन्मुलनसम्बन्धी महासन्धि, १९७९, धारा १४ (२ ज): खासगरी आवास, सरसफाइ, विद्युत, खानेपानी, यातायात तथा संचारका सम्बन्धमा पर्याप्त जीवनयापनका अवस्थाहरूको उपभोग गर्ने अधिकार।*

- *जातिय भेदभावविरुद्ध महासन्धि, १९६५ को धारा ५(ङ): देशको सीमा भित्र बिना भेदभाव आवतजावत  र आवासको स्वतन्त्रता।*

- *अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६, धारा २८ः अपाङ्गता भएका व्यक्तिहरू आफैलाई र तिनका परिवारको लागि समेत पर्याप्त खाद्यान्न, लुगा एवं आवाससमेतको पर्याप्त जीवनस्तर तथा जीवन निर्वाहका अवस्थाहरूको निरन्तर सुधारको अधिकार। सार्वजनिक आवास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई सुनिश्चित गर्ने।*

- *मानवअधिकार आयोगको प्रस्ताव, १९९३/७७ः जबर्जस्ती विस्थापनले आवासको अधिकार लगायतका मानवअधिकारको गंभीर उल्लङ्घन हुने जनाएको।*

- *आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति, सामान्य टिप्पणी नं. ३ः आवासमा पहुँच सुनिश्चित गर्ने कुरालाई मानवअधिकारको न्यूनतम आधारभूत दायित्वको रूपमा मान्यता दिएको।*

- *'विकासमा आधारित विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त तथा मार्गनिर्देशन २००७' आवासको उचित विकल्प नदिइकिन वासस्थानबाट हटाउन नहुने कुरालाई जोड दिएको।*
- *जेनेभा महासन्धि (सन् १९४९) लगायतका मानवीय कानुनमा युद्धको समयमा समेत वासस्थान जानाजान नष्ट पार्ने र परिवारहरूलाई बिचल्ली पार्ने कार्य क्षम्य नहुने सुनिश्चित गरिएको।*
- *दिगो विकासको लक्ष्य (सन २०१६ देखि २०३०) अन्तर्गत जनतालाई सुरक्षित आवासको दायराभित्र ल्याउने गरी राज्यले जनाएको प्रतिबद्धता।*

## ३.५ अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डको पालना नेपालका लागि तजबिजी कि बाध्यात्मक ?

पर्याप्त आवासको अधिकार लगायतका अन्तराष्ट्रिय मानवअधिकारहरू देखाउन वा सजाउनका लागि तय भएका होइनन्। त्यस्ता अधिकारबाट निःसृत दायित्व राष्ट्रिय रूपमा परिपालनाका लागि हुन्। ती संविधान र कानुनअन्तर्गत बन्धनकारी हुन्छन्। संविधानको प्रस्तवनामानै "मानवअधिकार"मा आधारित समृद्ध नेपाल निर्माणको परिकल्पना गरिएको छ। मानवअधिकारप्रतिको प्रतिबद्धता राज्यको निर्देशक सिद्धान्तअन्तर्गत पनि प्रतिविम्बित छ। धारा ५१(२)मा "मानवअधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम राख्ने" एवं धारा ५१ (३) मा "नेपाल पक्ष भएका अन्तरष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने" व्यवस्था छ। धारा ५२मा "मौलिक हक तथा मानवअधिकारको संरक्षण र संवर्धन" राज्यको दायित्व हुने प्रबन्ध छ। सङ्घीयताको सन्दर्भमा पनि संविधानको धारा ५६(६)मा मौलिक हक तथा मानवअधिकारलाई सङ्घ, प्रदेश र स्थानीय तहले संरक्षण गर्नु पर्ने दायित्व तोकेको छ। तसर्थ आआफ्नो अधिकारक्षेत्र भित्र रहेर सङ्घ, प्रदेश र स्थानीय तहले मानवअधिकार दायित्वको परिपालना गर्नेतर्फ इमान्दार प्रयास गर्नु पर्दछ।

राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ ले नेपाल पक्षराष्ट्र भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूले समेटेका अधिकारहरूलाई मानवअधिकारको परिभाषाभित्र राखेको छ। यसले गर्दा अनुमोदित सन्धि सम्झौताअन्तर्गतको पर्याप्त आवासको अधिकारको उपभोगका लागि उपयुक्त वातावरण तय गर्ने तीनै तहका सरकारको कानुनी दायित्व सृजित भएको छ।

नेपाल सन्धि ऐन, २०४७ ले अनुमोदित सन्धिको नेपाल कानुनमा प्रभावबारे व्यवस्था गरेको छ। दफा ९(१) ले नेपाल पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुने र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागु हुने व्यवस्था गरेको छ। अनुमोदित सन्धि र नेपाल कानुन बाझिएमा सन्धिको व्यवस्थाले प्रधानता पाउने व्यवस्थाका कारण पनि राष्ट्रिय कानुनको अभाव वा त्यस्ता कानुनका व्यवस्था सन्धिअनुकूल नभएमा सन्धिका व्यवस्थालाई नै आधार मानेर जिम्मेवार निकायले आवासको अधिकार लगायतका मानवअधिकारको कार्यान्वयन गर्नु जरुरी हुन्छ।

अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष भएपछि त्यसको इमान्दार परिपालना गर्नुपर्छ भन्ने मान्यता स्थापित छ। अन्तर्राष्ट्रिय कानुनमा राज्यको कुनैपनि अंग तथा जुनसुकै तहको अंग वा अवयवले गर्ने व्यवहार राज्यकै व्यवहार मानिन्छ। यहि स्थापित मान्यता तथा बुझाइको आधारमा सन्धिको उल्लङ्घन वा अपरिपालनाको विषय राज्यको अन्तर्राष्ट्रिय जवाफदेहिताको विषय बन्दछ। सन्धिजनित समितिहरूमा उजुरीको विषय बन्न सक्दछ। नेपालले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्धको इच्छाधीन आलेखलाई अझै अनुमोदन गरेको छैन। तसर्थ, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितिको गुनासो सुन्ने अधिकारक्षेत्र आकर्षित हुँदैन। तर जीवनको अधिकार एवं समानता तथा अविभेदको हकसँग पनि आवासको अधिकार जोडिने भएकाले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धअन्तर्गतको मानवअधिकार समितिमा उठीवास एवं आवासको अधिकार अरू उल्लङ्घनका घटनाहरूका विषयमा उजुरी दिएर उपचार खोजन सकिन्छ। त्यसैगरी, मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) मा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले जवाफदेही

बनाउने वा अन्य कुनै पनि राष्ट्रसङ्घीय वा अन्तर्राष्ट्रिय मञ्चमा जवाफदेहिताको प्रश्न उठ्ने स्थिति बन्दछ। राष्ट्रिय रूपमा पनि सन्धिका व्यवस्थाहरूको अपरिपालना न्यायिक निगरानीको विषय बन्ने, राष्ट्रिय मानवअधिकार आयोग लागायतका मानवअधिकार संरक्षणको कार्यादेश भएका संवैधानिक संस्थाहरूको अनुगमन तथा निगरानीको विषय बन्ने, नागरिक समाज, मिडिया तथा संसदीय निगरानीसमेतको विषय बन्ने स्थिति बन्दछ। तसर्थ, आवासको हक लगायतका मौलिक हकका व्यवस्थाहरूलाई अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वसँग संगतिपूर्ण हुनेगरी कानुनहरू बनाउनु र तिनको यथोचित कार्यान्वयन गर्नु तीनै तहका सरकारहरूको प्राथमिकता बन्नु जरुरी छ।

# परिच्छेद चार
# जबर्जस्ती निष्कासनविरुद्ध संवैधानिक, कानुनी तथा नीतिगत संरक्षणका आयाम

## ४.१ संविधानको प्रस्तावनाले राज्यलाई कसरी मार्गनिर्देशित गरेको छ?

संविधानको प्रस्तावनाले यसको मुलभूत लक्ष्य र उदेश्यलाई सूचित गर्दछ। साथै आवासको हकसँगको सान्दर्भिकता र सापेक्षतालाई निम्नानुसार बुझ्न सकिन्छः-

- *प्रस्तावनामा लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नागरिकले गरेको संघर्ष, त्याग र बलिदानको स्मरण गरिएको छ। आवासमा निर्वाध पहुँच लगायतका आधारभूत आवश्यकताको परिपूर्तिको अभावमा अग्रगामी परिवर्तनको अपेक्षा पुरा हुन सक्दैन।*
- *प्रस्तावनामा सबै प्रकारका विभेद र उत्पीडनको अन्त्यको लक्ष्य पनि मुखरित छ। श्रमजीवी नागरिकलाई आवास तथा भूमिबाट उठिवासले विभेद उत्पीडनको अन्त्य होइन थप जटिल बनाउँछ।*
- *वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। यो उद्देश्य हाँसिल गर्नका लागि आवासविहीनताबाट नागरिकलाई बचाउन र सुरक्षित एवं शान्तिपूर्वक र मर्यादित तवरले बसोवास गर्न पाउने कुरा व्यहारिक रूपमा सुनिश्चित हुन जरुरी हुन्छ।*
- *त्यस्तै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, एवं कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने संकल्पले पनि नागरिकलाई जबर्जस्ती निस्कासनमा पारेर आवासविहीनताको जोखिममा धकेल्ने कुरालाई स्वीकार्दैन।*

- *त्यसैगरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न पनि मौलिक हकअन्तर्गत संरक्षित आवासको हक, सम्मानपूर्वक बाँच्न पाउने हक लगायतको व्यवहारिक उपभोग सूनिश्चित हुनु पर्दछ।*

## ४.२ जबर्जस्ती निष्कासनविरुद्ध मौलिक हकअन्तर्गत कस्ता प्रत्याभूतिहरू छन्, तिनलाई कसरी बुझ्ने ?

प्राथमिक रूपमा धारा ३७ अन्तर्गतको आवासको हकअन्तर्गत जबर्जस्ती निष्कासन संरक्षित हुने अधिकार समाहित छ। त्यस बाहेक मौलिक हकका अन्य प्रत्याभूतिहरू पनि आकर्षित हुन्छन्।

- संविधानको धारा ३७ (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक प्रत्याभूत छ। यसअन्तर्गत संघ, प्रदेश र स्थानीय तहका निकाय तथा पदाधिकारीले आवासको अधिकारलाई सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व वहन गर्नु पर्छ। भू तथा आवास सम्बन्धको सुरक्षा प्रदान गरेर जबर्जस्ती निष्कासन वा उठीवासबाट संरक्षण प्रदान गर्नु पर्छ। साथै राज्यले आवसाविहीनता रोक्ने, आवासविहीन वा असुरक्षित बसोवासीको पहिचान गरी सुरक्षित आवासको सुविधा उपलब्ध गराउने, सबैका लागि आवासलाई सर्वसुलभ बनाउने उपायहरू अवलम्बन गर्नु पर्छ।
- धारा ३७ (२)मा कानुनबमोजिम बाहेक कसैलाई पनि निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण नगरिने उल्लेख छ। यसलाई एकांकी अर्थ लगाएर वैयक्तिक स्वामित्वमा रहेको आवास बाहेक अन्य आवासमा बसोवास गर्नेलाई राज्यले जबर्जस्ती निष्कासन गर्न सक्छ भन्ने अर्थ लगाउन मिल्दैन। त्यसो गर्दा उपधारा (१)मा प्रत्याभूत "प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक" निस्तेज हुन्छ। त्यस्तै मौलिक हकका निम्न प्रत्याभूतिको सापेक्षतामा यसलाई बझ्नु पर्दछः–
- जस्तै धारा ४२ मा 'सामाजिक न्यायको हक' अन्तर्गत आर्थिक रूपमा विपन्न नागरिकलाई आवासको अधिकार छ।

- दलितको हकअन्तर्गत धारा ४०(५) मा भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउने राज्यको दायित्व हुने व्यवस्था छ भने धारा ४०(६) मा 'राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोवासको व्यवस्था गर्नेछ' भनिएको छ।
- 'सामाजिक न्यायको हक' अन्तर्गत धारा ४२ (२) मा आर्थिक रूपमा विपन्न र लोपोन्मुख समुदायका नागरिकलाई आवासको अधिकारलगायत अन्य 'विशेष अवसर र सुविधाहरू' प्रत्याभूत हुने घोषणा छ। 'आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ' भनिएको छ।
- धारा ३६ अन्तर्गत प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हकको प्रत्याभूति दिइएको छ। त्यसैगरी खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक प्रत्याभूत गरिएको छ। आवासको हक र खाद्यको हक एकअर्कासँग अन्तरसम्बन्धित छन्। आवासको हकको इन्कारीले व्यक्ति तथा समुदायलाई जीविकोपार्जनको आधारबाट विमुख पार्ने भएकाले खाद्यको अधिकारको समेत उल्लङ्घन हुन जान्छ।
- धारा २८ अन्तर्गत प्रत्याभूत गोपनीयताको हकअन्तर्गत आवास समेतको गोपनीयता अनतिक्रम्य हुने व्यवस्था छ।
- धारा २५ ले कुनैपनि नागरिकलाई कानुनको अधिनमा रही चल अचल सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने अधिकार छ। राज्यबाट व्यक्तिको सम्पत्ति अधिग्रण गर्दा क्षतिपूर्ति दिनु पर्ने दायित्व सृजना गरेको छ।
- धारा १६ मा प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकलाई प्रत्याभूत गरेको छ। यो जोसुकैको हकमा लागु हुन्छ। यसलाई उपेक्षा गरेर अरू कुनै हकको व्याख्या गर्न मिल्दैन। जुनसुकै बहानामा हुने आवासको अधिकारको वञ्चितिले सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लङ्घन हुने स्पष्ट छ।

- धारा १८ अन्तर्गतको समानताको हकले विशेष संरक्षणको खाँचो भएका विपन्न वर्ग र समुदायलाई समानतामा आधारित जीवन जिउन सक्षम बनाउन सरकारले विशेष व्यवहार गर्नु पर्छ। धारा १८ को प्रतिबन्धात्मक वाक्यांशले संरक्षणको खाँचो भएका व्यक्तिका विशेषाधिकारलाई विशेष कानुन बनाएर सम्बोधन गर्नुपर्ने दायित्व सुम्पेको छ।

तसर्थ आवासको उचित विकल्प दिन पनि नसक्ने र अन्य उपाय नभएर कहीं कतै आश्रय लिएर बसेको ठाउँबाट पनि उठीवास गराउने कुरा संधिानतः किमार्थ स्वीकार्य हुँदैन। त्यसो गर्नु मौलिक हकको बर्खिलाप हुन्छ।

## ४.३ राज्यको निर्देशक सिद्धान्तअन्तर्गत के कस्तो प्रबन्ध गरिएको छ र ती किन महत्त्वपूर्ण छन्?

आवासको हकलाई प्रभाव दिने गरी राज्यको निर्देशक सिद्धान्तअन्तर्गत पनि महत्त्वपूर्ण प्रबन्ध गरिएको छ। राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूले नागरिकका आवास, खाद्य सुरक्षालगायतका आर्थिक सामाजिक अधिकारका न्यूनतम आधारभूत तत्वहरूको परिपूर्तिका लागि प्राथमिकता साथ काम गर्न मार्गनिर्देश गरेका छन्।

धारा ५१ (ञ) को 'सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी नीति' अन्तर्गत 'मुक्त कमैया, कमलरी, हरूवा/चरवा, हलिया, भूमिहीन, सुकुमवासीहरूको पहिचान गरी बसोवासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्न', 'उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको आधारभूत आवश्यकता परिपूर्ति' का लागि विशेष व्यवस्थासमेत गरी उनीहरूको 'उत्थान, सशक्तिकरण र विकास' गर्ने जिम्मेवारी राज्यको हुन्छ।

त्यसैगरी धारा ५१ (ज) ले अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्न तथा योजनाबद्ध र व्यवस्थित आवासको विकास गर्न राज्यलाई निर्देश गरेको छ। त्यसैगरी "उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको आधारभूत आवश्यकता परिपूर्ति"का लागि विशेष व्यवस्था समेत गरी उनीहरूको "उत्थान, सशक्तीकरण र विकास"सम्बन्धी जिम्मेवारी राज्यलाई प्रदान गरिएको छ। ( धारा ५१ (ञ), ११)

यसको अतिरिक्त सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्ने सन्दर्भमा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता दिनु पर्ने गरी मार्गनिर्देशन गरेको छ। प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्ने सवालमा राज्यको दायित्व स्पष्ट पार्दै "पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना"का लागि सरकारलाई जिम्मेवार बनाएको छ ( धारा ५१ छ (९))।

संविधानमा प्रयुक्त राज्यका निर्देश सिद्धान्त र नीतिहरूलाई कार्यान्वयनमा लाने वा प्रभाव दिने विभिन्न राष्ट्रिय नीतिगत दस्तवेजहरू- जस्तै राष्ट्रिय आवास नीति, २०६८ र राष्ट्रिय आवास योजना, २०७१) विद्यमान रहेका छन। त्यस्ता दस्तवेजहरूले सबैलाई सुरक्षित, पर्याप्त र मूल्य सुलभ आवासको व्यवस्था गर्ने तथा गरिबीको रेखामुनि रहेका तथा अव्यवस्थित र असुरक्षित स्थानमा बसोवास गरिरहेका परिवारलाई सुरक्षित आवासको परिधिभित्र ल्याउने उद्देश्य राखेका छन्। ती दस्तवेजहरूको बारेमा तल अलग्गै चर्चा गरिएको छ।

## ४.४ राज्यका कुन कुन नीतिअन्तर्गत के कस्ता प्राथमिकताहरू तोकिएका छन्?

पर्याप्त आवासको अधिकार तथा भूमिमा पहुँच सुनिश्चित गर्ने सन्दर्भमा संविधानले मौलिक हकअन्तर्गत प्रत्याभूत गरेका अवयव एवं राज्यका निर्देशक सिद्धान्त तथा नीतिअन्तर्गतका प्राथमिकतालाई प्रभाव दिने विभिन्न नीति तथा योजनाहरू प्रचलनमा रहेका छन। सवै खाले भूसम्बन्धलाई परिभाषित गर्ने एवं कानुनी संरक्षण प्रदान गर्ने देखि लिएर सुकुमवासी एवं अव्यवस्थित बसोवासीको भूमिमा पहुँच सहित उनीहरूको व्यवस्थापनका लागि प्रतिबद्धता राज्यले व्यक्त गरेको तथ्य नीतिगत दस्तावेजहरूको अध्ययनबाट प्रष्ट हुन्छ। आवासको समस्या समाधानका लागि भूमिमा पहुँच सुनिश्चित गर्न आवश्यक रहेको तथ्यलाई स्वीकार पनि गरिएको छ। त्यस्ता नीतिगत प्रतिबद्धतालाई व्यहारमा उतार्न कतिपय सन्दर्भमा कानुनहरू बनेका छन् भने कतिपय विषयमा कानुनी प्रबन्धको अभाव हुँदा कार्यान्वयनमा अन्योलता देखिन्छ। अध्ययनको विषयसँग महत्त्व राख्ने नीतिगत दस्तावेजहरूको बारेमा निम्नानुसार परिचर्चा गरिएको छ।

### ४.४.१ सोहौं योजना (आर्थिक वर्ष, २०८१/८२ देखि २०८५/८६)

पन्धौं योजनाले लक्षित र सीमान्तकृत जातजाति तथा समुदाय एवं विपद्को उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास व्यवस्था गर्ने रणनीति अगाडि सारेको थियो। सुरक्षित आवासमा बस्ने ४० प्रतिशतलाई बढाएर पन्ध्रौं योजनाको अन्त्यसम्ममा ६०% पुर्याउने अपेक्षा राखेको थियो। यो लक्ष्य अधुरै रहेको छ। अहिले सोहौं योजना लागु भैसकेको छ। सोहौं योजनाले आम नागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्नुलाई मूल उद्देश्य मानेको छ। उक्त मूल लक्ष्य हासिल गर्नका लागि तोकिएका तीनवटा प्रमुख क्षेत्रगत उद्देश्यमध्ये “स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्नु” एक रहेको छ। त्यसैगरी मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु अर्को उद्देश्य रहेको छ।

### ४.४.२ राष्ट्रिय आवास नीति, २०६८

यस नीतिले सबैका लागि सुरक्षित, पर्याप्त र क्षमता अनुकूलको आवास उपलब्ध गराउने र गरीबीको रेखा मुनि रहेका र अव्यवस्थित तथा असुरक्षित बस्तीहरूमा बसोवास गरेका परिवारहरूलाई समेत समेटी आवास अवधारणा विकास गर्ने प्रतिबद्वता व्यक्त गरेको छ। निश्चित अवधि अगाडि नै अतिक्रमित जग्गामा विकसित भएका अस्वस्थकर बस्तीहरूलाई लागत असुलीको आधारमा सकभर साविककै स्थानमा सो सम्भव नभएमा अन्यत्र पुनर्स्थापना गर्ने तथा तोकिएको अवधि अगाडि बसोवास गरेका परिवारको लागि आवश्यक परिचय पत्र दिई पहिचान सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरिएको (४.७.१)। न्यून आय भएका तथा विशेष गरी शहरी क्षेत्रमा ऐलानी, पर्ति, नदीको किनार तथा अन्य विभिन्न ठाउँमा अतिक्रमण गरी बसोवास गर्ने गरिब परिवार, एउटा कोठा बहालमा लिई बस्ने न्यून आय भएका परिवार, आवासविहीन तथा अन्य पीडित वर्गका परिवारको लागि कम लागतका आवास घरहरूको निर्माण गर्न स–साना घडेरी प्लटहरू उपलब्ध गराउने, आवासीय स्थलहरूमा अत्यावश्यक आधारभूत भौतिक सेवा सुविधाहरूको व्यवस्था गर्ने गराउने प्रतिबद्धता व्यक्त गरिएको (४.७.२)।

### ४.४.३ राष्ट्रिय आवास योजना २०७१

अस्थायी तथा अव्यवस्थित बसोवासको समस्याप्रति यो योजना संवेदनशील रहेको देखिन्छ। योजनामा भनिएको छः "शहरी क्षेत्रको ऐलानी पर्ति जग्गा, नदी किनारको जग्गा, आवादी नभएको भिरालो जग्गा आदि अतिक्रमण गरी सुकुमवासीका रूपमा अनधिकृत बसोबास गरेको परिवारको संख्या द्रुत गतिमा बढिरहेको छ। यस्ता सुकुमवासी बस्तीमा रहेको आवासको अवस्था अति दयनीय छ। एक अनुमान अनुसार नेपालमा कूल शहरी जनसंख्याको १०% सुकुमवासी छन्।"

भूमिहीन तथा निःसहाय वर्गको लागि आवासको अभावको सन्दर्भमा विशेष नीति बनाएर लागु गर्नु पर्ने आवश्यकता रहेको औंल्याउँदै योजनामा भनिएको छः "नेपालमा उल्लेखनीय संख्यामा आर्थिक तथा शारीरिक दृष्टिकोणबाट पीडित वर्गहरू रहेका छन् जसको हितको लागि आवास व्यवस्थाको सम्बन्धमा विशेष नीतिको तर्जुमा हुनु आवश्यक छ। यी वर्गमा भूमिहीन तथा निःसहाय परिवार (कृषि मजदुर, कमैया, हली, हरूवा, चरुवा आदि), प्राकृतिक प्रकोपबाट घरजग्गाविहीन हुन पुगेका परिवार तथा शारीरिक रूपमा दुर्बल, अस्वस्थ्य व्यक्तिहरू, निःसहाय महिला र वयोवृद्धहरू पर्दछन्।"

### ४.४.४ राष्ट्रिय शहरी नीति २०६४

गरिबी निवारणका कार्यक्रमहरूमा शहर भित्रका सुकुमवासी वा न्यून आय भएका वर्गको आवास सुविधा र अन्य आयआर्जनका कार्यक्रम समावेश गरी कार्यान्वयनमा ल्याउने। निम्न आय भएका व्यक्तिलाई आवास उपलब्ध गराउन सहकारी र अन्य माध्यमबाट सुलभ कर्जाको व्यवस्था गर्ने।

### ४.४.५ पूर्वाधार विकास आयोजनाका लागि जग्गा प्राप्ति, पुनर्वास तथा पुर्नस्थापनासम्बन्धी नीति, २०७१

- *उपयुक्त जीविकोपार्जनको विकल्प बिना जग्गा प्राप्त गर्दा प्रभावित व्यक्ति/परिवारको जीवनस्तर जोखिममा पर्ने संभावना बढ्दै गएको स्वीकारिएको छ।*

- नीतिले आयोजनाको कार्यान्वयनबाट स्थानीय व्यक्ति, परिवार वा समुदाय निष्कासन नै नहुने वा सकेसम्म न्यून निष्कासन हुने अवस्था सृजना गर्ने, विस्थापनको अवस्था आइपरेमा प्रभावित व्यक्ति, परिवार वा समुदायलाई आयोजनाबाट पर्ने प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्दै प्रभावित परिवारहरूलाई क्षतिपूर्ति तथा आर्थिक सामाजिक लाभका अवसर उपलब्ध गराउने उद्देश्य राखेको देखिन्छ।
- सुरूमा नै लेखाजोखा गर्ने एवं भौतिक र आर्थिक समाजिक विस्थापनलाई न्यूनीकरण गर्ने गरी तयार गरिएको विकल्पलाई प्राथमिकता दिने र प्रभावितको जीविकोपार्जन पुनर्स्थापना गर्नका लागि साधन स्रोतको सुनिश्चित गर्ने नीति अख्तियार गरिएको छ।
- व्यक्ति, समुदाय तथा संवेदनशील समूहमा पर्न जाने प्रभाव पहिचान गर्न सामाजिक प्रभाव मूल्याङ्कन गर्ने, प्रभावितको जीवनस्तर आयोजना लागु हुनु भन्दा पहिलेको अवस्था भन्दा कम हुन नदिने अवस्था सुनिश्चित गर्न पुनर्वास तथा पुनर्स्थापना योजना तयार पार्ने व्यवस्था गरिएको छ।
- निस्कासन हुनु पहिले नै क्षतिपूर्ति, पुनर्वास तथा पुनर्स्थापनासम्बन्धी सुविधाहरू सुनिश्चित गर्ने,
- सुविधाविहीन, दलित, आदिवासी तथा जनजाति र एकल महिला जस्ता अवसरवाट वञ्चित समूहका व्यक्ति प्रभावित भएमा उनीहरूको साामाजिक आर्थिक समुन्नतिको लागि थप सहायता सहित समावेशीकरणका कार्यक्रमहरू तयार पार्ने,
- आफ्नो स्वामित्वको जग्गा कतै पनि नभएका वा आफू बसोवास गरेको जग्गाको स्वामित्वको कुनै पहिचानयोग्य कानुनी आधार नभएका विस्थापित व्यक्तिहरूलाई जग्गा बाहेकका अन्य सम्पत्तिको क्षतिपूर्ति तथा पुर्नस्थापना सहायता पाउने वातावरण सूनिश्चित गर्ने,

- *आयोजना सञ्चालन गर्ने निकायले आयोजना प्रभावित व्यक्ति, समुदाय तथा संवेदनशील समूह खासगरी विपन्न, भूमिहीन, ज्येष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी, अपाङ्ग, अशक्त र आफू बसोवास वा भोग गरेको जग्गाको कानुनी अधिकार नभएका व्यक्तिसँग सार्थक परामर्श गरेको सुनिश्चित गर्ने,*
- *प्रभावित व्यक्ति तथा समुदायको गुनासो सुन्न र तिनीहरूको समाधानका लागि सहजिकरण गर्न उपयुक्त संयन्त्र स्थापना भएको सुनिश्चित गर्ने,*
- *विस्थापनका कारण प्रभावित व्यक्तिहरूको जीवनस्तरमा परेको असर बारे अनुगमन तथा मूल्याङ्कन गर्न प्रभावकारी संयन्त्र स्थापना गर्ने,*
- *उच्च जोखिम भएका आयोजनाको रूपमा हिमाली क्षेत्रमा ५० वा सो भन्दा बढी परिवारहरू, पहाडी क्षेत्रमा ७५ वा सो भन्दा बढी परिवारहरू, तराई क्षेत्रमा १०० वा सो भन्दा बढी परिवारहरू भौतिक वा आर्थिक रूपले विस्थापित हुने आयोजनालाई समेटिने,*
- *पर्याप्त साधन र स्रोत उपलब्धता सुनिश्चित गरी निस्कासनसम्बन्धी विस्तृत लगत सङ्कलन कार्य अगाडि बढाइने।*

### ४.४.६ मानवअधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना, (२०७७/२०७८ –२०८१/२०८२)

- *आवासको हकसम्बन्धी ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको एवं राष्ट्रिय आवास नीति, २०६८, राष्ट्रिय शहरी विकास रणनीति, २०७३ मा दुई वर्ष भित्र परिमार्जन र सुधार गरी कार्यान्वयनमा ल्याउने।*

- *सुरक्षित आवासमा रहेका विकट, अपायक, विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका अति विपन्न, लोपोन्मुख, सीमान्तकृत वर्गका नागरिकलाई जस्ता पाताको छाना मुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्ने।*
- *विकट, अपायक, विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका अति विपन्न, लोपोन्मुख, सीमान्तकृत वर्गका परिवारका लागि एकीकृत बस्ती विकासको अवधारणा अनुरूप आवासको व्यवस्था गरी सुविधायुक्त स्थानमा स्थानान्तरण गर्ने।*
- *नागरिक आवास कार्यक्रम सञ्चालन गरी आवासको प्रबन्ध सुनिश्चित गर्ने। आवासको प्रबन्ध गर्न असमर्थ परिवारलाई आवास उपलब्ध गराउने।*
- *आवासविहीन नागरिक तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउन सहुलियतपूर्ण वित्तीय सुविधा उपलब्ध गराउने।*
- *जोखिमयुक्त बस्ती स्थानान्तरण गर्ने।*

### ४.४.७ राष्ट्रिय भूमि नीति, २०७५

- *भूसम्बन्ध प्रणालीलाई औपचारीक, अर्धऔपचारिक र अनौपचारिक गरी तीन प्रकारमा पहिचान र व्यवस्थित गरिने,*
- *औपचारिक भूसम्बन्ध प्रणालीअन्तर्गत रैकर, गुठी, सरकारी र सार्वजनिक गरी चार प्रकारका भूसम्बन्ध समाविष्ट रहने,*
- *अर्धऔपचारिक भूसम्बन्ध प्रणालीअन्तर्गत नापी भै फिल्डबुक कायम भएका, भोग, लगत र तिरो भै नापी हुन बाँकी रहेका, बेनिस्सा र स्ववासी जस्ता विद्यमान कानुनले सम्बोधन गर्ने प्रकृतिका भूमिलाई समेटेको*

- *अनौपचारिक भूसम्बन्ध प्रणालीअन्तर्गत लामो समयदेखि बसोवास गरिरहेको भनिएका तर कुनै प्रमाण नभएको कारण विद्यमान कानुनले सम्बोधन गर्न नसक्ने र अतिक्रमित जग्गा रहने,*
- *भूमिमा नागरिकको पहुँचको हक प्रत्याभूत गर्ने उद्देश्य हासिल गर्नका लागि भूमिको हदबन्दी समयसापेक्ष र वैज्ञानिक तुल्याउने,*
- *हदबन्दी माथिको जमीन कानुनबमोजिम प्राप्त गर्ने,*
- *भूमिहीन विपन्न परिवारलाई उचित बसोवासको व्यवस्था मिलाउने,*
- *पुनर्स्थापना गर्नु पर्ने व्यक्ति वा परिवारलाई उचित व्यवस्थापन गरिने,*
- *कृषियोग्य जग्गामा कृषक परिवारको पहुँच बढाउने,*
- *भूमिमा महिलाको पहुँच र स्वामित्व वृद्धि गरिने।*

## ४.५ आवासको हकसम्बन्धी ऐनले कस्तो संरक्षण दिएको छ?

वि.सं. २०७५ साल असोज २ गतेदेखि लागू भएको यो ऐनले तीनै तह (संघ, प्रदेश र स्थानीय) का ७६१ सरकारहरूका लागि बाध्यकारी कानुनी दायित्व सृजना गरेको छ। ऐनका सबल तथा दुर्बल पक्षहरूको निम्नानुसार चर्चा गरिएको छ।

ऐनको प्रस्तावनामा नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवास सुविधा उपलब्ध गराउने उद्देश्य निहित रहेको छ।

ऐनको दफा २ (क) ले "आवास"को परिभाषा भित्र "आवासीय प्रयोजनको लागि निर्माण गरिएको भवन, घर, सोको अंश वा यस्तै स्थायी वा अस्थायी आंशिक वा पूर्ण संरचना"लाई समेटेको छ।

दफा २ (घ) ले "आवासविहीन"को परिभाषा भित्र दफा ७ बमोजिम आवासको सुविधा उपलब्ध गराइने व्यक्तिलाई समेटेको छ।

दफा ३ (१) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार हुने घोषणा गरेको छ। साथै त्यस्तो अधिकारको सम्मान, संरक्षण र परिपूर्ति यस ऐन तथा अन्य प्रचलित कानुनबमोजिम हुने उल्लेख गरेको छ।

दफा ३ (२) ले आवासको अधिकारअन्तर्गत पाँच अन्तरवस्तुलाई समाविष्ट गरेको छ :

- *मापदण्डको अधिनमा रहेर आवास बनाउने, सो आवासमा बसोबास गर्ने र त्यसको प्रयोग गर्ने,*
- *अवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने,*
- *आवास स्थलको छनोट तथा बसाइँसराइ गरी उपयुक्त स्थानमा आवासको लागि व्यवस्था गर्ने,*
- *आवास स्थलमा धार्मिक, सामाजिक र सांस्कृतिक पहिचान सम्मान र संरक्षण गर्ने र खुला क्षेत्रमा भौतिक संरचना निर्माण नगरी संरक्षण गर्ने।*

## ४.६ आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहने अधिकारको कार्यान्वयन कसरी हुन्छ ?

यो अधिकारको सही कार्यान्वयनका लागि अनौपचारिक बस्तिमा बसेकाहरूको आवास सम्बन्धको सुरक्षालाई मान्यता दिने एवं विकल्पविहीन निष्कासन नगरिने कुराको सुनिश्चितता जरुरी हुन्छ। यस सन्दर्भमा दफा ३ (३) उपदफा (१) मा संरक्षित अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुने गरी गरिएको व्यवस्था पनि अर्थपूर्ण छ। यो वा त्यो वहानामा कुनै पनि तहको सरकार वा त्यस मातहतका निकाय वा पदाधिकारीले आवासको हकमा आघात पार्ने गरी कुनै काम गर्ने र त्यसको औचित्य सावित गर्ने कुरा स्वीकार्य हुँदैन। दफा ४ (१) मा नागरिकलाई शान्तिपूर्वक निर्वाध रूपमा आवास उपभोग गर्न पाउने अधिकारको प्रत्याभूति एवं आर्थिक अवस्था समेतको आधारमा अवासको सुविधाबाट वञ्चित गर्न वा भेदभाव गर्न नपाइने गरी दफा ४ (२) मा गरिएको प्रत्याभूति पनि महत्त्वपूर्ण छन्।

दफा ५ (१) मा सार्वजनिक प्रयोजनका लागि प्रचलित कानुनबमोजिम कुनै नागरिकलाई निजको आवासबाट हटाउन सकिने व्यवस्था गरिएको छ। कानुनबमोजिम भन्नाले आवासको हकसम्बन्धी ऐनमात्रै नभएर अन्य प्रचलित नेपाल कानुन पनि हो भन्ने स्पष्ट छ।

ऐनको दफा ५ (२) मा रहेको "सार्वजनिक प्रयोजनका लागि नागरिकलाई निजको स्वामित्वको आवासबाट हटाउँदा निजलाई पुनर्वासको व्यवस्था गरी वा प्रचलित कानुनबमोजिमको क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ" भन्ने व्यवस्था छ। यसलाई एकांकी रूपमा पढ्दा भने समस्याग्रस्त देखिन्छ। यसमा स्वामित्वको आवासबाट हटाउँदा मात्रै पुनर्वासको व्यवस्था गर्ने वा प्रचलित कानुनबमोजिमको क्षतिपूर्ति प्रदान गर्नु पर्ने र अन्य अवस्थामा पुनर्वास र क्षतिपूर्ति आकर्षित नहुने हो कि भन्ने देखिन्छ। यसलाई समग्रतामा व्याख्या गर्न जरुरी छ। यो व्यवस्थाको आधारमा आफ्नो स्वामित्व भएको आवास बाहेक अन्यत्र बसोवास गरेकालाई जथाभावी हटाउन सकिन्छ भन्ने होइन। यस व्यवस्थाले पुनर्वास वा क्षतिपूर्ति अरू अवस्थामा निषेध गरेको पनि छैन। स्वामित्वमा हुनेलाई विशेष ध्यान दिन खोजेको अर्थमा लिनु पर्दछ। दफा ५ (४) मा आवासबाट हटाउँदाका शर्त बन्देजहरू भूसम्बन्धको अवस्था जेसुकै भएपनि सबैको हकमा लागु हुने देखिन्छ।

## ४.७ ऐनले आवासबाट हटाउँदा के कस्ता शर्त बन्देजहरू पालना गर्नु पर्ने व्यवस्था गरेको छ र ती शर्तबन्देजलाई कसरी बुझ्ने ?

**क) परामर्शः** दफा ४ (१) को देहाय (क) मा हटाउनु पूर्व "नागरिकसँग परामर्श गरिएको" हुनु पर्ने शर्त छ। यो परामर्शको प्रयोजन औपचारिकता पूरा गर्नका लागि होइन। यसको प्रयोजन आवासविहीनताबाट रोक्नका लागि हो भन्ने बुझ्नु पर्छ। यो शर्तको गहन कानुनी प्रयोजन र अर्थ छ। गोश्वारा रूपमा परामर्श गर्न आउ भनेर बस्तिका मानिसलाई बोलाएर समुच्चमा गर्ने छलफलले यो परामर्शको कानुनी शर्तलाई सन्तुष्ट पार्दैन। प्रत्येक परिवारको अवस्था आङ्कलन गर्न र तदनुरूपको विकल्पका निर्धारणका लागि परामर्श गरिएको हुनु पर्दछ।

**ख) पर्याप्त र कारणसहितको सूचनाः** दफा ४ (१) को देहाय (ख) मा "पर्याप्त र कारणसहितको सूचना संप्रेषण गरिएको" हुनु पर्ने शर्त छ। प्रत्येक परिवारको अवस्था भिन्न हुने भएकाले बस्तिमा बसोवास गर्ने सबैलाई गोश्वारा सूचना दिनु विवेकसम्मत हुँदैन। मानव बसोवास बिनाका संरचना हटाउने कुरा र मानव बस्तिबाट उठाउने कुरा मानवअधिकारको परिप्रेक्ष्यबाट भिन्न छन्। प्रत्येक परिवारसँगको परामर्शको आधारमा उनीहरूको अवस्था पहिचान भएपछि तदनुरूप नै हटाइने अमुक परिवारका लागि कति समय पर्याप्त हुने भन्ने निर्धारण गर्नु पर्ने हुन्छ। गोश्वारा रूपमा समय तोकेर पत्रिकामा प्रकाशन गर्ने कुराले मात्रै पर्याप्त सूचनाको कानुनी शर्त पुरा भएको मानिँदैन। हटाउने समय र त्यसको कारणका बारेमा प्रत्येक परिवारलाई लिखित रूपमा त्यस्तो सूचना पुगेको हुनु पर्दछ।

**ग) पहिचान तथा सत्यपानः** दफा ४ (१) को देहाय (ग) मा "आवासबाट हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान" भएको हुनु पर्ने शर्त छ। यो शर्तले आवासबाट हटाउने व्यक्ति वा परिवारको उपयुक्त पहिचान (को ? कहाँबाट आएको? हटाएपछि गएर बस्ने ठाउँ छ छैन? विशेष आवश्यकता भएका सदस्यहरू जस्तै ज्येष्ठ नागरिक, स्कुले बालबालिका, बिरामी, गर्भवती, अपाङ्गता भएका व्यक्तिहरू छन् वा छैनन् ? तिनिहरूको आवश्यकता कसरी पूरा हुन्छ ? परिवारको पूर्ण विवरण) को माग गर्छ। यस किसिमको पहिचानले यस प्रकृयालाई समावेशी र समतामूलक बनाउन मद्धत गर्दछ। सत्यपान (verification) पछि मात्रै कस्तो अवस्था रहेछ भन्ने थाहा लाग्ने हो। यसले प्रकृयालाई यथार्थपरक र सत्य तथ्यमा आधारित बनाउँछ र वैधता सुनिश्चित गर्छ।

**घ) अधिकार प्राप्त अधिकारी वा निजको प्रतिनिधिको उपस्थिति:** दफा ४ (१) को देहाय (घ) मा "हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारी वा निजको प्रतिनिधि उपस्थित भएको" हुनु पर्ने शर्त छ। यसको पनि विशेष अर्थ छ। यसले राज्यको जिम्मेवारपूर्ण र वैध उपस्थिति सुनिश्चित गर्न खोजेको हो। कानुनी राजको अधिनमा हटाउने काम भैरहेको छ भन्ने सुनिश्चित गर्न खोजिएको हो। नागरिकलाई दायाँ बायाँ दुःख दिने काम राज्यबाट नहोस् भन्न खोजिएको हो।

**ङ) रातिको समय वा अन्य कुनै अनुपयुक्त समयमा नहटाइने:** दफा ४ (१) को देहाय (ङ) मा हटाउने काम “रातिको समय वा अन्य कुनै अनुपयुक्त समय नहोस” हुनु पर्ने शर्त छ। यसको तात्पर्य हटाउने प्रकृया सम्मानजनक होस्, मानवीय मर्यादायुक्त होस् भन्ने हो। अनि वर्षा वा मौसमको प्रतिकूलताको अवस्थामा नगरियोस् भन्ने हो। चुनाव आम सोकारको राष्ट्रिय पर्व तथा खास समुदाय वा जातजातिका लागि महत्त्वपूर्ण कुनै चाडपर्वको बेलामा, क्रिया बसेको वा परिवारको सदस्यको मृत्य भएर शोकमा रहेको अवस्थामा नउठाइयोस् भन्ने लगायतका प्रयोजनका लागि यो व्यवस्था भएको हो भन्ने कुरा ख्याल गरिनु जरुरी छ। यस व्यवस्थाले हटाउने प्रकृयालाई मानवीकरण गर्न खोजेको देखिन्छ। सभ्य तथा लोकतान्त्रिक समाजका लागि पाच्य र उपयोगी होस् भन्ने ठानिएको देखिन्छ।

**च) विशेष वर्गको हित संरक्षणः** दफा ४ को उपदफा (५) को व्यवस्था पनि विशेष छ। यसमा आवासबाट हटाउने क्रममा “ज्येष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती महिलाको संरक्षणमा उचित ध्यान दिनु पर्ने” दायित्व तोकिएको छ। यो यान्त्रिक परिपालनाको विषय होइन। सारभूत व्यवस्था हो र यसलाई व्यवहारमा अनुवाद गर्न जरुरी छ। यसको पालनाका लागि उचित पहिचान हुनु र उनीहरूको विशेष आवश्यकता के छ भन्ने कुराको एकिन हुनु जरुरी हुन्छ।

## ४.८ ऐनले अवासविहीन व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउने सम्बन्धमा राज्यको के कस्तो दायित्व तोकेको छ?

दफा ७ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध श्रोत साधनको आधारमा आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकिकरण गरी क्रमशः तोकिएबमोजिम आवासको सुविधा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। त्यसरी आवासको सुविधाका हकदारको रूपमा “(क) नेपाल राज्य भित्र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न असमर्थ” र “(ख) प्राकृतिक विपत्तिका कारण स्थायी रूपमा विस्थापित भएको र खण्ड (क) बमोजिमको अवस्था विद्यमान भएको” व्यक्ति तथा परिवारलाई तोकिएको छ। ऐनको दफा ७ अन्तर्गत सुरक्षित आवसको जोहो आफैं गर्न

नसक्नेलाई आवासको प्रबन्ध गरिदिनु राज्यको प्राथमिक दायित्वको रूपमा रहेको भनी समेटिएको छ। त्यो दायित्व पूरा गर्न तत्काल सकिँदैन भने जीविकोपार्जनका रणनीतिको रूपमा सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिएर बसेका नागरिकको अवस्थालाई थप नाजुक पार्ने गरी कुनै हस्तक्षेप गर्ने वा निष्कासन गर्ने कार्य गर्न राज्यले सक्दैन। अति विपन्नता वा प्रकृतिक विपत्तिका कारण आवासविहीन अवस्थामा पुगेका व्यक्ति तथा परिवारलाई उपयुक्त आवास सुविधा दिनु पर्ने सकारात्मक दायित्व वहन गर्नु पर्ने राज्यको दायित्व निश्चित गरिएको छ। आवासविहीनलाई आवास सुविधा दिने कानुनी दायित्वको अधिनमा रहेको संघ, प्रदेश र स्थानीय तह आाफैंले नागरिकलाई आवासविहीनतामा धकेल्ने गरी बसोवास गरेको ठाउँबाट हटाउने वा उठीवास लगाउने कुरा किमार्थ स्वीकार्य हुँदैन। त्यस्तो कार्य स्वतः कानुनतः निषेधित हुने देखिन्छ।

## ४.९ सुरक्षित आवासबाट वञ्चित व्यक्ति तथा परिवारको पहिचान कसरी, किन र कस्ले गर्ने ?

आवासको आवश्यकता भएका व्यक्ति तथा परिवारको पहिचानको जिम्मेवारी दफा ९ (१) ले स्पष्टतः स्थानीय तहको हुने गरी तोकेको छ। विस्तृत पहिचान र बसोवासको अवस्था समेत खुल्नेगरी सम्बन्धीत स्थानीय तहले तोकिएबमोजिम लगत संकलन गर्नु पर्ने व्यवस्था छ। यस कामका लागि नेपाल सरकार र प्रदेश सरकारले स्थानीय सरकारलाई आवश्यक सहयोग गर्ने व्यवस्था छ। स्थानीय तहले पहिचान गरी तयार गरेको अभिलेखको आधारमा लक्षित परिवारलाई दफा १० अन्तर्गत परिचयपत्र वितरण गर्ने दायित्व पनि स्थानीय तहको हुनेगरी तोकिएको छ। परिचयपत्रलाई नै आधार मानेर आवासको सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

यसका अलावा ऐनले आवास सुविधाका लागि तोकिएबमोजिमको सहुलियतपूर्ण वित्तिय सुविधा उपलब्ध गराउने, आवश्यकताअनुसार तत्काल अस्थायी बसोवासको व्यवस्था वा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने, आवश्यकता अनुरूप लैंगिकता र अपांगतामैत्री पुनर्स्थापनाको सुविधा उपलब्ध गराउनु पर्ने, उचित पुनर्वासको व्यवस्था गर्नुपर्ने, स्थानीय तहसँग समन्वय, एकीकृत बस्ती विकास,

आवश्यकतानुसार बस्ती स्थानान्तरण गर्ने, पुर्वाधार र न्यूनतम सुविधा उपलब्ध गराउने, अनुगमन गर्ने, स्थानीय न्यायिक समितिले गुनासो सुन्ने लगायतका व्यवस्थाहरू छन्।

## ४.१० खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐनअन्तर्गत कस्तो कानुनी संरक्षण दिएको छ?

खासगरी आवासको अधिकारबाट वञ्चिति खाद्यको अधिकारको उपभोगका लागि पनि बाधक हुने भएकाले खाद्यको अधिकार तथा खाद्य सम्प्रभूता ऐन पनि यस सन्दर्भमा आकर्षित हुन्छ। ऐनले भूमि तथा आवाससँगको खाद्यको अन्योन्याश्रित सम्बन्धलाई मान्यता दिएको छ। खाद्य सम्प्रभूताको हकको एउटा अवयवका रूपमा ऐनको १२ (२) मा कृषि पेशाबाट स्वेच्छाचारी रूपमा निस्कासन गर्ने कार्यविरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार संरक्षित छ। त्यसैगरी दफा १३ (४) मा महिला किसान तथा कृषिमा आधारित भूमिहीन किसानलाई प्रथामिकताको आधारमा कृषियोग्य भूमि वा कृषि सामग्रीमा पहुँच विस्तार गर्ने राज्यको दायित्व तोकिएको छ। दफा १५ (ग) ले कृषियोग्य भूमिलाई बाँझो राख्न नपाइने व्यवस्था गरेको छ। त्यसैगरी दफा १७ (२) (ङ) मा बाँझो भूमिको प्रभावकारी व्यवस्थापन गर्नु पर्ने दायित्व पनि तोकिएको छ। महत्त्वपूर्ण रूपमा दफा ४० (ङ) मा जीविकोपार्जनको आधारबाट विमुख पार्ने गरी वासस्थानविहीन बनाउने कार्य दण्डनीय कसुर हुने व्यवस्था छ। त्यस्तो कसुर भएमा दफा ४२ (ग) बमोजिम पाँच वर्षसम्म कैद र पाँच लाख रूपैयासम्म जरिवाना हुने व्यवस्था छ। उठीवास लगाएर जिविकोपार्जनबाट विमुख पार्ने कार्यका लागि जिम्मेवार व्यक्ति तथा पदाधिकारीलाई दण्डित गर्न सकिने व्यवस्थाको कार्यान्वयन हुन सके पर्याप्त आवासको हकको प्रवर्द्धनका लागि योगदान पुग्ने देखिन्छ।

## ४.११ स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारका के कस्ता दायित्वहरू सुम्पेको छ?

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा नै "कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्ने अभिष्ट" प्रतिविम्बित भएको छ। तदनुरूप नै काम, कर्तव्य र अधिकारलाई पनि सामाजिक न्याय र समाजवाद उन्मुख हुनेगरी तय गरिएको छ। दफा ११ (च) अन्तर्गत सुरक्षित वस्ती विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकनको व्यवस्था छ। त्यसैगरी ११ (छ) मा सुकुमवासीको पहिचान र अभिलेख व्यवस्थापन गर्नै पर्ने व्यवस्था छ। सुकुमवासीसम्बन्धी जीविकोपार्जन र बसोवास व्यवस्थापन गर्नु पर्ने कानुनी कर्तव्य पनि समेटिएको छ। त्यसैगरी स्थानीयस्तरमा अव्यववस्थित बसोवास व्यवस्थापनको कर्तव्य समेत सुम्पिएको छ। व्यवहारमा भने यी व्यवस्थाहरूतर्फ ध्यान गएको देखिँदैन। कतिपय सन्दर्भमा भूमिहीन सुकुमवासी नागरिकको समस्याप्रति स्थानीय सरकारको असंवेदनशीलता प्रदर्शित भएको देखिन्छ। भूमिमा पहुँच, आवासको हक लगायतका आर्थिक, समाजिक अधिकार र सामाजिक न्यायको दृष्टिबाट ऐनलाई सुदृढ पार्नु पर्ने आवश्यकता देखिन्छ।

## ४.१२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको सान्दर्भिकता के रहेको छ?

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति समेतको संरक्षण गर्ने उद्देश्य राखेको छ। ऐनले आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयान र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपदलाई आफ्नो दायरा भित्र समेटेको छ। ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन परिषद्, जिल्ला विपद्

व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति लगायतका संरचनाहरू सृजना गरेको छ। जोखिम न्यूनीकरण, उद्धार तथा प्रतिकार्य लगायतको सन्दर्भमा उनीहरूका काम, कर्तव्य र अधिकार तोकेको छ। राष्ट्रिय परिषद्का काम कर्तव्यअन्तर्गत 'नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमीन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोवास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने गराउने कुरालाई पनि ऐनले समेटेको छ।

त्यसैगरी उच्च सङ्कटमा रहेका समुदायको पहिचान गरी जोखिम न्यूनीकरण सञ्चालन गर्ने, विपद् प्रभावितलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था छ। विपद्को घटना हुनासाथ त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित वासिन्दाको जीउ धनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धीत निकायसँग समन्वय गर्ने प्राधिकरणको कर्तव्य हुने व्यवस्था गरेको छ।

उचित विकल्प बिना जबर्जस्ती निष्कासन गर्न लगाउने कार्य आफैंमा नागरिकको जीवनमा विपद् निम्त्याउने कार्य भएकाले त्यस्तो कार्य यो ऐनअन्तर्गत पनि वर्जित देखिन्छ। विपद्मा परेकालाई राहत र क्षतिपूर्ति दिने, पुनर्स्थापना र पुनर्वास गराउने दायित्व भएकाले आवासविहीन बनाउने गरी जबर्जस्ती निष्कासन गराउने कुराको कानुनी वैधता स्थापित हुने कल्पना गर्न सकिंदैन।

## ४.१३ क्षेत्रगत कानुनहरूमा के कस्तो थप सुधारको आवश्यकता रहेको छ?

नेपालको संविधानअन्तर्गत संरक्षित आवास तथा खाद्यसम्बन्धी अधिकार कार्यान्वयन गर्न बनेका ऐनहरू सकारात्मक रहेपनि थुप्रै क्षेत्रगत कानुनहरू आवासको हक प्रतिकूल छन्। नयाँ संविधान जारी हुनुपूर्व लागु भएका यी कानुनहरू उठीवासलाई प्रश्रय दिने प्रकृतिका छन्। ती कानुनहरूलाई प्राथमिकताका साथ संशोधन गर्नु पर्नेमा सरकार चुकेको छ। बरु तिनलाई जोगाएर राखेको अवस्था छ। विपन्न वर्गका नागरिकमाथि शासन लाद्ने हतियार बनाएको अवस्था छ। संशोधनका लागि

प्राथमिकताका साथ नागरिक समाजबाट वकालत तथा पैरवी गर्नु पर्ने केही महत्त्वपूर्ण कानुनहरूको तल चर्चा गरिएको छ।

| | |
|---|---|
| स्थानीय प्रशासन ऐन, २०२८ | *यस ऐनको दफा १० (क) को (२) ले सार्वजनिक जग्गा नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैले आवाद गर्न वा आवाद गर्ने अनुमति दिन निषेध गरेको छ। स्विकृति बिना आवाद गरेमा वा गर्न अनुमति दिएमा कसुर हुने व्यवस्था छ। आवाद गर्ने र अनुमति दिने व्यक्तिलाई बिगो बमोजिम जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था छ।*<br>*त्यसैगरी दफा (६) (क) मा सरकारी जग्गा, सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभै घर बनाउन निषेध गरिएको छ। कसैले त्यस्तो जग्गामा घर बनाएमा प्रमुख जिल्ला अधिकारीले एक महिनाभित्र घर भत्काई लैजान आदेश दिन सक्ने व्यवस्था छ। म्यादभित्र घर भत्काई नलगेमा पाँच हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो घर भत्काउन सक्ने र भत्काउँदा लागेको खर्च समेत सम्बन्धीत व्यक्तिबाट असुल गराउन सक्ने व्यवस्था छ।* |
| अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ | *नदी किनारामा गरिने विकास निर्माण तथा अन्य कामका सम्बन्धमा मापदण्ड तयार गरी कार्यान्वयनको लागि सम्बन्धीत निकायमा लेखी पठाउने अधिकार दिएको छ। नदी किनारामा अनधिकृत रूपमा वा अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरू हटाउने कुरालाई समितिको कार्यक्षेत्र भित्र राखेको छ।* |

| | |
|---|---|
| | *दफा १४ मा ऐनको उद्देश्य पुरा गर्न आवश्यक परे अस्थायी रूपले जग्गा अधिग्रहण गर्न सकिने व्यवस्था गरेको छ। विशेष परिस्थिति परेमा बाहेक "कुनै व्यक्तिले आफ्नो वासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा इमारत" लाई अधिग्रहण गर्न निषेध गरेर व्यक्तिको आवासको अनतिक्रम्यतालाई मान्यता दिएको छ। दफा १४ बमोजिम अधिग्रहण गरेका कारणले कुनै घर, टहरा वा इमारतको धनीले उपभोग गर्न नपाए बापत क्षतिपूर्ति भराइदिनु पर्ने व्यवस्था छ। तर आवासविहीनतालाई रोक्न वैकल्पिक आवास सुविधा उपलब्ध गराउने दायित्व तोक्न भने ऐन चुकेको छ। दफा १९ ले स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा घर टहरो वा छाप्रो बनाउन वा सडक सीमाको जग्गा आवादी गर्न वा यस्तै अन्य कार्य गर्न निषेध गरेको छ। उक्त निषेधित कार्य गरेको पाइएमा संरचना हटाउने वा आवादी गरेको जग्गा बझ्याउन आदेश जारी गर्न सक्ने अधिकार सडक विभागलाई दिएको छ। हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न सक्ने व्यवस्था समेत गरेको छ।*<br><br>*आवसविहीनताको अवस्था सृजना हुन्छ वा हुँदैन र आवासविहीनताको अवस्था वा जोखिम सृजना हुने रहेछ भने त्यसलाई कसरी संबोधन गर्ने भन्ने सम्बन्धमा ऐनमा कुनै प्रबन्ध गरिएको देखिँदैन।* |
| सार्वजनिक सडक ऐन, २०३१ | |
| वन ऐन, २०७६ | *ऐनले वन क्षेत्रको स्वामित्व सरकारको हुने घोषणा गरेको छ। राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन नपाइने तथा दर्ता गराइएको भए तापनि त्यो दर्ता स्वतः बदर हुने व्यवस्था छ।* |

| | |
|---|---|
| | *राष्ट्रिय वन क्षेत्र भित्रको जग्गालाई आवादी गर्ने कार्यलाई दफा ४९ (ग) ले कसुर घोषणा गर्दै दफा ५० ले सजायको व्यवस्था गरेको छ। दफा ५० (३) अनुसार त्यसरी आवाद गर्नेलाई ५ वर्ष सम्म कैद वा १ लाख जरिवाना वा दुवै सजाय हुन सक्छ। ऐनले सरकारबाट हक तथा सहुलियत दिने गरी व्यवस्था गरिएकोमा बाहेक कुनै पनि व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त नहुने व्यवस्था गरेको छ। वन ऐनले पनि सामाजिक न्यायको दृष्टिकोणबाट केही अपवादजन्य व्यवस्था गर्न चुकेको छ। कतिपय सन्दर्भमा आवासको अर्को उपयुक्त विकल्प नदिई नहटाइने कुरा सुनिश्चित गर्न चुकेको छ।* |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ | *ऐनमा निकुञ्ज भित्रको जग्गा प्रयोग गर्न कानुनी प्रतिबन्ध लगाइएको छ। ऐनको दफा ५ अन्तर्गत अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरू आकार बनाउन वा भोग गर्न, कुनै भूभाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न, घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी खुवाउन, रुख, बिरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरू कुनै प्रकारले हानि नोक्सानी पुर्याउन वा वन पैदावार ओसारपसार गर्न पाईदैन। यस्तो कार्य दण्डनीय हुने व्यवस्था छ।* |

| | |
|---|---|
| | ऐनको दफा ३ (ग) मा "मध्यवर्ती क्षेत्रभित्रका कुनै बासिन्दाको घर जग्गा बाढी पहिरोको कारणबाट राष्ट्रिय निकुञ्ज वा आरक्षको प्राकृतिक सिमानाभित्र पर्न गई त्यस्तो बासिन्दाको घरवास उठेमा दफा १६ (ग) बमोजिम गठित उपभोक्ता समितिको सिफारिस सम्बन्धीत राष्ट्रिय निकुञ्ज वा आरक्षले दफा २५ (क) बमोजिम स्थानीय नागरिकको सामुदायिक विकासको लागि छुटयाइने रकम मध्येबाट निजलाई मुनासिव क्षतिपूर्ति दिनेछ" भन्ने व्यवस्था गरेको छ। नागरिकको जग्गा जुनसुकै कारणबाट भएपनि निकुञ्जको सीमानाभित्र पर्न गएको मानी निकुञ्जले नै उपभोग गर्ने भैसकेपछि या उक्त जग्गा नदि उकास सरह किसानलाई उपभोग गर्न दिनु पर्ने वा अधिग्रहण गरे सरह मानी राज्यले यथोचित क्षतिपूर्ति दिनेगरी व्यवस्था गर्नु पर्नेमा ऐनले त्यसो गर्न चुकेको छ। क्षतिपूर्तिलाई दफा २५ (क) बमोजिम स्थानीय नागरिकको सामुदायिक विकासको लागि छुटयाइने रकममा निर्भर गराइएको छ। त्यस्तो रकमको उपलब्धताको स्थिति राष्ट्रिय निकुञ्ज पिच्छे नै फरक फरक हुने, किसानले क्षतिपूर्ति पाउने संभावना झिनो हुने, पाइहाले पनि देशभरी एकरूपता नहुने र विभेदको अवस्था सृजना भएको देखिन्छ।<br><br>तर यसलाई आवासविहीनताको परिप्रेक्ष्यबाट हेरिएको छैन। घरटहरा तथा छाप्रा हटाउँदा आवासविहीन नहुने सुनिश्चित गर्न विधायिकी मार्ग दर्शन ऐनमा छैन। |

| | |
|---|---|
| जग्गा प्राप्ति ऐन, २०३४ | *सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्त गर्ने सन्दर्भमा नियमन गर्ने उद्देश्यले आएको ऐन हो यो। यो ऐन केबल हकभोग वा स्वामित्वमा रहेको जग्गा प्राप्तिमा मात्रै सीमित छ। यसले आफ्नो स्वामित्वमा रहेको जमिन बाहेक अन्यत्र बसोवास गर्ने अनौपचारिक बसोवासी व भूमिहीन सुकुमवासीको हक हितलाई समेट्दैन। उनीहरू बसी रहेको ठाउँबाट उठाउँदा पुगेको क्षति बापत क्षतिपूर्ति दिने व्यवस्थाको अभाव छ।* |
| जग्गा नापजाँच ऐन, २०१९ | *जग्गा नापजाँच ऐनले पनि मालपोत ऐन जस्तै गरी सार्वजनिक, सरकारी र सामुदायिक जग्गालाई परिभाषित गरेको छ। दफा ६६ (ग) मा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा जनाई नाप जाँच भएको कुनै जग्गा कसैले आवाद, कमोत वा घरवास गरी अतिक्रमण गरी भोग गरेको भए पनि नाप जाँच गर्दा त्यस्तो जग्गा सरकारी, सार्वजनिक वा सामुदयिक जग्गाको रूपमा दर्ता गर्नु पर्ने व्यवस्था गरिएको छ।* |
| मालपोत ऐन र मालपोत नियमावली | *दफा २४ (१) ले सरकारी, सार्वजनिक वा समुदायिक जग्गा दर्ता गर्न वा आवाद गर्न निषेध गरी दर्ता गरेको रहेछ भने स्वतः बदर हुने व्यवस्था छ। दफा २५ मा दर्ता नभएको जग्गा आवाद गर्न नहुने व्यवस्था छ। दफा २६ मा अपवादात्मक व्यवस्था गरी स्वीकृति प्राप्त गरेर आवाद गर्न सकिने व्यवस्था भएपनि आवास वा कृषि प्रयोजनका लागि जमिनको आवश्यकता भएका परिवारहरू लाभान्वित हुने गरी प्रबन्ध गरिएको वा कार्यान्वयनमा ल्याएको देखिंदैन। दफा २९ मा सरकारी वा सार्वजनिक* |

| | |
|---|---|
| | जग्गा दर्ता वा आवाद गराउने कसुर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ। एक हजारदेखि दश हजारसम्म जरिवाना हुने पूर्ववतः व्यवस्थालाई जेल सजायको विकल्प समेत थपेर पछिल्लो संशोधनले थप कठोर बनाएको पाइन्छ। त्यसैगरी दफा ३० मा स्वीकृति बिना जग्गा आबाद गर्नेलाई बिगोको दश दोब्बरसम्म जरिवाना गरी, जग्गा जफत गर्नेछ। साथै त्यस्तो आबादीबाट मुक्त गरेपछि त्यस्तो जग्गा बझ्याई दिने व्यवस्था किसानको हित विपरित छ।<br><br>नेपालको संविधान लागु भएपछि मालपोत ऐन दुई पटक संशोधन भएको भएपनि यसलाई आवास तथा भूमिमा पहुँचको हक लगायतका मौलिक हकको परिप्रेक्ष्यबाट संशोधन र परिमार्जन गरेको देखिंदैन। सार्वजनिक तथा सरकारी जग्गा व्यक्तिले दर्ता गर्न रोक्नु उपयुक्त हो। तर त्यस्तो जग्गालाई सरकारी वा सार्वजनिक स्वामित्व कायम राखी भूमिहीन तथा विपन्न किसानलाई खेती गर्न दिने गरी व्यवस्था हुनु पर्दथ्यो। तर जग्गा बझ्याउने कार्यलाई ऐनले प्रवर्धन गरेको छ। एकातर्फ संविधानले नै उत्पादनशील भूमि बाँझो राख्न नहुने र त्यसको लाभदायक उपयोग गर्नुपर्ने व्यवस्था गरेको छ भने अर्कोतर्फ कृषि प्रयोजनका लागि आवाद गरेको जग्गालाई नियमन गर्ने भन्दा पनि बँझाउने व्यवस्था कायम राखिएको छ। |

| | |
|---|---|
| मुलुकी देवानी संहिता ऐन, २०७४ | *संविधान जारी भएपछि बनेको भएपनि संहिताका कतिपय प्रावधान भूमिहीन तथा विपन्न नागरिकको हकहितमा प्रतिकूल प्रभाव पार्ने प्रकृतिका छन्। ऐनको दफा ३०६ मा सरकारी, सार्वजनिक तथा सामुदायिक जग्गा कब्जा वा आबाद गर्न बन्देज लगाइएको छ। नेपाल सरकार, सम्बन्धीत सार्वजनिक संस्था वा समुदायको स्वीकृति नलिई सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा आवाद गर्न निषेध गरिएको छ। सो विपरीत आबाद गरेमा सम्बन्धीत स्थानीय तहले जग्गा छुटयाई जग्गा खाली गराइदिनु पर्ने व्यवस्था छ। साथै सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा कब्जा वा आवाद गर्ने व्यक्तिलाई मालपोत कार्यालयले दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ। लोभ लालचको कारण सरकारी तथा सार्वजनिक जग्गा हडप्ने प्रति राज्य कठोर हुनु स्वाभाविकै हो। तर अन्य विकल्प नभएर त्यस्तो जग्गामा आश्रय लिन बाध्य भएको अवस्थातर्फ पनि विधायिकाले विचार पुर्याउनु पर्दथ्यो। आवासविहीनताको अवस्था वा जीविकोपार्जनको आधारबाट विमुख हुने अवस्था रहेछ भने राज्यले जिम्मेवारी लिएर वैकल्पिक व्यवस्था गरिदिनेतर्फ पनि प्रबन्ध गर्दा आवासको हकको पनि सम्मान र संरक्षण हुने स्थिति सृजना हुन्थ्यो।* |

## ४.१४ आवासको हकलाई प्रभाव दिने गरी सरकारका के कस्ता नीति तथा कार्यक्रमहरू प्रचलनमा छन् ?

१२ वर्ष अघि सुरु भएको 'नागरिक आवास कार्यक्रम' आवासविहीन, लोपोन्मुख, सीमान्तकृत, दलित र विपन्न समुदायलाई आवास उपलब्ध गराउने उद्देश्य सहित कार्यान्वयन हुँदै आएको छ। नेपाल सरकारले यो कार्यक्रम आ.व. २०७५/७६ देखि प्रदेश सरकारलाई हस्तान्तरण गरिसकेको छ। सङ्घीय सरकारले बनाएर 'कार्यान्वयनमा ल्याएको "नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३" यो कार्यक्रम अहिले प्रदेशहरूले आ-आफ्ना कार्यविधि बनाएर कार्यान्वयनमा ल्याएका छन्। नागरिक आवास कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारलाई संघले ससर्त अनुदान उपलब्ध गराउँदै आएको छ। यस कार्यक्रमअन्तर्गत एउटा घर निर्माणका लागि सरकारले साढे तीन लाख रुपियाँ अनुदान दिँदै आएको छ भने लाभग्राहीले आफ्नै खर्चमा शौचालय बनाउने गरेका छन्। तर जमिनमा स्वामित्वको अभाव रहेका परिवारले यो कार्यक्रमबाट सहजै लाभ लिन सक्ने अवस्था छैन। आवास भवनका लागि छनोट भएका लाभग्राहीसँग घर बनाउन जग्गा नभएको खण्डमा स्थानीय तहले जग्गा व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। तर स्थानीय तहले प्राथमिकतामा राखेर जग्गाको व्यवस्थापन गर्न तदारुकता नदेखाउँदा समस्या सृजना भएको देखिन्छ। त्यही अनुपातमा घरबहालमा बस्नेलाई अनुदान सहायता दिने व्यवस्था नहुँदा भेदभावको अवस्था समेत सृजना भएको छ। समतामूलक दृष्टिकोण अवलम्बन गर्न जरुरी छ। यी विषयमा नागरिक समाजबाट वकालत तथा पैरवी हुन आवश्यक देखिन्छ।

# परिच्छेद पाँच

# भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोवासीको अधिकार

## ५.१ कानुनी रूपमा कस्तो व्यक्तिलाई भूमिहीन सुकुमवासी मानिएको छ?

भूमिसम्बन्धी ऐन (आठौं संशेधन) २०७६ ले मूल ऐनमा थप गरेको दफा ५२ (ख) को उपदफा ३ को स्पष्टीकरण खण्डको देहाय (क) मा “भूमिहीन सुकुमवासी” भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ भनि परिभाषित गरेको छ। त्यसैगरी देहाय (ख) मा “परिवार” भन्नाले भूमिहीन सुकुमवासी वा अव्यवस्थित बसोवासीको पति, पत्नी, बाबु, आमा र छोरा, छोरी सम्झनु पर्छ भनिएको छ। तर, सो शब्दले कानुन बमोजिम अंशबण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन भन्ने पनि स्पष्ट पारेको छ।

यो परिभाषा केही हदसम्म खोटपूर्ण देखिन्छ। कतिपय अवस्थामा जग्गाको स्वामित्व भएपनि जोखिमयुक्त भएर उपभोग गर्न नसक्ने अवस्था वा सामान्य आवासका लागि पनि अपर्याप्त हुने अवस्था रहन्छ। कतिपय अवस्थामा नदी कटान लगायतका कारण निकुञ्ज वा संरक्षण क्षेत्रभित्र परेको (उदाहरणका लागि बर्दियामा सयौं थारु परिवारको जमिन राष्ट्रिय निकुञ्ज भित्र छ जसको उनीहरू दशकौंदेखि उपभोग गर्न वञ्चित छन्) कारण उपभोग गर्न नसक्ने अवस्था हुन सक्छ। यस्तो अवस्थामा अपवादको रूपमा अन्यत्र जग्गा भएपनि संशोधित व्यवस्थाअनुसार जग्गा प्राप्त गर्न सक्ने व्यवस्था गरिनु पर्दथ्यो। तर त्यता ध्यान दिएको अवस्था छैन। यसमा संशोधनको खाँचो देखिन्छ, जसका लागि नागरिक समाज तथा भूमि एवं आवास अधिकारकर्मीको भूमिका रहन्छ।

**५२ ख. भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने:**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि भूमिहीन सुकुमवासीलाई एकपटकका लागि नेपाल सरकारले उपदफा (४) को अधिनमा रही निजहरूले आबाद कमोत गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहर्याएको अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउनेछ।

(२) भूमिहीन सुकुमवासीलाई तोकिएको क्षेत्रफलभन्दा बढी जग्गा आबाद वा कमोत गरी आएको अवस्था रहेछ भने त्यसरी तोकिएको क्षेत्रफलभन्दा बढीको जग्गा यस दफाको अधिनमा रही अन्य भूमिहीन सुकुमवासीलाई उपलब्ध गराउन वा नेपाल सरकारले अन्य प्रयोजनको लागि उपयोग गर्नेछ।

(३) भूमिहीन सुकुमवासीलाई उपलब्ध गराइएको जग्गा अंशबण्डा र अपुतालीको अवस्थामा बाहेक अन्य कुनै प्रक्रियाबाट दश वर्षसम्म हस्तान्तरण गर्न पाइने छैन र सो अवधि पश्चात समेत त्यस्तो जग्गा स्वामित्व विहीन हुने गरी कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाइने छैन।

स्पष्टीकरण:

(क) यस दफाको प्रयोजनको लागि "भूमिहीन सुकुमवासी" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ।

(ख) यस दफा र दफा ५२ (ग) को प्रयोजनको लागि "परिवार" भन्नाले भूमिहीन सुकुमवासी वा अव्यवस्थित बसोवासीको पति, पत्नी, बाबु, आमा र छोरा, छोरी सम्झनु पर्छ। तर, सो शब्दले कानुनबमोजिम अंशबण्डा गरी मानो छुट्टिई आ–आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

## ५.२ कस्तो व्यक्तिलाई कानुनले अव्यवस्थित बसोवासी भनि परिभाषित गरेको छ ?

भूमिसम्बन्धी ऐन (आठौं संशेधन), २०७६ ले मूल ऐनमा थप गरेको दफा ५२ (ग) को उपदफा (३) को स्पष्टीकरण खण्डको देहाय (क) मा अव्यवस्थित बसोवासी भन्नाले "सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरी घर, टहरा बनाई बसोवास गरेका उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ।" भनिएको छ। त्यसैगरी ऐलानी जग्गा भन्नाले सरकारका नाममा दर्ता भए वा नभएको, सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरिआएको वा तत्कालीन समयमा आबाद कमोत गर्न दिएको जग्गालाई सम्झनु पर्छ भनिएको छ।

## ५.३ भूमिहीन दलितलाई भूस्वामित्व सुनिश्चित गर्ने सम्बन्धमा कानुनमा कस्तो व्यवस्था गरिएको छ ?

संविधानमा प्रत्याभूत भूमिहीन दलितले राज्यबाट एकपटक जमिन प्राप्त गर्ने हक (धारा ४० को उपधारा (५)) तथा आवासविहीन दलितले राज्यबाट बसोवासको सुविधा प्राप्त गर्ने हक छ। धारा ४० को उपधारा (५) लाई कार्यान्वयन गर्न भूमिसम्बन्धी ऐनमा सातौं संशोधन गरिएको छ। सातौं संशोधन २०७५ असोज २ गतेदेखि लागू भएको छ। सातौं संशोधनले भूमिहीन दलितलाई भूमि दिइसक्नु पर्ने समयावधि ३ वर्ष तोकेको छ। वितरित जग्गा नामसारी वा अंशबण्डा गर्न बाहेक दश वर्षसम्म हक हस्तान्तरण गर्न निषेध गरिएको छ। जग्गा उपलब्ध गराउने प्रयोजनको लागि आयोग, समिति वा कार्यदल गठन गर्न सक्ने अख्तियारी सरकारलाई दिएको छ। उक्त आयोग समिति वा कार्यदलको गठनसम्बन्धी कुनै विधायिकी मार्गदर्शन सातौं संशोधनले दिएको थिएन। के प्रयोजनका लागि भूमि दिने हो, न्यूनतम कति परिमाणमा उपलब्ध गराउने हो भन्ने लगायतका विषयहरूमा संशोधनले बोलेन। पछि आठौं संशोधनले ती कतिपय कुरालाई सम्बोधन गर्यो।

अन्य भूमिहीन सरह दलित समुदायका भूमिहीनलाई पनि जग्गा उपलब्ध गराउन आठौं संशोधन अनुरूप राष्ट्रिय भूमि आयोग गठन भएर क्रियाशील रहँदै आएको छ।

## ५.४ कानुनले भूमिहीन सुकुमवासीलाई राज्यबाट केकस्तो हकाधिकार प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ?

भूमिसम्बन्धी (आठौं संशोधन) ऐन, २०७६ सोही सालको माघ २८ देखि लागु भएको छ। दफा ५२ (ख) मा भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने व्यवस्था गरिएको छ। जसअनुसार एक पटकको लागि नेपाल सरकारले भूमिहीन सुकुमवासीले आबाद कमोत गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहर्याएको अन्य कुनै सरकारी जग्गामा तोकिदिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउने व्यवस्था छ। यदि त्यस्तो आबाद कमोत गर्दै आएको जग्गा तोकिएको हदभन्दा बढी रहेछ भने त्यस्तो जग्गा अरू भूमिहीन सुकुमवासीलाई उपलब्ध गराउने वा अन्य प्रयोजनका लागि प्रयोग गर्ने गरी नेपाल सरकारलाई अधिकार दिएको छ। यसअन्तर्गत प्राप्त भएको जग्गालाई अंश वा अपुतालीको अवस्थामा बाहेक अन्य कुनै प्रकृयाबाट दश वर्षसम्म हस्तान्तरण गर्न नपाइने व्यवस्था छ। तत्पश्चात पनि स्वामित्वविहीन हुनेगरी हक हस्तान्तरण हुन सक्दैन।

साथै संशोधित व्यवस्थाले कतिपय प्रकृतिको जग्गालाई वितरण गर्न प्रतिबन्धित गरेको छ। धार्मिक, सांस्कृतिक तथा सामरिक महत्त्वको क्षेत्रभित्रको जग्गा, प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित नभएको जग्गा, सार्वजनिक जग्गा, जोखिमयुक्त स्थानमा रहेको, राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा, हाल रुख विरुवाले ढाकिएको वन रहेको जग्गा र सडक सीमानाको जग्गा, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगको लागि आवश्यक रहेको जग्गा वा अन्य तोकिएबमोजिमका स्थानको जग्गालाई वितरण गर्न नपाउने गरी प्रतिबन्ध लगाएको छ। कसैलाई सरकारी जग्गा वा आवास उपलब्ध गराइएको रहेछ भने यस दफाबमोजिम जग्गा उपलब्ध नगराइने व्यवस्था

गरिएको छ। जग्गा उपलब्ध गराउने सम्बन्धमा **भूमिसम्बन्धी (अठारौं संशोधन) नियमहरू, २०७७ मा थप मापदण्ड तोकिएको छ।**

***भूमिसम्बन्धी (अठारौं संशोधन) नियमहरू, २०७७:***

*(४१ख): भूमिहीन दलित र सुकुमवासीलाई जग्गा उपलब्ध गराउने आयोगले भूमिहीन दलित र भूमिहीन सुकुमवासीको परिवारलाई आवास वा कृषि प्रयोजनको लागि एक पटकका लागि बढीमा देहाय बमोजिमको क्षेत्रफलको जग्गा उपलब्ध गराउनेछः-*

*आवास प्रयोजनको लागिः*

(१) *काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा एकसय तीस वर्ग मिटर,*

(२) *उपखण्ड (१) मा उल्लिखित क्षेत्रबाहेकको अन्य क्षेत्रमा तीनसय चालीस वर्ग मिटर।*

*कृषि प्रयोजनको लागिः*

(१) *तराई र भित्री मधेशमा दुई हजार वर्ग मिटर,*

(२) *हिमाल तथा पहाडमा तीन हजार वर्ग मिटर।*

*(४१ग) अव्यवस्थित बसोवासीहरूलाई उपलब्ध गराउने जग्गाको स्थान र क्षेत्रफल*

*आवास प्रयोजनको लागिः*

(१) *काठमाडौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा एकसय तीस वर्ग मिटर,*

(२) *उपखण्ड (१) मा उल्लिखित क्षेत्रबाहेकको अन्य क्षेत्रमा एकहजार वर्ग मिटर।*

(३) *कृषि प्रयोजनको लागि दश हजार वर्ग मिटर।*

## ५.५ कानुनले अव्यवस्थित बसोवासीका के कस्ता हकअधिकार सृजना गरेको छ ?

ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आबादीमा परिणत भएको जग्गामा कम्तिमा दश वर्ष अघिदेखि आबाद कमोत गरिआएका अव्यवस्थित बसोवासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरूले आबाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ। यो सरकारको तजबिजि अधिकारको रूपमा आएको छ। अव्यवस्थित बसोवासीले दावी गरेर प्राप्त गर्ने गरी आएको छैन। अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउँदा निजको आर्थिक अवस्था, बसोवासको स्थिति, जग्गाको प्रकृति, क्षेत्रफल, मूल्याङ्कन, आबाद कमोतको अवधि र अन्यत्र जग्गा भए, नभएको हेरेर वर्गिकरणको आधारमा दिने व्यवस्था गरिएको छ।

यो प्रावधानपनि खोटपूर्ण नै देखिन्छ। आर्थिक, सामाजिक हिसाबले समान अवस्थामा रहेको तर प्राविधिक रूपमा दश वर्ष पुरा नगरेकाहरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने कानुनी मार्गदर्शनको अभाव छ। अव्यवस्थित बसोवासीको अन्यत्र के कति जग्गा छ नखोजीकन बसेको ठाउँमा नै तोकिएको जग्गा दिने व्यवस्थाले अन्यत्र जिविकोपार्जनको आधार भएर पनि लोभलालचमा जग्गा हडप्ने उद्देश्यले बसेकाहरू नै अनुचित रूपमा लाभान्वित हुने अवस्था नआओस् भनेर चनाखो हुनु पर्ने देखिन्छ।

*५२ (ग) अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने: (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आबादीमा परिणत भएको जग्गामा कम्तीमा दश वर्ष अघिदेखि आबाद कमोत गरिआएका अव्यवस्थित बसोवासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरूले आबाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ।*

*(३) उपदफा (१) बमोजिम अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउँदा निजको आर्थिक अवस्था, बसोवासको स्थिति, जग्गाको प्रकृति, क्षेत्रफल, मूल्याङ्कन, आबाद कमोतको अवधि र अन्यत्र जग्गा भए, नभएको लगायतका आधारमा तोकिए बमोजिम वर्गिकरण गरी वर्गिकरणअनुसार तोकिए बमोजिमको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन सक्नेछ।*

## ५.६ भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको लगत लिने सम्बन्धमा कस्तो प्रबन्ध छ?

भूमिहिन सुकुमवासी र अब्यबस्थित बसोवासीको व्यवस्थापनका लागि यथोचित लगत संकलन पहिलो खुड्किलो हो। लगत सङ्कलनको विविध पक्षहरुको बारेमा भूमि आयोगले लगत संकलन कार्यविधि २०७८ बनाएर लागु गरेको छ। उक्त कार्यविधिमा व्यवस्था भएबमोजिम राष्ट्रिय भूमि आयोग र स्थानीय तहवीच कार्य सहमति (सम्झौता) पत्रमा हस्ताक्षर भएपश्चात् लगत संकलनको काम विधिवत् सुरू हुन्छ। त्यसपछि राष्ट्रिय भूमि आयोगले लगत सङ्कलनका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गर्दछ। तत्पश्चात उक्त ३५ दिनको म्यादभित्र स्थानीय तहले आफ्नो कार्य तालिका वनाई लगत सङ्लन गर्नुपर्दछ।

लगत संकलनका लागि स्थानीय तहहरूले लगत संकलनकर्ताहरू खटाउनु पर्दछ। दलित र भूमिहीन सुकुम्वासीहरूले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको लगत संकलन कार्यविधिको अनूसूची (३) वमोजिम रातो फाराम र अव्यवस्थित बसोवासीले अनुसूची (४) वमोजिम सेतो फाराम भर्नु पर्ने व्यवस्था छ। राष्ट्रिय भूमि आयोगले लगत संकलनका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरेको ३५ दिने सूचनाको म्यादभित्र लगत संकलन गरी नसकेमा वा लगत संकलन छुटेमा स्थानीय तहले एक पटकका लागि कारण खुलाई पुनः सूचनाका लागि राष्ट्रिय भूमि आयोगमा अनुरोध गरी पठाउनु पर्दछ। उक्त अनुरोधको आधारमा आयोगले पुनः एक पटकका लागि सूचना निकाल्ने व्यवस्था छ।

## ५.७ भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको पहिचान र व्यवस्थापनको लागि कानुनले भूमि आयोगलाई कस्तो कार्यदिश दिएको छ?

भूमिहीन सुकुमवासी, अव्यवस्थित बसोवासीलगायतको सामाजिक न्याय र जीवनस्तर सुधारका लागि भूमिको समन्यायिक वितरण र दिगो व्यवस्थापन जरुरी छ। भूमि नागरिकको खाद्य र आवास जस्ता मौलिक अधिकार सुनिश्चितताको आधार हो। भुइँ तहका नागरिकलाई वास्तविक लोकतन्त्रको अनुभूति गराउनुका साथै देशको समग्र आर्थिक तथा सामाजिक उन्नतिका लागि पनि लामो समयदेखिको भूमिसम्बन्धी समस्या निरूपण हुन आवश्यक छ।

भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ (ख) को उपदफा (६) बमोजिम नेपाल सरकारले मिति २०७७ वैशाख १ मा राजपत्रमा सूचना प्रकाशन गरेर भूमिसम्बन्धी समस्या समाधान आयोग गठन आदेश जारी गरेको छ। भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने आठौं संशोधनको उद्देश्य कार्यान्वयन गर्नका लागि आयोग गठन गरिएको छ। दफा ६ मा आयोगको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। आयोगले भूमिहीनता र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्नका लागि कार्यायोजना बनाउने, पहिचान र प्रमाणिकरणको आधार र मापदण्ड तोक्ने, स्थानीय तहबाट लगत संकलनको कार्यविधि र ढाँचा बनाएर लागु गर्ने, स्थानीय तहमार्फत पहिचान गर्ने र लगत संकलन एवं प्रमाणिकरणको काम गर्ने, नक्सा श्रेस्ताको लागि मालपोत, नापी कार्यालय र स्थानीय तहसँग समन्वय गर्ने, स्थानीय तहबाट प्राप्त भएको तथ्यांकलाई विश्लेषणको लागि आवश्यक प्रणालीको विकास गरी सोही प्रणालीको आधारमा अव्यवस्थित बसोवासीको जग्गाको वर्गिकरण गर्ने, आवाद, कमोत गरेको जग्गा वा वितरण गरिने जग्गा निषेधित हो वा होइन भन्ने सम्बन्धमा प्रदेश र स्थानीय तहसँग समन्वयमा यकिन गर्ने तथा शहरी क्षेत्रमा सामूहिक आवास वा जग्गा विकासको माध्यमबाट जग्गा उपलब्ध गराउने प्रकृया सुरु गर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ।

आयोगको कामलाई सहजिकरण गर्नका लागि जिल्लागत रूपमा कार्ययोजना बनाएर लागु गर्ने अधिकार पनि दिइएको छ। हदबन्दी भन्दा बढी भई रोक्का रहेका जग्गा भूमिहीन सुकुमवासीलाई वितरण गर्न प्रयोग गर्न सक्ने अधिकार पनि आयोगलाई दिइएको छ।

दफा ८ ले जिल्ला समितिमा नेपाल सरकारले तोकेको व्यक्तिले अध्यक्षता गर्ने व्यवस्था छ। त्यसैगरी एक जना विज्ञ सहित दुई जना बाहिरबाट नियुक्ति गर्ने र बीउ बीजन, नापी, भूमिसुधार तथा मालपोत र जिल्ला समन्वय समितिको प्रतिनिधित्व हुने व्यवस्था छ।

***आयोग गठन आदेशका विशेषताहरू***

*(क) संवैधानिक दायित्वका रूपमा रहेको आवासलगायतका अधिकार कार्यान्वयनको जिम्मेवारी।*

*(ख) आयोग, प्रदेश सरकार र स्थानीय तहको अधिकार क्षेत्रअनुसारको जिम्मेवारी बाँडफाँड।*

*(ग) भूमिसम्बन्धी ऐनको प्रावधानअनुसार नै आयोग गठनसम्बन्धी व्यवस्था।*

*(घ) स्थानीय तहले भूमिहीन र अव्यवस्थित बसोवासीको लगत तयारी र अभिलेखन।*

*(ङ) भूमिहीन र अव्यवस्थित बसोवासीको विवरण र प्राप्त गरेको जग्गाको विवरण सार्वजनीकरणको व्यवस्था।*

*(च) जग्गा उपलब्ध गराउँदा आवास र कृषि प्रयोजनका लागि फरक फरक क्षेत्रफलको व्यवस्था।*

*(छ) भूमिहीनलाई निःशुल्क र अव्यवस्थितलाई मूल्य लिएर जग्गा उपलब्ध गराउने व्यवस्था।*

*(ज) भूउपयोग योजना, एकीकृत आवास जस्ता पक्षलाई ध्यान दिइ जग्गा उपलब्ध गराइने।*

(क) *जोखिम क्षेत्रमा रहेका, बाटो र खोलाको तोकिएको सीमाभित्र, सांस्कृतिक र सामरिक महत्त्वको क्षेत्रमा जग्गा उपलब्ध नगराउने र त्यस्ता ठाउँमा बसेकालाई स्थानान्तरणको व्यवस्था।*

(ख) *भूमिहीन र अव्यवस्थित बसोवासीका सम्बन्धमा उजुरी, सुनुवाइ आदिको व्यवस्था।*

(ग) *दलित भूमिहीनलाई पहिलो प्राथमिकता।*

(घ) *जग्गा उपलब्ध गराउँदा सगोलमा रहेका पति र पत्नीको संयुक्त जग्गा धनी प्रमाण पुर्जाको व्यवस्था।*

दफा ११ ले समितिले आयोगले अधिकार प्रत्यायोजन गरेबमोजिम काम गर्छन्। प्रदेश सरकार र जिल्ला भित्रका स्थानीय तहसँग समन्वय गर्ने, स्थानीय तहका कामकारबाहीलाई अनुगमन गर्ने एवं छलफल र अन्तरक्रिया चलाउने लगायतका अधिकार समितिलाई दिइएको छ। दफा १४ ले आयोग र जिल्ला समितिलाई सहयोग उपलब्ध गराउन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा मातहतका कार्यालयमा माग गर्न सक्ने अधिकार दिएको छ। दफा १५ ले आयोग र समिति लगायतसँग सम्बद्ध कुनै पनि कर्मचारी र उनिहरूका परिवारले जग्गा लिन नहुने व्यवस्था गरेको छ। दफा १६ ले कार्ययोजना र कार्यतालिका बनाएर काम गर्नु पर्ने व्यवस्था गरेको छ। दफा १८ मा जग्गा प्रदेश सरकार र स्थानीय तहसँग समन्वय र सहजिकरणका लागि मन्त्रालयमार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने र तदनुरूप सहजीकरण गरिदिने व्यवस्था छ। जग्गा धनीपुर्जा स्थानीय तहमार्फत वितरण गर्ने व्यवस्था छ। पुर्वआयोग समिति र कार्यदलले थाँती राखेका कामहरू पनि आयोगले सम्पन्न गर्ने व्यवस्था छ। गठन आदेशअनुसारको काम सम्पन्न गर्न नेपाल सरकारले आवश्यकताअनुसार निर्देशन दिन सक्ने व्यवस्था छ। बजेटको र कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्ने व्यवस्था छ। दफा २७ मा जुनसुकै समय विघटन हुन सक्ने व्यवस्था छ। औचित्यको आधार नखोजिने व्यवस्थाले आयोगको निश्चितता‍मा समस्या हुने देखिन्छ।

**आयोगका काम कर्तव्य र अधिकारहरू**

(ङ) भूमिसम्बन्धी समस्या समाधानसम्बन्धी कार्ययोजना तयार गरी स्वीकृत गर्ने।

(च) भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीहरूको पहिचान र प्रमाणीकरणका लागि आधार र मापदण्ड तोक्ने।

(छ) भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीहरूको स्थानीय तहबाट लगत सङ्कलनका लागि आवश्यक कार्यविधि र ढाँचा तयार गरी स्वीकृत गर्ने।

(ज) भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीहरू पहिचान, लगत सङ्कलन र प्रमाणीकरणको काम स्थानीय तहमार्फत गर्ने।

(झ) नक्सा स्रेस्ता तयार गर्न मालपोत कार्यालय, नापी कार्यालय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने वा गराउने।

(ञ) स्थानीय तहबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्न आवश्यक प्रणाली विकास गरी सोही प्रणालीका आधारमा अव्यवस्थित बसोवासीहरूको जग्गा वर्गीकरण गर्ने।

(ट) अव्यवस्थित बसोवासीहरूलाई जग्गा उपलब्ध गराएबापत ऐनबमोजिमको दस्तुर लिने।

(ठ) ऐनको दफा ५२ (ख) को उपदफा (४) बमोजिमको जग्गा हो वा होइन भन्ने सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहको समन्वयमा एकिन गर्ने वा गराउने।

(ड) स्थानीय तहबाट भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीहरू पहिचान र प्रमाणीकरणसम्बन्धी तथ्याङ्क प्राप्त भएपछि सोहीबमोजिमका भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीहरूको व्यवस्थापन गर्ने कार्यप्रक्रिया सुरु गर्ने।

(ढ) *स्थानीय विशिष्टतासमेतका आधारमा शहरी क्षेत्रमा सामूहिक आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्ने।*

(ण) *ऐनको दफा ५२ (ख) र ५२ (ग) बमोजिमको कार्य निर्धारित समयमै सम्पन्न गर्न जिल्लागत रूपमा स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने।*

(त) *भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीहरूलाई व्यवस्थापन गर्ने सम्बन्धमा प्रचलित कानुनको अधिनमा रही आवश्यक निर्णय गर्ने।*

(थ) *कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जुनसुकै निकायसँग कागजात माग गर्न, व्यक्तिलाई झिकाई बुझ्न, कागज गराउन, स्थलगत सरजमिन गर्न वा गराउन सक्ने।*

(द) *हदबन्दी भन्दा बढी भई रोक्का रहेका जग्गा भूमिहीन सुकुमवासीलाई उपलब्ध गराउन प्रयोग गर्ने।*

(ध) *जग्गा वर्गीकरण गर्दा भूउपयोग ऐन, २०७६ बमोजिम गर्ने वा गराउने।*

(न) *नेपाल सरकारले तोकेका अन्य काम गर्ने।*

## ५.८ कानुनले आयोग र स्थानीय सरकारको बीचको समन्वय तथा जिम्मेवारी कस्तो प्रबन्ध गरेको छ?

भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीको पहिचान गर्ने, वर्गिकरण गर्ने, लगत तयार गर्ने जग्गाको व्यवस्थापान गर्ने लगायतका सन्दर्भमा भूमि आयोगले स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा गर्ने व्यवस्था छ। संविधान, ऐन, नियम तथा गठन आदेश समेतमा तहगत सरकारबीचको समन्वयात्मक भूमिका खोजिएको देखिन्छ। तदनुरूप स्थानीय सरकारले सहयोग गर्नु पर्ने कर्तव्यको पालना अपेक्षित हुन्छ। अन्यथा संविधान र ऐनको मर्म र भावना अनुरूप काम

हुन सक्ने देखिंदैन। व्यहारमा हेर्दा पनि जहाँ राम्रो समन्वय भएको छ त्यहाँ उपलब्धिहरू पनि हाँसिल भएको देखिन्छ। जहाँ आपसी सम्बन्धमा खटपट आएको छ त्यहाँ अगाडि बढ्न सकेको छैन। काठमाडौं महानगरपालिका त्यसको एउटा उदाहरणको रूपमा रहेको छ। तहगत सरकारका निकायबीच समन्वय र सहकार्य बढोस् भन्ने सन्दर्भमा नागरिक समाजको भूमिका रहनु पर्ने देखिन्छ।

***भूमि सम्बन्धि ऐन, २०२१को उन्नाईसौं संशोधनले गरेका महत्त्वपूर्ण प्रबन्ध***

***४१घ. विवरण तथा तथ्याङ्क उपलब्ध गराउनु पर्नेः***

*(१) आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको हकमा आयोगले तोकेको ढाँचामा र अव्यवस्थित बसोबासीको हकमा अनुसूची-२१ बमोजिमको ढाँचामा विवरण तथा तथ्याङ्क संकलन गरी पठाउन प्रत्येक स्थानीय तहलाई अनुरोध गर्नुपर्नेछ।*

*(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क संकलन गर्नु पर्नेछ।*

*(३) उपनियम (२) बमोजिम विवरण तथा तथ्याङ्क संकलन गर्दा सम्बन्धित स्थानीय तहको वडा समितिले आफ्नो वडाभित्र बसोबासी गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क संकलन गरी त्यस्तो विवरण तथा तथ्याङ्कको सत्यताको सम्बन्धमा आवश्यक जाँचबुझ गरी सिफारिससहित स्वीकृतिका लागि गाउँ वा नगर कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ।*

(४) उपनियम (घ) बमोजिम पेस भएको विवरण तथा तथ्याङ्कका सम्बन्धमा सम्बन्धित गाउँ वा नगर कार्यपालिकाले आवश्यक जाँचबुझ गर्दा त्यस्तो विवरण तथा तथ्याङ्क स्वीकृत गर्न उपयुक्त हुने देखिएमा गाउँ वा नगर कार्यपालिकाको निर्णयबमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको छुट्टा छुट्टै नामावलीसहितको विवरण तथा तथ्याङ्क स्वीकृत गरी आयोग वा आयोगले तोकेको निकायमा पठाउनु पर्नेछ। तर भूमिहीन दलित र भूमिहीन सुकुम्बासी एउटै भए सोही व्यहोरा जनाई एउटै नामावलीमा समावेश गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त विवरण र तथ्याङ्कको सम्बन्धमा आयोगले आवश्यकता अनुसार जाँचबुझ गर्न सक्नेछ।

**४१ङ. अव्यवस्थित बसोबासीको वर्गीकरण गर्नेः**

(१) नियम ४१घ. बमोजिम स्थानीय तहबाट प्राप्त अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क र अनुसूची-२२ मा उल्लिखित आधार, मापदण्ड र अङ्कभार बमोजिम आयोगले अव्यवस्थित बसोबासीको वर्गीकरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिएको अव्यवस्थित बसोबासीको वर्गीकरण सम्बन्धी विवरण आयोगले सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सार्वजनिक भएको विवरणमा कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउनका लागि कुनै अव्यवस्थित बसोबासीले त्यस्तो विवरण प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित स्थानीय तह मार्फत आयोगसमक्ष निवेदन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम निवेदन पर्न आएमा आयोगले सम्बन्धित स्थानीय तहको सिफारिस समेतका आधारमा जाँचबुझ गरी त्यस्तो निवेदन एक्काईस दिनभित्र फछ्र्यौट गर्नु पर्नेछ।

*(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा अव्यवस्थित बसोबासीको वर्गीकरणमा कुनै त्रुटि देखिएमा आयोगले त्यस्तो वर्गीकरणमा रहेको त्रुटि सच्याउन सक्नेछ।*

***४१ढ. प्रदेश सरकार र स्थानीय तहको समन्वयमा काम गर्ने:***

*(१) आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा सम्बन्धित प्रदेश सरकार र स्थानीय तहको समन्वयमा काम गर्नेछ।*

*(२) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले आबाद कमोत गरी आएको जग्गा ऐनको दफा ५२ख. को उपदफा (४) मा उल्लिखित जग्गा भए नभएको सम्बन्धमा यकीन गर्नु पर्ने भएमा आयोगले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी यकीन गर्नेछ।*

*(३) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा स्थानीय तहबाट भए गरेका कार्यको अनुगमन सम्बन्धित प्रदेश सरकारले गर्न सक्नेछ।*

*(४) भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउँदा र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रदेश सरकार र स्थानीय तहले आयोगलाई आवश्यक सहयोग गर्नु पर्नेछ।*

## ५.९ महिलाको भूमिमा पहुँचको प्रवर्द्धनका लागि कानुनमा के कस्तो व्यवस्था गरिएको छ?

भूमि ऐनको आठौं संशोधन बमोजिम जारी गरिएको भूमि आयोग गठनसम्बन्धी आदेशको दफा १९(२) मा भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउँदा संगोलमा रहेका पति-पत्नीको संयुक्त नाममा पुर्जा तयार गरी उपलब्ध गराउनु पर्ने व्यवस्था छ। त्यसैगरी दफा

४१(ध) ले भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउँदा पति र पत्नी संगोलमा रहेका भए दुवैको संयुक्त नाममा जग्गाधनी प्रमाण पुर्जा बनाई स्थानीय तहमार्फत उपलब्ध गराउने व्यवस्था गरेको छ। मुक्त कमैया वा सुकुमवासीलाई राज्यले जग्गा उपलब्ध गराउँदा विगतदेखि नै पती-पत्नीको नाउँमा संयुक्त पुर्जा जारी गर्ने प्रचलन विगतदेखि रहँदै आएको छ। यसले भूमिमा महिलाको स्वामित्व र पहुँच बढाउन मद्दत्त गरेको छ।

# परिच्छेद ६

# जबर्जस्ती निष्कासनविरुद्ध कानुनी उपचार

## ६.१ उठीवासविरुद्ध कानुनी उपचारको हकलाई कसरी बुझ्ने?

उपचार बिनाको अधिकार निरर्थक हुन्छ। तसर्थ आवासको अधिकारको उल्लङ्घनविरुद्ध पनि कानुनी उपचार खोज्ने अधिकार संरक्षित छ। पछिलो सम्भाव्य जबर्जस्ती उठीवासको कार्यलाई रोक्न यस्तो उपचार खोजिन्छ। अर्को जबर्जस्ती निष्कासन भै हाल्यो भने कानुनी उपचारको माध्यमबाट त्यसका पीडितलाई क्षतिपूर्ति, पुनर्वास तथा प्रतिस्थापनको सुनिश्चितता खोज्न सकिन्छ। कानुनी उपचारले गुमेको अधिकारलाई प्रचलन गराउँछ। शान्ति र मर्यादापूर्वक जिवनयापन गर्न सक्ने अवस्था सृजना गराउँछ। आवासको हकलाई निर्वाध रूपमा उपभोग गर्न सक्ने वातावरण सृजना गर्ने राज्यका निकायहरूको दायित्वलाई सुनिश्चित गराउन सकिन्छ। यो उपचार सरकारी निकायका अतिरिक्त गैरराज्य पक्षको विरुद्ध पनि खोज्न सकिन्छ। प्रभावकारी कानुनी उपचारलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत अलग्गै अधिकारको रूपमा मान्यता दिइएको छ। उल्लङ्घनका पीडितलाई कानुनी उपचार इन्कार गर्नु आफैंमा मानवअधिकार उल्लङ्घन ठहर्छ। त्यसैगरी नेपालको संविधानअन्तर्गत पनि उल्लङ्घनविरुद्धको उपचार मौलिक हकको रूपमा धारा ४६ मा संरक्षित छ।

साथै राष्ट्रिय मानवअधिकार आयोग लगायतका मानवअधिकार संस्थाहरूमार्फत र संसदीय प्रणालीअन्तर्गत पनि मौलिक हक तथा मानवअधिकार उल्लङ्घनको निगरानी गर्ने एवं कानुनको परिपालनाका लागि राज्यका निकाय तथा पदाधिकारीहरूलाई जवाफदेही बनाउने व्यवस्था छ।

त्यतिमात्रै नभएर अन्तर्राष्ट्रिय तहमा सन्धिजनित समितिहरूले पनि आवासको अधिकार लगायतका मानवअधिकारको परिपालना भए नभएको विषयलाई अनुगमन गर्दछन्। सरकारलाई जवाफदेही बनाउन महत्त्वपूर्ण भूमिका खेल्छन्। यो सबै प्रकृयामा नागरिक समाज र मिडियाको पनि परिपूरक भूमिका रहन्छ। आवासको हक लगायतका आर्थिक, सामाजिक अधिकारको उल्लङ्घनका पीडितलाई कानुनी

उपचार प्रदान गर्ने भूमिका भएका मुख्य न्यायिक तथा गैरन्यायिक संयन्त्रहरूको बारेमा संक्षेपमा तल चर्चा गरिएको छ।

## ६.२ जबर्जस्ती निष्कासन रोक्न तथा त्यस विरुद्ध कानुनी उपचार दिलाउन के कस्ता न्यायिक जवाफदेहिताको संयन्त्रको उपयोग गर्न सकिन्छ?

### ६.२.१ सर्वोच्च अदालत

संविधान प्रदत्त आवासको हक लगायतका मौलिक हकहरूका उपभोगको सुनिश्चितता प्रदान गर्ने अन्तिम दायित्व सर्वोच्च अदालतमा रहेको छ। तसर्थ सर्वोच्च अदालतलाई मौलिक हक तथा स्वतन्त्रताहरूको संरक्षक मानिन्छ। रिट क्षेत्राधिकारमार्फत संविधान प्रदत्त आवासको हकको उल्लङ्घन रोक्न र पीडित व्यक्ति तथा समुदालाई न्यायिक उपचार प्रदान गर्ने संवैधानिक कार्यदिश सर्वोच्च अदालतमा छ। संविधान र कानुनको अन्तिम व्याख्याताको रूपमा रहेको सर्वोच्च अदालतले आवास तथा भूमि लगायतका सन्दर्भमा गरेको व्याख्या र प्रतिपादन गरेको कानुनी सिद्धान्तको पालना सबैका लागि बाध्यात्मक हुन्छ। न्याय निरूपण गर्ने अन्तिम तहको रूपमा सर्वोच्च अदालतलाई धारा १३३ अन्तर्गत असाधारण रिट क्षेत्राधिकार प्रदान गरिएको छ[६], जसअन्तर्गत निम्न भूमिका खेल्न सक्छ :

---

[६] धारा १३३. सर्वोच्च अदालतको अधिकार क्षेत्रः (१) यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानुन यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानुन वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानुन संघीय संसदले बनाएको कुनै कानुनसंग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानुन संघीय संसद वा प्रदेश सभाले बनाएको कुनै कानुनसँग बाझिएको हुँदा त्यस्तो कानुन वा त्यसको कुनै भाग बदर घोषित गरी पाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सोअनुसार कुनै कानुन बाझिएको देखिएमा सो कानुनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। (२) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी

(क) कुनै कानुनी प्रवाधान संविधानसँग बाझिएको वा नबाझिएको सम्बन्धमा न्यायिक परीक्षण/पुनरावलोकन गर्ने।

(ख) संघीय कानुनसँग प्रदेश तहको कानुन र स्थानीय तहको कानुन तथा प्रदेश कानुनसँग स्थानीय तहको कानुन बाझिए वा नबाझिएको परीक्षण/न्यायिक पुनरावलोकन गर्ने।

(ग) व्यक्तिको हक अधिकार प्रचलन गराउन आज्ञा आदेशहरू जारी गर्ने।

(घ) सार्वजनिक हितको संरक्षण गर्न आज्ञा तथा आदेश जारी गर्ने।

***रिट क्षेत्राधिकारअन्तर्गत उपचारको खोजी:***

*संविधानको धारा १३३ (२) अन्तर्गत व्यक्तिका मौलिक हक र स्वतन्त्रताहरूको प्रचलन गराउने अधिकार सर्वोच्च अदालतलाई छ। संविधान प्रदत्त आवासको हक लगायतको कुनै पनि मौलिक हकमा कसैले आघात पुर्याएमा त्यस्तो हक प्रचलनका लागि सर्वोच्च अदालतमा रिट दायर गर्न सकिन्छ। व्यक्तिको हक अधिकारको प्रचलनका निम्ति सर्वोच्च अदालतले परमादेश (कानुनले तोकेको कर्तव्यअनुसारको काम गर्न बाध्य पार्ने आदेश), उत्प्रेषण (कानुन प्रतिकूलका निर्णय बदर गर्ने आदेश), प्रतिषेध (गैरकानुनी काम हुने आशंका भएमा सो हुन नदिन जारी गर्ने आदेश) लगायतको उपचारात्मक आदेश जारी गर्न सक्दछ। त्यस बाहेक पनि प्रभावकारी उपचार दिलाएर हक अधिकार प्रचलनका लागि आवश्यक भए अन्य उपयुक्त आदेश*

---

हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। (३) उपधारा (२) बमोजिमको असाधारण अधिकार क्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ। तर अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संघीय संसद वा प्रदेश सभाको आन्तरिक काम कारबाही र संघीय संसद वा प्रदेश सभाले चलाएको विशेषाधिकारको कारबाही र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधारा अन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन।

जारी गर्न सक्दछ। त्यस बाहेक हक अधिकारको तत्काल प्रचलन गराउन वा उल्लङ्घनलाई रोक्नका लागि अन्तरिम/अन्तरकालीन आदेशहरू पनि अदालतले जारी गर्ने गर्दछ। जस्तै जबर्जस्ती निष्कासनपछि पनि आवासविहीन भएर चितवनको माडीस्थित कुसुम खोलाको जङ्गल क्षेत्रमा नै बसोवास गरिरहेका चेपाङ परिवारहरूलाई उचित विकल्पको व्यवस्था नभएसम्म यथास्थानमा नै बसोवास गर्न दिन २०७७ साउन १५ गते सर्वोच्च अदालतले अन्तरिम आदेशसमेत जारी गरेको अवस्था छ। *(जुरी नेपालको तर्फबाट राजुप्रसाद चापागाईं समेत, २०७७-WO-००७८)*

### ६.२.२ उच्च अदालत

संविधानको धारा १३९ ले प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने व्यवस्था गरेको छ। उच्च अदालतले आवास, भूमि तथा खाद्य लगायतका विषयका सार्वजनिक हक वा सरोकारको कुनै विवादको न्याय निरूपण पनि गर्दछ। आवासलगायतका मौलिक हक तथा कानुनी हकको प्रचलन गराउन तथा सार्वजनिक सरोकारको विवाद निरूपण गर्न उच्च अदालतले परमादेश, उत्प्रेषण, प्रतिषेध, लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्दछ।[७] प्रत्येक प्रदेशमा उच्च अदालत रहने व्यवस्था भएकाले आवासको हक लगायतका मौलिक हकको संरक्षण र प्रवर्द्धनका लागि यसको महत्त्वपूर्ण उपयोग हुन सक्छ।

[७] धारा १४४. उच्च अदालतको अधिकार क्षेत्रः (१) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानुनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ। (२) उपधारा (१) को प्रयोजनका लागि उच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ।

### ६.२.३ जिल्ला अदालत

संविधानको धारा १४८ मा प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहने व्यवस्था छ। धारा १५१ ले जिल्ला अदालतलाई पनि बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञालगायतका रिट जारी गर्ने अधिकार दिएको छ। यस व्यवस्थाको कारण जिल्ला अदालतको रिट क्षेत्राधिकारले पनि संवैधानिक प्रत्याभूति पाएको छ।[८] यो विकेन्द्रित रिट क्षेत्राधिकारको यथोचित अभ्यास हुन सक्ने हो भने स्थानीय स्तरमा नै न्यायमा पहुँचलाई प्रवर्द्धन गरी आवासको अधिकार उल्लङ्घन लगायतका मानवअधिकारको उल्लङ्घन रोक्न सकिन्छ।

## ६.३ अदालतहरूले आवासको हकको कार्यान्वयन गराउन र जबर्जस्ती उठीवासलाई रोक्न कस्तो भूमिका खेलेका छन् ?

सर्वोच्च अदालतले सार्वजनिक सरोकारको विवादसम्बन्धी क्षेत्राधिकारअन्तर्गत आवासको हकको प्रचलनका लागि भूमिका खेल्दै आएका छ। कतिपय अबस्थामा आवासको हकलाई सकारात्मक प्रभाव दिनेगरी न्याय निरूपण गरेको देखिन्छ। कतिपय अवस्थामा भने कानुनको संकुचित व्याख्या गरेको देखिन्छ। यो विरोधाभाषले आवासको हक उपभोग र भूमिमा पहुँचमा नकारात्मक असर पारेको देखिन्छ।

उदाहरणको रूपमा जुरी-नेपालका तर्फबाट अधिवक्ता राजुप्रसाद चापागाईंसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतमा[९] परित्यक्त तथा जीवन

---

[८] धारा १५१. जिल्ला अदालतको अधिकार क्षेत्रः (१) जिल्ला अदालतलाई संघीय कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्र भित्रका सम्पूर्ण मुद्दाको सुरू कारबाही र किनारा गर्ने, बन्दी प्रत्यक्षीकरण, निषेधाज्ञा लगायत कानुन बमोजिमका निवेदन हेर्ने, अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानुनबमोजिम पुनरावेदन सुन्ने, प्रदेश कानुनबमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने तथा आफू र आफ्नो मातहतका अदालतहरूको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा सङ्घीय कानुनबमोजिम अवहेलनामा कारबाही चलाइ सजाय गर्न सक्ने अधिकार हुनेछ। (२) जिल्ला अदालतको अधिकारक्षेत्र र कार्यविधिसम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ

[९] ने.का..प.२०७४, अंक ४, नि.नं. ९७९०।

सङ्कटमा रहेका नागरिकको पालनपोषणका लागि साविक मुलुकी ऐन गरिब कङ्गालको महलमा गरिएको व्यवस्था कार्यान्वयन नभएको नदेखिँदा असक्त, असहाय, परित्यक्त तथा चरम गरिबीमा रहेका महिला, बालक तथा वृद्ध अवस्थाका जीवन संकटमा रहेका नेपाली नागरिकहरूको पहिचान गरी भरण पोषण र बसोवासको आवश्यक प्रबन्ध गर्न परमादेश जारी गरेको देखिन्छ।

साथै माधवकुमार बस्नेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्समेत[१०] को रिट मुद्दामा भूमिसम्बन्धी ऐन, २०२१को दफा ७ मा रहेको हदबन्दीसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न परमादेश जारी गरेको पाइन्छ। हदबन्दिसम्बन्धी कानुन कार्यान्वयको परिणामस्वरूप उपलब्ध हुने जग्गालाई प्राथमिकताका आधारमा भूमिहीन नागरिकलाई विक्रिवितरण गर्ने व्यवस्था छ। यसले आवास तथा कृषि समेतको प्रयोजनका लागि भूमिमा पहुँचलाई प्रवर्द्धन गर्न मद्दत पुग्ने देखिन्छ।

सुदर्शन सुवेदीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री कार्यालय र मन्त्रिपरिषद् सचिवालय समेतमा[११] सर्वोच्च अदालतले शारीरिक, मानसिक तथा बौद्धिक अपांगता भएका व्यक्तिहरूलाई कानुनमा भएको बसोवास, शिक्षा, स्वास्थ्य र तालिमका सुविधाहरूसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गरेको छ।

कतिपय भूमिहीन तथा सुकुमवासीहरूले अर्को विकल्प नभएसम्म आफ्नो वासस्थान र जीविकोपार्जनको उपायको रक्षाका लागि न्यायिक उपचारको प्रयास गरे पनि न्यायालय उनीहरूको वैध माग प्रति अनुदार भएको देखिन्छ। बसिरहेको ठाउँबाट हटाउनु पूर्व भूमिहीन तथा सुकुमवासीलाई आवासको विकल्प दिनुपर्ने सम्मानपूर्वक बाँच्न पाउने हक, आवासको हक, खाद्यसम्बन्धी हक, सारभूत समानताको हक समेतसँग अन्योन्याश्रित रहेको विषयलाई सरकारको नीतिगत विषय भनेर न्यायिक हस्तक्षेप गर्नबाट पन्छिएका दृष्टान्तहरू छन् (*खगिसरा कामी वि. जिल्ला वन कार्यालय सुर्खेत समेत, २०७० सालको पुनरावेदन नं. ०८०८, फैसला मिति*

[१०] ने.का.प. २०७६, अंक ८, नि.नं. १०३३९।

[११] ने.का.प. २०६९ अंक ५, पृ. ८३०।

*२०७२ जेठ १२, कृष्ण प्रसाद उपाध्याय वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, रिट निवेदन नं. ०६३१, फैसला मिति २०७६ असार २०)।*

*कृष्णप्रसाद उपाध्यायसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत*[१२] मा बागमती किनारमा बसोवास गरेका सुकुमवासीहरूलाई विकल्प बिना उठीवास लगाउने गरी जारी गरेको सूचना अमान्य घोषित गर्न निवेदकहरूले गरेको मागलाई अदालतले अस्वीकार गरेको छ। सरकारको एकतर्फी भाष्यमा भर गरेर सुकुमवासी प्रति अदालत चरम अनुदार भएको देखिन्छ। प्रस्तुत मुद्दामा सुकुमवासीका वस्तीहरू भत्काई उठीवास लगाई कहिँकतै पनि बस्न नपाउने स्थिति सृजना हुने आशंका विद्यमान भएको भन्दै वैकल्पिक व्यवस्था नगरिएसम्म बसोवास गरिरहेको स्थानबाट नहटाउन उपचार खोजिएको थियो। तर अदालतले भने "सुकुमवासीको नाममा सरकार वा महानगरपालिकाले तोकिदिएको स्थानबाहेक जहाँसुकै खाली स्थान पाउने बित्तिकै अतिक्रमण गर्नु गराउनु कानुनविपरीत मात्र नभई औचित्यपूर्ण तथा विवेकसम्मत नहुने।"(प्रकरण नं.५) फैसला गर्न पुग्यो।

"स्थानीय प्रशासन ऐन, २०२८ को दफा १० (क) (२) अनुसार कुनै पनि नागरिकहरूले सार्वजनिक जग्गाहरूमा आबाद गर्नुपूर्व नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्ने कानुनी व्यवस्था भएबमोजिम निवेदकहरूले सोबमोजिम स्वीकृति लिई सुकुमवासीको रूपमा बसोवास गरेको नदेखिएको" भन्दै अदालतले निवेदकहरूलाई अतिक्रमणकारीको रूपमा चित्रण गर्न पुग्गो। यहाँसम्म कि अदालतले "अतिक्रमण गरी बसेको सरकारी जग्गाउपर निरन्तर बसोवास गर्न पाउनु पर्छ भन्ने दाबी लिने अधिकार प्रचलित कानुनले कसैलाई नदिएको" भन्दै "सार्वजनिक जग्गा अतिक्रमण गरी लिने बदनियतका साथ अदालत प्रवेश गरेको"भन्ने विपक्षी आरोपमा आँखा चिम्लेर समर्थन गर्यो।

आवासको हकलाई मौलिक हकको रूपमा संविधानले नै प्रत्याभूत गरेको र त्यसलाई कार्यान्वयन गर्न आवासको हकसम्बन्धी ऐन समेत बनिसकेको

[१२] नेकाप २०७६ अंक १०, निर्णय नं. १०३७८, फैसला मिति:२०७६/०४/२०।

वास्तविकतालाई अनदेखा गरेको देखिन्छ। "सुकुमवासीको नाममा उपत्यकाका विभिन्न क्षेत्रमा सार्वजनिक, ऐलानी र पर्ती जग्गा कब्जा गरी निर्माण भएका घर टहरामा बसोवास गर्दै आएका व्यक्तिहरू वास्तविक सुकुमवासी हुन् वा होइनन् सोको यकिन गरी निजहरूलाई यथोचित व्यवस्थापन गर्नु पर्ने नपर्ने भन्ने कुरा राज्यको नीतिगत विषय हो।" भन्न समेत अदालत पछि परेन। न्याय पाउने आशाले सर्वोच्च न्यायालय पुगेका सार्वभौम नेपाली नागरिकहरू निराश भएर फर्कन फैसलाले बाध्य बनाएको देखिन्छ। मौलिक हकका विषयमा न्यायिक संवेदनशीलताको खाँचो देखिन्छ।

जबर्जस्ती उठीवासलाई रोकेर अनौपचारिक बस्तिका बासिन्दाको आवासको हक संरक्षण गर्ने प्रयोजनका लागि पछिल्लो समयमा उच्च अदालतको क्षेत्राधिकारको रणनीतिक उपयोग गर्ने प्रयत्न भएको देखिन्छ। उच्च अदालत पाटनले *जानुका पोखेल समेत विरुद्द काठमाडौं महानगरपालिका समेतमा*[१३] थापाथली स्थित बाग्मती किनारमा बसोवास गर्दै आएका भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीको पहिचान र वैकल्पिक आवासको प्रबन्ध विना बस्तीबाट हटाउने गैरकानुनी प्रयासलाई रोकेको छ। यथोचित पहिचान र वैकल्पिक पुनर्वास नगरिकन बस्तिबाट निष्कासन गर्न नसकिने कुरालाई सुनिश्चित गरेको छ। पहिचान, वर्गिकरण तथा पुनर्वासको लागि समन्वयात्मक रूपमा योजना बनाएर कार्य गर्नका लागि तहगत सरकारलाई जिम्मेवार बनाउन परमादेश जारी गरेको छः

(क) विपक्षी महानगरपालिकाबाट मिति २०७९/१२/११ मा प्रकाशित सूचनामा उल्लेखित क्षेत्रहरुमा वसोवास गरेका वास्तविक भूमिहिन, दलीत, सुकुम्वासी र अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन र प्रमाणिकरण गर्नको लागि सो क्षेत्रमा भौतिक रुपका प्रवेश गरी र अन्य आवश्यक उपाय तथा प्रबंध अवलम्बन गरी छ (६) महिना भित्र लगत संकलन, अद्यावधिक र प्रमाणिकरणको कार्य सम्पन्न गर्नु, गराउनु।

[१३] २०७९-WO-१२६७, आदेश मिति २०८० श्रावण १७।

(ख) उल्लेख भए बमोजिमको लगत संकलन अद्यावधिक र प्रमाणिकरणको प्रयोजनार्थ सम्बन्धित पक्षहरुलाई स्वयम् घोषणा गर्ने लगायतको र आवश्यक विवरण संकलनको सूचना प्रकाशन गरी सो क्षेत्रमा अतिक्रमण गर्ने व्यक्ति तथा अतिक्रमण गरी बनाइएका संरचनाहरू एवम् वास्तविक भुमिहिन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र बर्गीकरण गर्नु गराउनु ।

(ग) नेपालको संविधानको धारा ३७ र ४०, भूमि सम्बन्धि ऐन, २०२१ को दफा ५२ (ख), आवासको हक सम्बन्धि ऐन, २०७५ को दफा ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (झ) एवम् नेपाल पक्ष भएका आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ समेतका अन्तर्राष्ट्रिय कानून बमोजिम व्यक्त प्रतिबद्धता समेतका आधारमा वास्तविक भूमिहीन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई उचित विकल्प र अवासको प्रवन्ध मिलाई सार्वजनिक जग्गाको संरक्षण गर्ने प्रयोजनको लागि छ (६) महिनाभित्र योजना निर्माण गर्नु गराउनु।

(घ) रिट निवेदनमा उल्लेखित विषय बृहत रुपमा भूमिनीति तथा भूमि व्यवस्थापनसंग सम्बधित देखिंदा नेपालको संविधानको अनुसुचि ५ को क्रम सङ्ख्या २९, अनुसूची ६ को क्रम सङ्ख्या १६, अनुसूची ७ को क्रम सङ्ख्या २४, अनुसूची ८ को क्रम सङ्ख्या १३ र २१ एवम् अनुसूची ९ को क्रमसंख्या ७ र १३ समेतलाई दृष्टिगत गरी संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्यमा योजना निर्माण र कार्यान्वयन गर्नु गराउनु ।

(ङ) यसै गरी वास्तविक भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धी योजना निर्माण गर्दा र सो को कार्यान्वयन गरी सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाउदा निवेदक तथा सम्बन्धित पक्षहरूले राज्यका निकायलाई आवश्यक सहयोग गरी अतिक्रमण हटाउने र हट्ने सम्बन्धमा आफ्नो कर्तव्य पूरा गर्नु भनी रिट निवेदकहरूको नाममा समेत आदेश जारी गरि दिएको छ" भनी यस अदालतवाट फैसला भएको र उक्त फैसलाको पूर्णपाठ तयार हुन समय लाग्ने भएकाले यो फैसलाको संक्षीप्त जानकारी यसै पत्रसाथ गराईन्छ।

## ६.४ जबरर्जस्ती निष्कासनविरुद्ध न्यायिक उपचार दिलाउने सन्दर्भमा अन्य देशका न्यायालयले कसरी काम गरेका छन्?

जबर्जस्ती विस्थापनबाट नागरिकलाई संरक्षण प्रदान गर्न तथा आवासको हकलाई प्रवर्द्धन गर्न न्यायलयको भूमिका विश्वका लोकतान्त्रिक देशहरूमा महत्त्वपूर्ण रहँदै आएका दृष्टान्त छन्। उदाहरणका लागि भारतको सर्वोच्च अदालतले सन् १९८५ मा *ओल्गा तेलिस वि. वम्बै म्यूनिशिपल काउन्सिल* (1985, 2 Supp SCR 51) को मुद्दामा आवासको हकलाई भारतीय संविधानको धारा २१ अन्तर्गतको बाँच्न पाउने हकँसँग जोडेर व्याख्या गर्दै आवास अधिकारको विधिशास्त्रमा नयाँ आयाम थपेको पाइन्छ।

त्यसैगरी न्यू दिल्लीको उच्च अदालतले *सुधामा सिङ्ग समेत वि. गभर्मेन्ट अफ् दिल्ली समेत (२ नोभेम्वर २०१० को फैसला)*को मुद्दामा पुनर्वासको सुनिश्चितता बिनाको निष्कासन मान्य नहुने व्याख्या गर्दै निष्कासन गर्नुपूर्व वासिन्दाहरूको सर्भेक्षण गर्नुपर्ने, प्रभावित वासिन्दाहरूसँगको परामर्शमा स्थानान्तरणका उपायहरू तय गर्नु पर्ने लगायतका कार्यविधिहरू तोकिदिएर भूमिहीन तथा आवास विहीन नागरिकको अधिकार संरक्षणमा गहन भूमिका खेलेको देखिन्छ। यस फैसलाले राज्य सरकारले जबर्जस्ती निष्कासन रोक्नका लागि अलग्गै गाईडलाईन्स बनाउन दबाब सृजना गरेको देखिन्छ। आवासको हकको विकास तथा त्यसको व्यहारिक कार्यान्वयनको विधि प्रकृया तथा मानकहरू न्यायिक ढंगबाट स्थापित गर्ने सन्दर्भमा दक्षिण अफ्रिकी संवैधानिक अदालतको भूमिका विश्वमा नै अतुलनीय छ। त्यहाँको संवैधानिक अदालतले गुरटबुमको मुद्दा[१४] मा गरिएको फैसलामा आवासको अधिकार लगायतका आर्थिक सामाजिक अधिकारहरू पनि न्यायिक प्रचलनयोग्य हुन्छन् भन्ने कुरालाई स्थापित गरेको थियो। विश्वव्याप रूपमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रवर्द्धनमा भूमिका खेल्न सर्वाधिक अनुकरण गरिएको फैसला हो यो। संवैधानिक अदालतले सरकारले अगाडि सार्ने उपायहरू उपयुक्तताको मानक (reasonableness test) मा खरो उत्रनु पर्ने मान्यता स्थापित

[१४] Government of the Republic of South Africa. & Ors v Grootboom & Ors 2000 (11) BCLR 1169. (CC)

गर्यो। राज्यले स्पष्ट तथा संयोजित आवास सम्बन्धी कर्याक्रम लगायतका उपयुक्त उपाय कार्यान्वयनमा ल्याएर निष्कासन लगाइएकाहरूको पर्याप्त आवासको हकलाई सम्बोधन गर्नु पर्ने आदेश दियो। त्यसो गर्न असफल हुनु संविधानको धारा २६ अन्तर्गतको आवासको हकको उल्लङ्घन भएको ठहर गर्यो। फैसलाबमोजिम काम भए नभएको त्यहाँको राष्ट्रिय मानवअधिकार आयोगले अनुमगमन गरेको थियो। यस फैसलाले आवासको हकको व्यवहारिक कार्यान्वयनमा राज्यका निकायलाई जावफदेही बनाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

जो *सोलोभो कम्यूनिटि*को अर्को मुद्दामा[१५] संवैधानिक अदालतले वैकल्पिक आवासको व्यवस्था नगरिकन कुनै परिवारलाई पनि बसिरहेको ठाउँबाट हटाउन नहुने कुरा स्थापित गर्यो। साथै त्यस्तो वैकल्पिक पुनर्वासको प्रवन्धको उपयुक्तताको सुनिश्चिताका लागि अदालत आफैंले थिति वाँधि दियो। जस अनुसार १) उठाइने घरपरिवारहरूसँग बसिरहेको ठाउँबाट उठ्नु अगाडि नै कहिले बसिरहेको ठाउँ छाड्ने हो र त्यस सन्दर्भमा आउनसक्ने अरू समस्या समेतको बारेमा छलफल गरेर समय तालिका तय गर्नुपर्ने, २) स्थानान्तरण गरिने नयाँ स्थानमा स्कूल र स्वास्थ्य क्लिनिकको सुविधा हुनु पर्ने, ३) जहिले बसिरहेको ठाउँबाट उठ्ने हो तहिलेनै वासको उपलब्धता सुनिश्चित हुनु पर्ने सुनिश्चित भयो। *डलाड्ला विरुद्द सिटी अफ् जोहानेस्वर्गको मुद्दामा*[१६] संवैधानिक अदालतले विस्थापित हुने सबै तत्काल सुरक्षित आवासको हकदार हुने र सो तुरुन्त उपलब्ध गराउने नगरपालिकाहरूको संवैधानिक दायित्व हुने ठहर्यायो। जबर्जस्ती विस्थापनको उल्लङ्घनका पीडितलाई तत्काल त्यस्तो आवास सुबिधा उपलब्ध गराउन जोहानेसबर्ग नगरपालिकालाई आदेश दियो।

## ६.५ राष्ट्रिय मानवअधिकार आयोगले कस्तो भूमिका खेल्न सक्छ ?

संविधानको धारा २४९ ले राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकारलाई परिभाषित गरेको छ। उपधारा (१) ले मानवअधिकारको सम्मान,

[१५] Residents of the Joe Slovo Community, Western Cape v. Thubelisha Homes and others 2010 (3) SA 454 (CC)

[१६] Dladla v City of Johannesburg, (2017) ZACC 42

संरक्षण र सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हुने व्यवस्था छ। यो कर्तव्यलाई व्यवहारमा उतार्न आयोगले जबर्जस्ती निष्कासनलगायत सवै मानवअधिकारको उल्लङ्घन वा दुरुत्साहनका विषयमा छानबिन तथा अनुसन्धान गर्न सक्छ। जबर्जस्ती उठीवासको जिम्मेवार व्यक्तिलाई कारबाही गर्न सिफारिस गर्न सक्दछ। त्यसका अतिरिक्त उल्लङ्घनका लागि जिम्मेवार पदाधिकारीविरुद्ध विभागीय कारबाही गर्नका लागि सिफारिस गर्न सक्छ। कसैलाई मुद्दा चलाउनु पर्ने भए त्यसका लागि पनि सिफारिस गर्ने अधिकार छ। आवासको हकसमेतको बारेमा चेतना अभिवृद्धि गर्ने लगायतका कार्यक्रम चलाउन सक्छ। उल्लङ्घनबाट पीडितलाई क्षतिपूर्ति भराउन समेत सिफारिस गर्न सक्ने व्यवस्था छ। आयोगको सिफारिस, निर्देशन पालन वा कार्यान्वयन नगर्नेको नाम मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्न सक्छ। आयोगले आफ्नो कार्यादिशको उपयोग गरेर पर्याप्त आवासको अधिकार लगायतका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्तिका लागि तहगत सरकार, निजि तथा व्यवसाय क्षेत्रलाई समेत जवाफदेही बनाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। आयोगले यस सन्दर्भमा आफ्नो भूमिका निर्वाह गर्न आवासको अधिकार वा भूमिमा पहुँचको अधिकारबाट वञ्चित भएको व्यक्ति तथा समुदायको उजुरी वा गुनासो नै चाहिन्छ भन्ने छैन। आयोगले अग्रसक्रिय रूपमा जबर्जस्ती उठीवास लगायतका गम्भीर प्रकृतिका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनका विषयमा छानबिन, अनुसन्धान गरी तहगत सरकारका जिम्मेवार निकाय तथा पदाधिकारीहरूलाई जवाफदेही बनाउन सक्छ। तथापि त्यस्ता उल्लङ्घनका घटनाहरूमा अग्रसक्रिय भूमिका खेल्न सकेको भने देखिंदैन।

## ६.६ मानवअधिकार आयोग बाहेकका अन्य आयोगहरूको भूमिका के हुन्छ ?

राष्ट्रिय मानवअधिकार आयोग बाहेक पनि मानवअधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा भूमिका खेल्ने विषयगत आयोगहरूको व्यवस्था संविधानले गरेको छ। पुर्ववत रूपमा अस्तित्वमा रहेका राष्ट्रिय महिला आयोग तथा राष्ट्रिय दलित

आयोगका अतिरिक्त राष्ट्रिय समावेशी आयोग, जनजाति आयोग, मधेशी आयोग, मुस्लिम आयोग एवं थारु आयोगको व्यवस्था छ। सम्बन्धित वर्ग तथा समुदायको आवास, भूमि तथा खाद्य जस्ता आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका अवयवहरूको उपभोगको अवस्था, त्यस्ता अधिकारहरूको उपभोगको वाधा तथा अवरोधको बारेमा अध्ययन, अनुसन्धान गरेर आवश्यक सिफारिस गर्ने काम यस्ता आयोगहरूले गर्न सक्छन। आवासको हक लगायतका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चितिको असमानुपातिक असर विभेदित तथा सीमान्तकृत वर्ग तथा समुदायमा पर्ने भएकाले यस्ता आयोगले आवासको हकको संरक्षण र परिपूर्तिका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्छन।

## ६.७ संसदीय निगरानी संयन्त्रले जबर्जस्ती विस्थापनबाट संरक्षण दिलाउन कसरी काम गर्न सक्छ ?

संवैधानिक प्रयोजन अनुरूप कानुनको कार्यान्वयन भएको छ वा छैन भन्ने बारेमा संसदले निगरानी गर्छ। सरकारका निकायहरूलाई कानुनको कार्यान्वयन तथा परिपालनाका लागि जवाफदेही बनाउँछ। यो उसको दायित्व पनि हो। उक्त कार्यका लागि संविधानको धारा ९७ अन्तर्गत समिति प्रणालीको परिकल्पना छ। तदनुरूप संघीय प्रतिनिधि सभा र राष्ट्रिय सभामा विभिन्न समितिहरू विद्यमान छन। आवासको हक, भूमिमा पहुँच तथा खाद्य अधिकार जस्ता अन्तर्सम्बन्धित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार कार्यान्वयनका लागि बनेका ऐनअन्तर्गतको दायित्व पालना भएनभएको विषयमा समितिहरूले भूमिका खेल्न सक्छन। उदाहरणको लागि राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति छ। यो दुवै सदनको संयुक्त समिति हो। यसले आवास, भूमि, खाद्य लगायतका सन्दर्भमा विद्यमान निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयन को विषय हेर्छ। राज्यले आवश्यकताअनुसार स्रोत साधनको परिचालन गरे नगरेको अनुगमन गर्छ। समितिलाई नीतिगत प्रतिज्ञा तथा दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्याङ्कन गर्ने कार्यादेश छ।

प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७० मा कानुन न्याय तथा संसदीय मामिला समितिको व्यवस्था छ। यसले मानवअधिकारको सम्मान, संरक्षण र

संवर्धनका लागि सरोकारवाला निकायहरूलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने कार्य गर्दछ। यसको अलावा कानुन र न्यायको क्षेत्रमा सकारात्मक सुधार गरी लोक कल्याणकारी राज्य र कानुनी राज्य स्थापनामा सरकार र सम्बन्धित निकायलाई जवाफदेही बनाउन भूमिका खेल्छ।

त्यसैगरी सङ्घीय प्रतिनिधि सभाअन्तर्गत 'कृषि, सहकारी तथा प्राकृतिक श्रोत समिति' रहने व्यवस्था छ। यसले उर्जा, जलश्रोत, सिंचाई, कृषि, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, वन तथा वातावरण लगायतका सन्दर्भमा सरकारबाट भए गरेका काम कारबाहीहरूको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिने काम गर्दछ।

त्यसैगरी 'महिला तथा सामाजिक समिति'ले राज्यले विशेष ध्यान दिनु पर्ने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, दलित, आदिवासी, मधेशी, थारु, मुस्लिम लगायतका वर्ग तथा समुदायको हकहितका विषयमा सरकारका कामकारबाहीको निगरानी गर्दछ।

संघीय राष्ट्रिय सभाको 'दिगो विकास तथा सुशासन समिति'ले दिगो एवं सन्तुलित विकास र सुशासन प्रवर्धनसम्बन्धी विविध विषयमा सरकारका कामकारबाहीको निगरानी गर्छ।

राष्ट्रिय सभाको अर्को महत्त्वपूर्ण समितिको रूपमा 'प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति' रहेको छ। यसले ऐनको उद्देश्य कार्यान्वयन गर्न ऐनद्वारा प्रत्यायोजित अधिकार बमोजिम नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि, आदेश, मापदण्ड बनेका छन् वा छैनन् भन्ने कुराको निगरानी गर्दछ। उक्त समितिहरूले आवास तथा भूमि लगायतका विषयका कानुन कार्यान्वयनको निगरानी गर्न सक्ने भएपनि त्यो भूमिका तदर्थवादी देखिएको छ।

## ६.८ समितिहरूको निगरानीको लागि पीडितको उजुरी आवश्यक पर्छ वा स्वसक्रिय रूपमा पनि गर्न सक्दछन् ?

समितिहरूको पीडित वा सम्बन्धीत सरोकारवालाहरूले उजुरी तथा गुनासो दर्ता गराउन सक्छन्। उनीहरूको गुनासोलाई आधार बनाएर समितिले आफ्नो अनुगमन तथा निगरानीको काम अगाडि बढाउन सक्छ। त्यस बाहेक समितिले मिडियामा प्रकाशित समाचार, अन्य सार्वजनिक प्रतिवेदन वा अन्य कुनै तवरबाट उसलाई भएको जानकारीको आधारमा पनि निगरानी गर्न सक्दछ। उजुरी वा गुनासो नै दर्ता हुनु पर्छ भन्ने छैन।

## ६.९ जबर्जस्ती विस्थापनविरुद्ध अन्तर्राष्ट्रिय निगरानीको कस्ता कस्ता माध्यम र संयन्त्रहरूको उपयोग गर्न सकिन्छ ?

नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि सम्झौताअन्तर्गतको दायित्व परिपालना भए नभएको अनुगमन गर्न सन्धिजनित समितिहरू छन्। उदाहरणको रूपमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धअन्तर्गत मानवअधिकार समिति छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुबन्धअन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति छ। महिला अधिकारसम्बन्धी महासन्धिअन्तर्गत सिड समिति छ। बालअधिकार महासन्धिअन्तर्गत बालअधिकार समिति छ। जातिय विभेदविरुद्धको महासन्धिअन्तर्गत जातिय विभेदविरुद्धको समिति छ।

समितिहरूले नेपालले सम्बन्धीत सन्धि सम्झौताअन्तर्गत पालना गर्नुपर्ने दायित्वको यथोचित पालना गरे नगरेको अनुगमन गरी आफ्ना सिफारिस गर्दछन्। त्यति मात्रै होइन नेपालले मानवअधिकार समितिको गुनासो सुन्ने क्षेत्राधिकारलाई पनि स्वीकार गरेकाले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि उल्लङ्घनका पीडितले देशभित्र न्याय पाउनबाट वञ्चित भएमा समितिमा उजुरी दिन सक्छन्। समितिले नेपालका सन्दर्भमा कैयौं द्वन्द्वकालीन घटनाहरूसँग सम्बन्धित गुनासो सुनेर निर्णय दिएको देखिन्छ।

जबर्जस्ती उठीवासको विषयलाई पनि अविभेद, समानता तथा जीवनको अधिकारसँग जोडेर उक्त समितिमा गुनासो दायर गर्न सकिन्छ। तर अहिलेसम्म उपयोग गरिएको देखिंदैन। यसका अतिरिक्त प्रत्येक चार/चार वर्षको फरकमा हुने मावअधिकारको विश्वव्यापी आवधिक समीक्षा (युपिआर) मा नेपालको तर्फबाट सरकारले प्रतिवेदन पेश गर्छ। आवासको हकको कार्यान्वयनको विषयलाई अन्तर्राष्ट्रिय समीक्षाको विषय बनाउन सकिन्छ।

साथै पर्याप्त आवासको अधिकार, पर्याप्त खाद्य अधिकार तथा चरम गरिबी लगायतसँग सम्बन्धीत राष्ट्रसंघीय विशेष प्रतिवेदकले पनि आवासको हक लगायतका आर्थिक, सामाजिक अधिकारका विषयहरूमा अध्ययन गरेर प्रतिवेदन सार्वजनिक गर्न सक्छन्। सरकारको ध्यानाकर्षण गराउन सक्दछ। सन् २०१९ मा चरम गरिबीको विषयमा विशेष प्रतिवेदकले नेपाल भ्रमण गरेर आफ्नो धारणा सार्वजनिक गरेकोलाई उदाहरणको रूपमा लिन सकिन्छ। साथै पछिल्लो पटक थापाथलीमा भएको जबर्जस्ती उठीवासको प्रयासको विषयमा पनि विशेष प्रतिवेदकहरूले गम्भीर सरोकार व्यक्त गरेको देखिन्छ।

## ६.१० न्यायिक उपचार दिलाउन नागरिक समाज र मिडियाले कस्तो भूमिका खेल्न सक्छन ?

नागरिक समाज तथा मिडियाले उल्लङ्घनका घटनाहरू बाहिर ल्याउन, हक अधिकारहरूको बारेमा जनचेतना फैल्याउन, सरकारको कामकारबाहीको निगरानी गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। न्यायिक निगरानी, राष्ट्रिय मानवअधिकार संस्थाहरूको निगरानी तथा अन्तर्राष्ट्रिय निगरानीका लागि पनि नागरिक समाज र मिडिया सहयोगी बन्न सक्दछन्। उनीहरूको भूमिका परिपूरक हुन सक्छ।

उदाहरणको लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालमा आबद्ध २६ वटा नागरिक संघ संस्था तथा सञ्जालहरूले शहरी गरीब तथा विपन्न वर्गका नागरिकको मर्यादापूर्वक जीवन जिउन पाउने अधिकारको सम्मान गर्न काठमाडौं महानगरपालिका लगायत सम्बन्धीत सबैमा २०७९ असार २२ गते एक अपिल जारी गरेका थिए। (हेर्नुहोस् अनुसूचि)। हालै मानवअधिकारको क्षेत्रमा

क्रियाशील १६ जना अधिवक्ताहरूले प्रधानमन्त्री र सम्बन्धित मन्त्रीलाई आवासको अधिकार तथा खाद्य अधिकारको विषयमा बन्नु पर्ने नियमावली चार वर्ष सम्म पनि नबनेको विषयमा मिति २०७९ माघ १७ मा ध्यानाकर्षण गराएको पाइन्छ। साथै जबर्जस्ती विस्थापनको विषयलाई राष्ट्रिय मिडियाहरूले महत्त्व दिएर प्रचार प्रसार गरेको घटनालाई उदाहरणको रूपमा लिन सकिन्छ। जबर्जस्ती उठीवास लगायतका आर्थिक, सामाजिक अधिकार उल्लङ्घनका विषयमा खोजमूलक पत्रकारिताको पनि विशेष भूमिका हुन सक्छ।

अनुसूचिः

## १. सकुमवासी परिवारको उठीवास सम्बन्धमा सूचना उपलब्ध गराइदिन मिति १३ मंसिर २०७९ मा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलाई लेखेको पत्र।

१३ मंशिर २०७९

श्रीमान सूचना अधिकारी ज्यू,
अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति,
गुह्येस्वरी, काठमाण्डौ ।

**विषयः सुकुम्वासी परिवारहरुको उठिवास सम्बन्धमा सुचना उपलव्ध गराई पाउँ ।**

महोदय,

म संवैधानिक तथा मानवअधिकार कानुनको क्षेत्रमा अभ्यासरत अधिवक्ता हुँ । मैले विगत लामो समय देखी मानवअधिकार, सुशासन, सामाजिक न्याय तथा वातवरणीय संरक्षण समेतसंग सरोकार राख्ने विषयहरुमा अध्ययन तथा अनुसन्धान गर्ने, सार्वजनिक सरोकारको विवादको अभ्यास तथा वहस पैरवी गर्ने लगायतका कार्य गर्दै आएको छु ।

बैकल्पिक आवासको प्रबन्ध नगरिकन कुनैपनि बस्तिबाट कोही पनि भूमिहिन तथा सुकुम्वासी परिवारहरुलाई उनिहरुको बासस्थानबाट बिस्थापन नगर्न,नगराउन परमादेश समेतको माग राखी न्याय तथा अधिकार संस्था (जुरी–नेपाल), नेपाल महिला एकता समाज, तराई मानवअधिकार रक्षक सञ्जाल, राष्ट्रि भूमि अधिकार मञ्च, सामुदायिक आत्म निर्भर केन्द्र, एड्भोकेसी फोरम तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालको तर्फबाट म समेतले दायर गरेको सार्वजनिक सरोकारको मुद्दा *(अधिवक्ता राजुप्रसाद चापागाई समेत, २०७७–WO–००७८)* अग्राधिकार प्राप्त गरी सम्मानित सर्वोच्च अदालतमा हाल विचाराधिन अबस्थामा रहेको छ ।

यसै सन्दर्भमा उक्त मुद्दाको प्रयोजनको लागि समेत तपसिलमा उल्लेख भएबमोजिमको आधिकारीक र अद्यावधिक सुचना आवश्यक परेकाले नेपालको संविधानको धारा २७ तथा सुचनाको हक सम्बन्धि ऐन, २०६४को दफा ३ र ७ बमोजिम सुचना शिघ्र उपलव्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु । सूचना उपलब्ध गराउँदा कानुन बमोजिम लाग्ने शुल्क बुझाउन तयार छु ।

**तपसिल**

**(१) २०७९ कार्तिक २५ मा १० दिनको सुचना जारी गरेर हिंजो बाट महानगरपालीकाको समेत सहयोग लिई बागमति किनारमा वसोवास गर्दै आएका भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासी परिवारहरुलाई विस्थापनको काम थाल्नु पूर्व संविधानको धारा १६, धारा १८, धारा २५, धारा २८,धारा ३६,धारा ३७, आवासको हक सम्बन्धि ऐन, २०७५को दफा ३को उपदफा (१)(२)(३)(४), दफा ५को उपदफा (४) र (५), दफा ७को खण्ड (क), खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५को दफा ३को उपदफा (१)(२)(३) र दफा ४०को खण्ड (ङ)समेत अन्तर्गत राज्यले वहन गर्नु पर्ने दायित्व वा पुरा गर्नु पर्ने पूर्वशर्तहरुको यथोचित परिपालनाका लागि के कस्तो विधि प्रकृया र उपाय अवलम्वन गरिएको अवस्था छ सो सम्बन्धि जानकारी ।**

**(२) अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समितिको कार्यक्षेत्र भित्र पर्ने वागमती किनार लगायतका स्थानमा के कति संख्यामा भूमिहिन सुकुम्वासी परिवारको वासोवास रहेको छ, त्यस्ता परिवार मध्य अर्को कुनै विकल्प नभएका तथा उठिवास लगाउँदा आवासविहिनताको जोखिममा पर्ने परिवार संख्या कति रहेछन, आवासको हकसम्बन्धि ऐनको दफा ५को उपदफा(५)बमोजिक विस्थापनको समयमा विशेष ध्यान दिनु पर्ने समुहका "जेष्ठ नागरिक, विरामी, अपांगता भएका व्यक्ति,**

**बालबालिका, असहाय, अशक्त, गर्भवती महिला"को संख्या कति रहेको छ र उनिहरुको विशेष संरक्षणका लागि केकस्तो उपाय अबलम्बन गरिएको छ सो सम्बन्धि विस्तृत जानकारी ।**

**(३) अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति सरहकै कानुनी हैसियत प्राप्त राष्ट्रिय भूमि आयोगले भूमि सम्बन्धि ऐनमा गरिएको आठौं संशोधन अनुरुप नेपाल भरी (वागमति किनार समेत) अन्य उपयूक्त विकल्प नभएर नदि किनार, वन क्षेत्र लगायतका सार्वजनिक स्थलमा घर टहरा वा खेतिपाती गरेर जिविकोपार्जन गरिरहेका भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित परिवारहरुको पहिचान, वर्गिकरण र उनिहरुको व्यवस्थापनका लागि काम गर्दै आईरहेको र पटक पटक सुचना जारी गरेर (उदाहरणको लागि २०७७ श्रावण ६को प्रेस विज्ञप्ति र २०७८ पौष १२मा गोर्खापत्रमा प्रकाशित सुचना) आयोगले पहिचान, वर्गिकरण, व्यवस्थापनको काम सम्पन्न नगर्दा सम्म कुनै पनि सुकुम्वासी परिवारलाई वसिरहेको ठाउँबाट हठात उठिवास नलगाउनका लागि तहगत सरकारका सवै निकायलाई आव्हान गरिरहेको सन्दर्भमा आपसी समन्वय र सहकार्यको अभावमा संरक्षणको खाँचो भएका भूमिहिन र सुकुम्वासी परिवारहरुको हकहितमा आघात नपरोस भन्ने कुरा सुनिश्चित गर्न समितिले राष्ट्रिय भूमि आयोगसंग के कसरी समन्वय र सहकार्य गरेको छ सो सम्बन्धि जानकारी ।**

**(४) मौलिक हकको अन्तिम रक्षक एवं संविधान र कानुनको अन्तिम व्याख्याता सम्मानित सर्वोच्च अदालतले "उचित विकल्प विना सकुम्बासी परिवारलाई वासस्थानबाट उठिवास लगाउनु गैरसंवैधानिक हुने" निवेदन दावीसमेतको न्याययोग्यतालाई मान्यता दिएर मुद्दाको गाम्भिर्यलाई विचार गरी सुनुवाईका लागि अग्राधिकार समेत दिएर विचाराधिन रहेको र समान प्रकृतिको घटना (चितवनको माडी स्थित कुसुम खुलाको जंगल क्षेत्रबाट चेपाङ परिवारहरुको विस्थापन)को सन्दर्भमा विकल्पको व्यवस्था नभएसम्म चेपाङ परिवारहरुलाई यथास्थानमा नै बसोवास गर्न दिन २०७७ श्रावण १५ गते अन्तरिम आदेश समेत जारी गरेको सन्दर्भमा उक्त मुद्दामा सम्मानित अदालतको अन्तिम निर्णय आउने अबस्था सम्म पर्खन संवैधानिक, कानुनी, नैतिक, मानविय र व्यवहारिक हिसावले पनि उपयूक्त हुने सन्दर्भमा समितिको धारणा के रहेको छ सो सम्बन्धि जानकारी ।**

**(५) उल्लिखित विषयसंग सम्बन्धित अन्य जानकारी भए सो समेत ।**

निवेदक

राजुप्रसाद चापागाईं
अधिवक्ता (प्र.प. नं ५७०३)

<u>वोधार्थः</u>

श्रीमान प्रवक्ता ज्यू, सर्वोच्च अदालत, रामशाहापथ काठमाण्डौ ।
श्रीमान सचिव ज्यू, राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, काठमाण्डौ ।
श्रीमान प्रवक्ता ज्यू, राष्ट्रिय सूचना आयोग, वानेश्वर, काठमाण्डौ ।
श्रीमान प्रवक्ता ज्यू, काठमाण्डौ महानगरपालिका कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।

## २. अबिलम्ब आवासको अधिकार सम्बन्धी ऐन, २०७५को कार्यान्वयनका लागि नियमावली बनाएर लागु गर्न माग गर्दै मिति १७ माघ २०७९ मा सम्माननीय प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको ज्ञापन पत्र।

**ज्ञापन–पत्र**

१७ माघ २०७९

सम्माननीय प्रधानमन्त्री तथा गृह मन्त्री ज्यू,
नेपाल सरकार, मन्त्रिपरिषद्, सिंहदरबार, काठमाडौं ।

माननीय मन्त्री ज्यू,
शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

माननीय मन्त्री ज्यू,
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं ।

माननीय मन्त्री ज्यू,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

माननीय मन्त्री ज्यू,
कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**विषयः अविलम्ब नियमावली बनाएर कार्यान्वयनमा ल्याउने लगायतका उपाय अवलम्बन गरेर जनताले खाद्य तथा आवाससम्बन्धी मौलिक हकको निर्वाध उपभोग गर्न सक्ने वातावरण सृजना गरियोस् ।**

सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्री ज्यूहरू,

हामी संविधानको धारा ४८ बमोजिम राष्ट्रप्रति निष्ठावान नेपाली नागरिक हौं । नागरिकको हैसियतले आफू पनि संविधान र कानुनको पालना गर्ने र अरुलाई पनि पालना गर्न, गराउन सकारात्मक भूमिका खेल्ने नागरिक जिम्मेवारी धारा ४८ मा निहित रहेको हामीले बोध गरेका छौं । त्यतिमात्रै नभएर हामी संविधानवाद, कानुनी शासन, मानवअधिकार, सुशासन र सामाजिक न्यायप्रति समर्पित कानुन व्यवसायी हौं ।

ऐतिहासिक संविधानसभाबाट २०७२ असौज ३ मा जारी भएको नेपालको संविधानको प्रस्तावनामा नै समाजवाद, सामाजिक न्याय, समतामूलक संवृद्धि प्राप्तिको अभिष्ट मुखरित छ। विभिन्न स्वरुपमा सदियौंदेखि विद्यमान भेदभाव, वहिष्करण एवं आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारबाट वञ्चिति नै विगतमा भएको सशस्त्र संघर्ष, राजनीतिक, सामाजिक, जातीय तथा क्षेत्रीय आन्दोलनहरूका अन्तरनिहित कारण हुन भन्ने तथ्य विस्तृत शान्ति सम्झौता लगायत अन्य राजनीतिक दस्तावेजहरूमा स्वीकार गरिएको तथ्य सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीज्यूहरूलाई अवगतै छ ।

द्वन्द्वका कारक तत्वलाई सम्बोधन गरेर दिगो शान्ति सुनिश्चित गर्नका लागि नै संविधानले उच्च प्राथमिकताका साथ सामाजिक न्याय तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई मौलिक हकको रूपमा

स्थापित गरेको निर्विवाद छ । संविधानको यो पाटो अन्तर्राष्ट्रिय जगतमा पनि अनुकरणीय र प्रशंसनीय बनेको बारे यहाँहरू अनभिज्ञ हुनुहुन्छ भन्ने हामीलाई लाग्दैन ।

तर कार्यान्वयनप्रतिको बढ्दो अकर्मण्यता र उदासिनताले सामाजिक न्याय, समाजवाद, समतामूलक आर्थिक संवृद्धि र आमजनताले सम्मानपूर्वक जीवनयापन गर्न पाउने वातावरण सृजना गर्ने संवैधानिक वाचा ब्ल्यङ्क चेकमा परिणत हुँदै गएको यथार्थताले भने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सरोकारवालाहरूलाई चिन्तित तुल्याउँदै गएको छ । आमजनतामा पनि ठूलो निराशा पैदा भएको छ । तहगत सरकारप्रतिको सार्वजनिक विश्वास र भरोशामा क्षयिकरण हुँदै गएको छ ।

मौलिक हकको रूपमा प्रत्याभूत खाद्यसम्बन्धी हक (धारा ३६) र आवासको हक (धारा ३७)का अवयवहरूको व्यवहारिक कार्यान्वयनका लागि संघीय संसदले क्रमशः खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५ र आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बानाएको हो । दुवै ऐनहरू २०७५ असौज २ गतेदेखि नै प्रारम्भ भएका हुन् । संघीय संसदले ती ऐनका अधिकांश प्रावधानहरू प्रत्यायोजित विधायन (नियमावली) मा व्यवस्था भएबमोजिम वा तोकिएबमोजिम कार्यान्वयन हुने प्रबन्ध गरेको छ । यथासमयमा नियमावलीमा प्रबन्ध नगर्दासम्म त्यस्ता विषयहरू कार्यान्वयनमा जाने स्थिति बन्दैन । तसर्थ ऐनले मागे बमोजिम तदारुकताका साथ नियमावली बनाएर कार्यान्वियन गर्नु पर्ने नेपाल सरकार मन्त्रीपरिषदको बाध्यात्मक दायित्व रहन्छ ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन २०७५का व्यवस्थाहरूको अध्ययन गर्दा भोकमरीको रोकथाम र नियन्त्रणका उपायको अवलम्बन, खाद्य असुरक्षित लक्षित घरपरिवारको पहिचान, त्यस्ता परिवारको अभिलेख, लक्षित परिवारलाई खाद्य सहायता परिचयपत्र वितरण, लक्षित परिवारलाई सहुलियतपूर्ण वा निशुल्क खाद्य सहायताको वितरण, खाद्यको पोषण मापदण्ड निर्धारण, खाद्य सङ्कटग्रस्त क्षेत्रमा खाद्य तथा पोषण सुरक्षाको प्रवन्ध, स्थानीय खाद्य उत्पादनको प्रवर्धन, किसानको पहिचान र वर्गिकरण, किसान परिचयपत्र वितरण, मर्कामा परेका किसानलाई क्षतिपूर्ति दिने संयन्त्र र विधि तथा प्रकृया, कृषियोग्य भूमिको दिगो व्यवस्थापन र उपयोगको प्रवर्धन, लक्षित कृषि विकास कार्यक्रम सञ्चालन, जलवायु परिवर्तनको जोखिम न्यूनिकरणका उपाय अवलम्बन, राष्ट्रिय खाद्य योजनामा समेट्ने विषयहरू निर्धारण, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन, खाद्यको सञ्चिति तथा वितरण प्रणाली, राष्ट्रिय खाद्य परिषद् गठन तथा सञ्चालन र काम, कर्तव्य र अधिकारको निर्धारण, निरीक्षण अधिकृत तोक्ने वा नियुक्त गर्ने लगायतका आधारभूत विषयवस्तुहरू प्रत्यायोजित विधायन वा नियमावलीमा निर्भर हुने स्पष्ट छ ।

त्यसैगरी आवासको अधिकारसम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू हेर्दा आवासविहीन व्यक्तिको प्राथमिकिकरण, सहुलियतपूर्ण वित्तिय सुविधा, बासस्थानबाट निस्कासनको विधि तथा प्रकृया, पुनर्वासको व्यवस्था, आवासविहीन परिवारको लगत सङ्कलन, आवासविहीनलाई आवास सुविधा, परिचयपत्र वितरण, आवासविहीनताको स्वघोषणा, अस्थायी आवास तथा आर्थिक सहायता, वार्षिक आयको निर्धारण, स्थानीय तहसँग समन्वय, निजी क्षेत्रबाट उपलब्ध गराइने आवास सुविधा, आवास सुविधा फिर्ता लगायतका लगायतका आधारभूत विषयहरू नियमावलीमा निर्भर हुने गरी व्यवस्था गरिएको छ ।

उपरोक्तबमोजिम ऐनका व्यवस्थाहरूको कार्यान्वयनका लागि प्रत्यायोजित विधायन तत्काल अपरिहार्य हुने गरी संघीय संसद्ले प्रबन्ध गरेको भएपनि नेपाल सरकारले हालसम्म पनि उक्त नियमावली बनाएर कार्यान्वयनमा ल्याएको छैन । जसका कारण सार्वभौम जनता संविधानतः प्रत्याभूत गरिएका खाद्य तथा आवाससम्बन्धी मौलिक हकको निर्वाध उपभोग गर्नबाट वञ्चित हुनु परेको छ। यही अकर्मण्यताबाट सिर्जित अन्योलको अवसर दुरुपयोग गर्दै संघीय सरकारका कतिपय निकायहरू र स्थानीय सरकारबाट भूमिहीन

सुकुम्बासी नागरिकलाई उचित सत्यपान/ पहिचान नगरी, विकल्पबिना स्वेच्छाचारी रूपमा उठिवास लगाउने वा उठिवासको दुस्प्रयास गर्ने, उठिवासको त्रासमा राख्ने, जिविकोपार्जनका आधारबाट वञ्चित गरेर आवासविहीनता र चरम खाद्य असुरक्षाको जोखिममा धकेल्ने हर्कतहरू हुँदै आएका छन् । कतिपय अवस्थामा सम्बन्धित निकायलाई जवाफदेही बनाउन सर्वोच्च अदालतले हस्तक्षेप समेत गरेको छ ।

उदाहरणको लागि जबर्जस्ती उठिबासपछि पनि आवासविहिन भएर चितवनको माडीस्थित कुसुम खोलाको जङ्गल क्षेत्रमा नै बसोबास गरिरहेका चेपाङ परिवारहरूलाई उचित विकल्पको व्यवस्था नभएसम्म यथास्थानमा नै बसोवास गर्न दिन २०७७ साउन १५ गते सर्वोच्च अदालतले अन्तरिम आदेशसमेत जारी गरेको अवस्था छ *(जुरी नेपालको तर्फबाट राजुप्रसाद चापागाईंसमेत, २०७७-WO-००७८)* ।

नियमावली बनाएर ऐनका व्यवस्था कार्यान्वयन गरिएको भए सतहमा आएका समस्याहरू विधि र प्रकृयाअन्तर्गत सम्बोधन गर्ने वातावरण सृजना हुन सक्थ्यो । नियमावलीको अभावमा स्वेच्छाचारिता मौलाउँदै गएको र राज्यको विशेष संरक्षणको आवश्यकता भएका चरम गरिवीको अवस्थामा बाँचेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यकहरूनै तहगत सरकारका निकायको शत्रुतापूर्ण व्यवहारबाट प्रताडित हुने स्थिति सृजना भएको छ ।

एकातर्फ संघीय सरकारले गठन गरेको राष्ट्रिय भूमिआयोगले भूमिसम्बन्धी ऐनको आठौं संशोधन अनुरुप भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको एकिन विवरण तयार गरी व्यवस्थापनका लागि काम गर्ने, अर्को तर्फ संघीय सरकारकै निकायको रूपमा रहेको अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति र काठमाडौं महानगरपालिकाले त्यस्ता परिवारको पहिचान र व्यवस्थापनको प्रकृयामा सहयोगी बन्ने भन्दा पनि हठात मानव वस्तिलाई डोजर लगाएर उजाड्ने दुस्प्रयास गर्ने गरेको जगजाहेर छ । यो जस्तो शासकीय विरोधाभाष र बेथिति केहि हुन सक्दैन । यो एउटा प्रतिनिधिमूलक उदाहरण मात्रै हो ।

यस्तो स्थितिलाई अन्त्य गरेर संविधान र कानुनको मातहतमा सबै तहगत सरकारहरू चल्ने कुरा सुनिश्चित गर्ने संवैधानिक दायित्व संघीय सरकार मन्त्रीपरिषद् र यसका जिम्मेवार मन्त्रालयहरूको भएपनि त्यो भूमिका निर्वाह गर्ने सन्दर्भमा विगत देखि खडेरी नै देखिएको छ। यसतर्फ सरकार प्रमुखको गम्भीर ध्यानाकर्षण हुन जरुरी छ ।

संघीय संसदबाट जनहितमा ऐन बनाएर लागू भएको चार वर्षको लामो समय व्यतित हुँदा समेत ऐन कार्यान्वयनका लागि अपरिहार्य तथा आधारभूत पूर्वाधारको रूपमा ऐनले नै परिकल्पना गरिएका नियामवली बनाएर कार्यान्वयनमा ल्याउन समेत जानाजान सरकार चुक्नु संविधानप्रतिको घोर अनादार हो । राज्यको यथोचित संरक्षणको दारकार भएका सीमान्तकृत, विपन्न, सुविधाविहीन र विपन्न सार्वभौम नेपाली जनताप्रतिको विश्वासघात हो भन्ने हाम्रो ठहर छ ।

यतिका लामो अवधि व्यतित हुँदासम्म पनि खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५को दफा ४६ तथा आवासको अधिकारसम्बन्धी ऐन, २०७५को दफा ३०बमोजिम नियमावली वनाएर लागू नगर्नु र अझै विलम्व गर्दै जाने कुराको कुनै तरहले पनि औचित्य वा कारण स्थापित हुन सक्दैन ।

मौलिक हक कार्यान्वनको पूर्वाधारको रूपमा संघीय संसदले परिकल्पना गरेका नियमावली जस्ता आधारभूत कानुनी दस्तावेज बनाउन चुकेको विषय मुद्धाको रुपमा सर्वोच्च अदालतमा प्रवेश गर्ने र नियमावली बनाउन अदालतले परामदेश जारी गर्नुपर्ने जस्तो लज्जास्पद विषय जननिर्वाचित लोकतान्त्रिक सरकारका लागि केही

हुन सक्दैन । नियमावली बनाएर लागू गर्न अनुचित विलम्ब गरेर नेपाल सरकारले के कस्तो वैद्य उद्देश्य र प्रयोजन पुरा गर्न खोजेको हो, त्यो बुझ्न सकिएको छैन ।

**तसर्थ, हामी कानुन व्यवसायीहरु अविलम्ब निम्न उपायहरु अबलम्बन गर्न नेपाल सरकारसंग जोडदार मार्ग गर्दछौं:-**

**१) मौलिक हक कार्यान्वयन गर्न अपरिहार्य देखिएका ऐनबमोजिम बन्नु पर्ने उक्त नियमावलीहरू (खाद्य अधिकार तथा खाद्य सम्प्रभूता नियमावली र आवासको अधिकार सम्बन्धी नियमावली) तर्जुमाको काम तत्काल पुरा गरी नियमावली लागू गर्ने काम सरकारले अविलम्ब गरोस । ऐनबमोजिम नेपाल सरकार मन्त्रिपरिषदले गर्नै पर्ने आधारभूत काममा अरु बिलम्ब गरेर जगत हसाउने काम सरकारले नगरोस ।**









**२) नियमावली बने पश्चात ठोस कार्ययोजना, बजेट, कार्यक्रम तथा संस्थागत प्रवन्धको माध्यमबाट ऐन बमोजिम कार्यान्वयनमा लानुपर्ने विषयहरूलाई तदारुकता साथ कार्यान्वयनमा लगेर कोही पनि खाद्य असूरक्षा वा भोकमरीको जोखिममा नहुने, राज्यकै व्यवहारका कारण भूमिहिन सुकुम्बासी परिवार आवासविहीनता वा उठिवासको जोखिममा नपर्ने र शान्तिपूर्वक र मानवीय मर्यादायूक्त जीवनयापन गर्न सक्ने वातावरण सृजना गर्ने काम सरकारले गरोस । यसका लागि प्रदेश र स्थानीय तहसंग आवश्यक समन्वय गरोस ।**

**३) खाद्य अधिकार, आवासको अधिकार, सामाजिक न्यायकोहक लगायतका आर्थिक सामाजिक हक कार्यान्वयन आवस्थाको यथोचित समीक्षा तथा मुल्यांकन गरेर संविधानले परिकल्पना गरेको समाजवाद समेतको प्रकाशमा तीनको प्रभावकारी कार्यान्वयनका अवरोधहरू पहिचान गरी उपायहरू सुझाउन आवश्यक परे विज्ञ कार्यदल वा संयन्त्र गठन गरेर ठोस मार्गचित्र बनाएर सरकार गम्भीरतासाथ अगाडि बढोस । हिंड्दै छ बाटो मेट्दै छ को स्थिति नहोस् ।**

**४) संविधानमा जनताका हकअधिकारका विषय नसमेट्दा पनि लोकतान्त्रिक समाजमा शासकहरूको लोक कल्याणकारी चरित्रका कारण केही राम्रा प्रयास हुने गर्छन । हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा जनताका आर्थिक, सामाजिक तथा सांस्कृतिक हकहरूनै संविधानमा अंकित भएको अवस्थामा समेत शासकीय अभिभारा बोकेका पदाधिकारी तथा निकायहरूनै भूईतहका जनताप्रति संवेदनशिल नहुने, उल्टो निर्मोही, निर्दयी हुने र उनीहरूको मानवीय मर्यादामा अतिक्रमण गर्न पछि नपर्ने दुर्भाग्यपूर्ण स्थिति अन्त्य होस् ।**

सरकारका रचनात्मक प्रयासलाई सघाउन हामी तत्पर रहने छौं । यहाँहरूको सफलताका लागि शुभकामना व्यक्त गर्दछौं ।

सार्वजनिक हितमा **ज्ञापन–पत्र** प्रस्तुतकर्ता कानुन व्यवसायीहरुः

| नाम | हस्ताक्षर | नाम | हस्ताक्षर |
|---|---|---|---|
| अधिवक्ता राजुप्रसाद चापागाई, |  | अधिवक्ता शर्मिला श्रेष्ठ |  |
| अधिवक्ता निराजन थपलिया |  | अधिवक्ता पंकज कर्ण |  |
| अधिवक्ता सन्तोष सिग्देल |  | अधिवक्ता श्याम कुमार विश्वकर्मा |  |
| अधिवक्ता वरुण घिमिरे |  | अधिवक्ता मोहन लाल आचार्य |  |
| अधिवक्ता रोशनी गिरी | | अधिवक्ता शर्मिला पराजुली |  |
| अधिवक्ता रितेस पौडेल |  | अधिवक्ता विष्णुप्रसाद पोखेल |  |
| अधिवक्ता वन्दना उप्रेती |  | अधिवक्ता रुकमनी महर्जन |  |
| अधिवक्ता सजिता घिमिरे |  | अधिवक्ता वालमाया विश्वकर्मा |  |

३. जानुका पोखेल समेत विरुद्द काठमाण्डौ महानगरपालिका समेत भएको मुद्दा (थापाथली उठीवास सम्बन्धी) मा पाटन उच्च अदालतले जारी गरेको आदेश कार्यान्वयनका लागि उच्च अदालत पाटनले मिति २०८० मंशिर १० गते काठमाण्डौ महानगरलाई लेखेको पत्र।

श्री ।।

२०७३

# उच्च अदालत पाटन

पुल्चोक,
ललितपुर, नेपाल
फोन नं.५-५२७८१६
५-५२७८१७
५-५२७६६९
५-५२७८९१

पुल्चोक, ललितपुर

(इजलास नं.११)

मितिः-२०८०।०८।१०

मुद्दा नं. ०७९-WO-१२६७
पत्र संख्याः-०८०/०८१
चलानी नं.- ८९४

श्री काठमाडौं महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, काठमाडौं।

विषयः- फैसलाको संक्षिप्त जानकारी पठाईएको सम्वन्धमा।

उपरोक्त सम्वन्धमा रिट निवेदक जानुका पोखरेलसमेत विरुद्ध काठमान्डौं महानगरपालिका समेत भएको रिट नं. ०७९-WO-१२६७ को उत्प्रेषण रिट निवेदनमा यस अदालतवाट मिति २०८०/०४/१७ मा भएको फैसलाको जानकारी पाऊँ भनी तँहा कार्यालयको च.नं. ४५२ मिति २०८०।०८।०८ मा पत्र प्राप्त भएकोमा "यसमा विपक्षी महानगरपालिकवाट मिति २०७९/१२/११ मा प्रकाशित सूचनामा उल्लेखित सात (७) दिनको अवधि व्यतित भईसकेको एंवम सो सूचनामा उल्लेख भएको विषय कार्यान्वयन गर्दा वास्तविक सुकुम्वासी र भूमिहीनहरूको संवैधानिक तथा कानूनी हकको सम्मान र संरक्षण गर्दै कानूनको उचित प्रक्रिया अवलम्वन गरिने भनी विपक्षी महानगरपालिका तर्फवाट इजलास समक्ष प्रतिवद्धता व्यक्त भएको र सम्माननीय प्रधानमन्त्रीवाट पेश भएको लिखित जवाफ समेतको परिप्रेक्ष्यमा उक्त सूचनालाई उत्प्रेषणको आदेशवाट वदर घोषित गरिरहनु परेन । परमादेशको हकमा नदी वहाव,नदी किनार, नदी उकास तथा नदी कोरिडोर लगायतका क्षेत्र एवम् सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाई सार्वजनिक हितको संरक्षण हुनुपर्ने, भूमिहीन, सुकुम्वासी र अव्यवस्थित वसोवासीको आवासको अधिकारको सम्मान र परिपूर्ति हुनु पर्ने एवम् वागमती नदी संरक्षणको सम्वन्धमा सम्मानीत सर्वोच्च अदालतवाट भएका फैसलाहरु कार्यान्वयन हुनु पर्ने समेतको परिप्रेक्षमा विपक्षीहरुको नाउँमा देहाय अनुसारको परमादेश जारी गरिएको छः-

(क) विपक्षी महानगरपालिकावाट मिति २०७९/१२/११ मा प्रकाशित सूचनामा उल्लेखित क्षेत्रहरुमा वसोवास गरेका वास्तविक भूमिहिन, दलीत, सुकुम्वासी र अव्यवस्थित वसोवासीको पहिचान, लगत संकलन र प्रमाणिकरण गर्नको लागि सो क्षेत्रमा भौतिक रुपका प्रवेश गरी र अन्य आवश्यक उपाय तथा प्रवंध अवलम्वन गरी छ (६) महिना भित्र लगत संकलन, अद्यावधिक र प्रमाणिकरणको कार्य सम्पन्न गर्नु, गराउनु।

(ख) उल्लेख भए बमोजिमको लगत संकलन अद्यावधिक र प्रमाणिकरणको प्रयोजनार्थ सम्बन्धित पक्षहरुलाई स्वयम् घोषणा गर्ने लगायतको र आवश्यक विवरण संकलनको सूचना प्रकाशन गरी सो क्षेत्रमा अतिक्रमण गर्ने व्यक्ति तथा अतिक्रमण गरी बनाइएका संरचनाहरू एवम् वास्तविक भुमिहिन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोवासीको पहिचान र बर्गीकरण गर्नु गराउनु ।

(ग) नेपालको संविधानको धारा ३७ र ४०, भूमि सम्बन्धि ऐन, २०२१ को दफा ५२ (ख), आवासको हक सम्बन्धि ऐन, २०७५ को दफा ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (झ) एवम् नेपाल पक्ष भएका आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ समेतका अन्तर्राष्ट्रिय कानून बमोजिम व्यक्त प्रतिबद्धता समेतका आधारमा वास्तविक भूमिहीन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई उचित विकल्प र अवासको प्रवन्ध मिलाई सार्वजनिक जग्गाको संरक्षण गर्ने प्रयोजनको लागि छ (६) महिनाभित्र योजना निर्माण गर्नु गराउनु।

(घ) रिट निवेदनमा उल्लेखित विषय बृहत रुपमा भूमिनीति तथा भूमि व्यवस्थापनसंग सम्बधित देखिंदा नेपालको संविधानको अनुसुचि ५ को क्रम सङ्ख्या २९, अनुसूची ६ को क्रम सङ्ख्या १६, अनुसूची ७ को क्रम सङ्ख्या २४, अनुसूची ८ को क्रम सङ्ख्या १३ र २१ एवम् अनुसूची ९ को क्रमसंख्या ७ र १३ समेतलाई दृष्टिगत गरी संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्यमा योजना निर्माण र कार्यान्वयन गर्नु गराउनु ।

(ङ) यसै गरी वास्तविक भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित्त बसोवासीको आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धी योजना निर्माण गर्दा र सो को कार्यान्वयन गरी सार्वजनिक जग्गामा भएको अतिक्रमण हटाउदा निवेदक तथा सम्बन्धित पक्षहरूले राज्यका निकायलाई आवश्यक सहयोग गरी अतिक्रमण हटाउने र हट्ने सम्बन्धमा आफ्नो कर्तव्य पूरा गर्नु भनी रिट निवेदकहरूको नाममा समेत आदेश जारी गरि दिएको छ" भनी यस अदालतबाट फैसला भएको र उक्त फैसलाको पूर्णपाठ तयार हुन समय लाग्ने भएकाले यो फैसलाको संक्षीप्त जानकारी यसै पत्रसाथ गराईन्छ।

नरेश राय यादव

शाखा अधिकृत

४. जानुका पोखेल समेतको मुद्दामा उच्च अदालत पाटनले अन्तरिम आदेश निरन्तर नराख्ने गरी मिति २०८० वैशाख १३मा जारी गरेको आदेश।

श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

माननीय न्यायाधीश श्री राज्यलक्ष्मी बज्राचार्य

माननीय न्यायाधीश श्री नारायण प्रसाद पौडेल

आदेश

निवेदन नं.:-०७९-WO-१२६७

जानुका पोखेल समेत ---------------------------------------------------------- निवेदक

विरुद्ध

काठमाडौं महानगरपालिका महानगरपालिकाको कार्यालय बागदरबार काठमाडौं समेत ---------------------------------------------------------- विपक्षी

विषयः- उत्प्रेषण ।

अन्तरिम आदेश सम्वन्धी छलफलको लागि पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितका मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट विद्वान अधिवक्ताहरु श्री राजु प्रसाद चापागाई,श्री श्याम कुमार विश्वकर्मा र श्री विष्णु प्रसाद पोखरेल तथा विपक्षी गृह मन्त्रालय समेतको तर्फबाट उपस्थित उच्च सरकारी बकील कार्यालय,पाटनका विद्वान उप-न्यायाधिवक्ता श्री सुवास कुमार भट्टराई र विपक्षी महानगरपालिका समेतबाट विद्वान वरिष्ठ अधिवक्ता श्री महेश कुमार नेपाल र विद्वान अधिवक्ताहरु श्री शंकर प्रसाद पुडासैनी, श्री ओम प्रकाश अर्याल र श्री समिर पुडासैनी तथा विपक्षी अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री ठाकुर रमन आचार्य र विपक्षी राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रुना महर्जनले गर्नुभएको बहस समेत सुनियो।

यसमा नदी किनार, नदी उकास तथा नदी बहाव क्षेत्रमा बनेका अनाधिकृत संरचना हटाउने सम्वन्धी काठमाडौं महानगरपालिका नगर कार्यापालिकाको कार्यालयबाट मिति २०७९/१२/११ मा जारी भएको सूचनामा उल्लेखित के कुन जग्गामा निवेदकहरु कहिले

देखि के कुन हैसियत र व्यहोराले बसी आएका हुन भन्ने निवेदकको निवेदन व्यहोराबाट स्पष्ट खुल्न आएको देखिएन। निवेदकहरु भूमिहिन सुकुम्बासी रहेको, काठमाडौं महानगरपालिकाको उक्त सूचनामा उल्लेखित क्षेत्रको जग्गामा लामो समयदेखि बसोबास गरी आएको र निजहरुको अन्यत्र बसोबास गर्ने स्थान समेत नभएको भन्ने देखिने आधार प्रमाण सहित निवेदन दिएमा नेपाल सरकार र काठमाडौं महानगरपालिका समेतले आवश्यक व्यवस्था गर्न सक्ने नै देखिएको परिप्रेक्षमा निवेदकले निवेदनमा उल्लेख गरेका समग्र विषयमा प्रस्तुत निवेदनको अन्तिम सुनुवाई हुँदाका वखत सम्बोधन हुने नै हुँदा हाल निवेदकहरुको निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गर्नु परेन। नियमानुसार गर्नू।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०८० साल वैशाख १३ गतेरोज ४ शुभम्-----------------------------।

५. जानुका पोखेल समेतको मुद्दामा उच्च अदालत पाटनले अन्तरिम आदेश निरन्तरता दिने गरी मिति २०८० वैशाख ४ मा जारी गरेको आदेश।

श्री
उच्च अदालत पाटन
संयुक्त इजलास
इजलास नं. २
माननीय न्यायाधीश श्री दुर्गा बहादुर विश्वकर्मा
माननीय न्यायाधीश श्री दीपेन्द्र अधिकारी
आदेश
निवेदन नं: ०७९-WO-१२६७

जानुका पोखेल समेत.............................................................................................निवेदक

विरुद्ध

काठमाडौं महानगरपालिकाको कार्यालय बागदरबार काठमाडौं समेत.................................. विपक्षी

विषयः उत्प्रेषण।

अन्तरिम आदेश छलफलको लागि पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित र विद्वान अधिवक्ता श्री राजु प्रसाद चापागाई, श्री श्याम कुमार विश्वकर्मा र श्री बालमाया विश्वकर्मा तथा विपक्षी काठमाडौं महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री महेश नेपाल, विद्वान अधिवक्ता श्री ओमप्रकाश अर्याल र श्री शंकर प्रसाद पुडासैनी एवं अधिकार सम्पन्न बागमती सभ्यता आयोजनाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री ठाकुररमण आचार्य र उच्च सरकारी वकिल पाटनको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री सुभाष कुमार भट्टराईले गर्नु भएको बहस समेत सुनियो।


यसमा प्रस्तुत रिट निवेदनको विवादको विषय वस्तु र निवेदक हरिमाया लामा समेत र विपक्षी ललितपुर महानगरपालिका समेत मु.नं. ०७९-WO-०४६३ भएको रिट निवेदनसगँ अन्तर- सम्बन्धित छ भन्ने विपक्षी तर्फका कानुन व्यवसायीबाट बहसको क्रममा इजलासलाई जानकारी गराउनु भएको हुँदा उक्त रिट निवेदनको मिसिल अवलोकनार्थ साथै राखी मिति २०८०/१/१३ मा अन्तरिम छलफलको पेशी तोक्नु। उक्त मिति सम्म यसै अदालतबाट मिति २०७९/१२/१७ मा भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ। नियमानुसार पेश गर्नु।

२०८०।१।४
न्यायाधीश

२०८०।१।४
न्यायाधीश

इति सम्वत् २०८० साल वैशाख महिना ४ गते रोज ३ शुभम्.......................................।

६. जानुका पोखेल समेतको मुद्दामा उच्च अदालत पाटनले घरटहरा हटाउने गरी महानगरले जारी गरेको सूचना तत्काल कार्यान्वयन नगर्न जारी गरेको मिति २०७९ चैत्र १७ को अन्तरकालीन आदेश।



श्री
उच्च अदालत पाटन
एकल न्यायाधीशको इजलास
इजलास नं.८
माननीय न्यायाधीश श्री धीर बहादुर चन्द
आदेश
मुद्दा नं.:-०७९-WO-१२६७

जानुका पोखेल समेत------------------------------------------------------------------------निवेदक

विरुद्ध

काठमाडौं महानगरपालिका महानगरपालिकाको कार्यालय बागदरबार काठमाडौं समेत ------------------विपक्षी

विषय- उत्प्रेषण।

यसमा पेश हुन आएको निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री श्याम कुमार विश्वकर्मा र श्री राजु प्रसाद चापागाईंले गर्नु भएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सो को आधार कारण खुलाई यो आदेश सहितको म्याद सूचना प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. १,२,५,६,७ का हकमा आफै वा कानून बमोजिमको आफ्नो प्रतिनिधि मार्फत र विपक्षी नं ३,४,८,९,१०,११,१२ र १३ का हकमा उच्च सरकारी वकिल कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

निवेदनमा अन्तरिम आदेशको माग भए तर्फ विचार गर्दा, विषयवस्तुको गाम्भिर्यतालाई विचार गरी दुवै पक्षको छलफल पछि मात्र अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा निष्कर्षमा पुग्नु वान्छनीय हुने देखिँदा छलफलका लागि मिति २०७९।१२।२६ गतेको पेशी तारेख तोकि सो को सूचना म्याद विपक्षी नं. १,२,५,६,७ दिनु। साथै उक्त मिति सम्मको लागि विपक्षी काठमाण्डौं महानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०७९।१२।११ मा प्रकाशित सूचना कार्यान्वयन नगर्नु, यथास्थितिमा राख्नु भनि विपक्षी मध्येका काठमाण्डौं महानगरपालिकाका नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) (क) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी उपरोक्त विपक्षीहरूलाई दिनु।

न्यायाधीश

इति सम्वत् २०७९ चैत्र महिना १७ गते रोज ६ शुभम्------------------------------------------।

७. जुरी-नेपालका तर्फबाट राजुप्रसाद चापागाई समेत भएको मुद्दामा सर्वोच्च अदालतले चितवनको माडी स्थित कुशुमखोलामा भएको उठीवासको घटनाको स्थलगत अध्ययन गरेर प्रतिवेदन दिन चितवन जिल्ला अदालतले मिति २०७७ असौज १२ मा जारी गरेको आदेश।

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
आदेश
०७७-WO-००३८
मुद्दाः परमादेशसमेत।

अधिवक्ता राजुप्रसाद चापागाईसमेत------------------------------------------------- निवेदक

विरुद्ध

प्रदेश सरकार, मुख्य मन्त्री तथा मन्त्रीपरिषद कार्यालय, हेटौंडा मकवानपुरसमेत----------- विपक्षी

निवेदकहरुका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री राजुप्रसाद चापागाई, श्री श्यामकुमार विश्वकर्मा, श्री विष्णु पोखरेल, श्री पंकजकुमार कर्ण तथा प्रत्यर्थी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेतबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी, प्रत्यर्थी माडी नगरपालिका, नगरकार्यपालिका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रत्न अवाले, प्रत्यर्थी राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सन्ध्याकुमारी पुडासैनीसमेतले गर्नुभएको बहस जिकिरसमेत सुनियो।

यसमा निम्न लिखित कार्य सम्पन्न गरी पेस गर्नू।


१. राष्ट्रिय मानव अधिकार आयोगको माडी घटनाको स्थलगत अनुगमनको प्रतिवेदन ७(सात) दिनभित्रमा मगाउनु,
२. साविकमा कुसुमखोलामा बसेका व्यक्तिलाई अन्यत्र स्थानान्तरण गरिएको हो होइन ? गरिएको भए तीनै व्यक्तिहरुमध्ये पुनः सोही ठाउँमा फर्की बसोबास गरेका हुन् होइनन् ? र त्यहाँका बासिन्दाउपर उक्त मिति २०७७।४।३ को विस्थापनको घटना हुँदा के कती घर बसोबास रहेको थियो ? हाल विस्थापित व्यक्तिहरु कहाँ कुन अवस्थामा रहेका छन् ? माडी नगरपालिकाले कुसुमखोलामा बसेका चेपाङ्ग जातीलाई आवास निर्माण गरिदिने भन्ने योजना कुन स्थानमा रहेको छ ? सो क्षेत्र बन र निकुञ्ज क्षेत्रभित्र पर्छ पर्दैन ? र कुसुमखोला भन्दा कतिको दुरीमा रहेको छ ? सो सम्बन्धमा चितवन जिल्ला अदालतका स्रेस्तेदारको संयोजकत्वमा नगरपालिकाको र चितवन राष्ट्रिय निकुञ्जको प्रतिनिधिसमेत राखी प्रतिनिधिहरुको जिकिरसमेत उल्लेख गरी उपरोक्त बुँदाहरुको सम्बन्धमा ७(सात) दिनभित्रमा प्रतिवेदन पठाउनु भनी चितवन जिल्ला अदालतमा लेखी पठाई प्रतिवेदन आएपछि नियमानुसार गर्नू।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०७७ साल असोज १२ गते रोज २ शुभम् ------------------------------------

८. जुरी-नेपालका तर्फबाट राजुप्रसाद चापागाई समेत भएको मुद्दामा सर्वोच्च अदालतले अन्तिम फैसला नहुँदा सम्म चितवनको माडी स्थित कुशुमखोलामा रहेको वसोवास यथास्थितिमा राख्न २०७७ श्रावण १५ मा जारी गरेको आदेश।



सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
मानननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
आदेश
०७७-WO-००३८
मुद्दाः- परमादेशसमेत

अधिवक्ता राजुप्रसाद चापागाई समेत---------------------------------------- निवेदक

विरुद्ध

प्रदेश सरकार मुख्य मन्त्रि तथा मन्त्रिपरिषद कार्यालय हेटौंडा, मकवानपुर समेत--- विपक्षी

यसमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरू श्री शंकर लिम्बु, श्री बालमाया विश्वकर्मा, श्री शशि बस्नेत, सतिस मैनाली, श्री शैलेन्द्र अम्बेडकर, श्री श्यामकुमार विश्वकर्मा, श्री सन्तोष राना, श्री दिनेश खड्गी, श्री विकास बस्नेत, श्री पुष्पराज पौडेल र श्री दिनेश घलेले गर्नुभएको बहससमेत सुनियो ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३, ४, ५, ६, ७ र ८ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. ९ को हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय हेटौंडा, विपक्षी नं. १० को हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं. २ जनकपुर, विपक्षी नं. ११ को हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नं. ५ बुटवल, अन्य आजै कायम भएका विपक्षी राष्ट्रिय मानव अधिकार आयोगसमेतका हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखितजवाफ पेश गर्नु भनी विपक्षीहरुका नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

निवेदकले अन्तरिम आदेशसमेतको माग गरेकोमा सो सम्बन्धमा दुबै पक्ष राखी छलफल गरी निष्कर्षमा पुग्न मनासिब हुने देखिएकोले सो प्रयोजनको लागि मिति २०७७।४।२१ गतेलाई छलफलको लागि पेशी तोकी सोको सूचना विपक्षीहरुलाई दिनू। सो मितिसम्म विस्थापित गरिएका भनिएका चितवन जिल्ला माडी नगरपालिका वाड नं. ९

कुसुमखोलामा बसोबास गरेका स्थानीय बासीलाई सो ठाउँबाट नहटाई हाल जुन अवस्थामा रहे बसेका छन् सोही स्थितिमा रहन, बस्न दिनू, कुनै कारवाही नगर्नू भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२)(ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ। सोको समेत जानकारी विद्युतीय माध्यमद्वारा विपक्षीहरुलाई दिई नियमानुसार पेस गर्नू।

न्यायाधीश

इति सम्वत् २०७७ साल साउन १५ गते रोज ५ शुभम् ------------------------------

## ९. सकुमवासी परिवारको उठीवास सम्बन्धमा मिति २७ मंसिर २०७९ मा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकासले उपलब्ध गराएको सूचना।

शहरी विकास मन्त्रालय

**अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति**

गुह्येश्वरी, काठमाडौं

टेलिफोन नं.: ०१-४११४२६४
०१-४११४४१३

पत्र संख्या:- ०७९/८०
चलानी नं.:- ३६४

मितिः- २०७९/०८/२७

श्री अधिवक्ता राजु प्रसाद चापागाईं
(फोन नं. ९८५११०२१६०)

विषयः- सूचना उपलब्ध गराइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७९/०८/१३ मा निवेदक अधिवक्ता श्री राजु प्रसाद चापागाईले यस अधिकार सम्पन्न बाग्मती सभ्यता एकिकृत विकास समितिमा "सुकुम्वासी परिवारहरुको उठिबास सम्बन्धमा सूचना उपलब्ध गराई पाउँ" भनी निवेदन दिनु भएको व्यहोरा अवगत भयो । तत् सम्बन्धमा माग भएका सूचना संग सम्बन्धित कागजातहरुका छाँया प्रतिलिपी यसै पत्रसाथ संलग्न राखी उपलब्ध गराइएको व्यहोरा जानकारी गराइन्छ ।

बुँदा नं. १ संग सम्बन्धित

- बु.नं. १ मा उल्लेख गर्नु भएको संविधानको धारा २५(१) "प्रत्येक नागरिकलाई कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोगविक्रन गर्ने, व्यवसायीक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ" भनिएको छ । यसबाट के स्पष्ट हुन्छ भने कुनै पनि व्यक्तिले निजी सम्पत्तिको भोगचलन आफ्नो खुशी अनुसार गर्न पाउँछ । सुकुम्वासीहरुको हकमा यो दफा आकर्षित हुँदैन । उनीहरुले भोगचलन गरेको जग्गा सरकारी जग्गा हो । त्यस्तै धारा २८ (गोपनियताको हक), धारा ३६ (खाद्य सम्बन्धि हक), ३७(आवासको हक) सम्बन्धमा पनि सुकुम्वासीहरुको हकमा यस समितिले कुनै पनि मौलिक हकको हनन गरेको अवस्था छैन ।
- बु.नं. १ मा उल्लेखित आवासको हक सम्बन्धि ऐन, २०७५ को दफा ३ को उपदफा (१) (२) (३) मा उल्लेख भए अनुसार प्रत्येक नागरिकलाई कानूनको अधिनमा रही उसको निजी आवासको छनौट गर्ने, उपभोग गर्ने, बसाई सराई गरी जाने अधिकार हुनेछ । तर सुकुम्वासीहरुको बासस्थानको सन्दर्भमा यो दफा आकर्षित हुँदैन । उपदफा ४ ऐनमा नै छैन ।

इमेल: hpcdbcoffice@gmail.com, वेबसाइट: www.bagmati.gov.np

नेपाल सरकार
शहरी विकास मन्त्रालय

# अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति

गुह्येश्वरी, काठमाडौं

टेलिफोन नं.: ०१-४११४२६४
०१-४११४४१३

पत्र संख्या:-
चलानी नं.:-

- त्यस्तै सोही ऐनको दफा ५ को उपदफा (४) र (५) मा उल्लेख भए अनुसार कुनै सार्वजनिक निकाय/संस्थाले सार्वजनिक प्रयोजनको लागि प्रचलित कानून बमोजिम कुनै नागरिकलाई निजको आवासबाट हटाउन सकिनेछ । यसै ऐनको उपदफा (४) र (५) मा उल्लेखित शर्त पुरा गरेर हटाउन सकिने छ । तर सुकुम्वासीहरुले सरकारी जग्गा ओगटेर बसेको हुनाले उल्लेखित दफाहरु पनि उनीहरुको हकमा लागू हुँदैन ।
- सोही ऐनको दफा ७ को खण्ड(क) मा उल्लेख भए अनुसार "नेपाल राज्य भित्र वा आफ्नो परिवारको स्वामित्वमा घर जग्गा नभएको र आफ्नो परिवारको आय आर्जन, श्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न असमर्थ रहको" व्यक्तिलाई आवास उपलब्ध गराउने व्यवस्था छ । तर सुकुम्वासीहरुको हकमा उनीहरुको अन्यत्र पनि घर सम्पत्ति र आय आर्जनको श्रोत भएको देखिएकोले उल्लेखित दफाहरु पनि उनीहरुको हकमा लागू हुँदैन ।
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ को दफा ३ को उपदफा (१) (२) (३) मा उल्लेख भए अनुसार "प्रत्येक नागरिकलाई खाद्य सम्बन्धि अधिकार तथा खाद्य सुरक्षाको अधिकार हुनेछ ।" साथै सोही ऐनको दफा ४० को खण्ड (ङ) मा उल्लेख भए अनुसार "कसैले देहाय बमोजिमको काम गरेमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ । जिविकोपार्जनको आधारबाट विमुख पार्ने गरी बासस्थान विहिन बनाएमा" कसूर जन्य कार्य गरको मानिनेछ । समितिले सुकुम्वासीहरुलाई जिविकोपार्जनको आधारबाट विमुख पार्ने गरी बासस्थान विहिन बनाउन खोजेको होइन । समितिले आफ्नो क्षेत्राधिकार भित्र रहेर मापदण्ड विपरितका संरचना हटाउन खोजेको हो । समितिले कुनै कसूर जन्य कार्य गरेको छैन । अतः उल्लेखित दफाहरु पनि सुकुम्वासीहरुको हकमा आकर्षित हुँदैन ।

मुद्दा नं. २ संग सम्बन्धित

- शहरी विकास मन्त्रालय सचिव स्तरीय निर्वाचन अनुसार मिति २०७९/११/१६ मा कार्यकारी समिति सदस्य श्री वीरेन्द्र प्रसाद थपलियाको संयोजकत्वमा सरोकारवाला पक्षका प्रतिनिधी सम्मेलित ७ सदस्यीय समिति गठन गरी अव्यवस्थित बसोबासीहरुको दिगो व्यवस्थापनको लागि काम गरिरहेको अवस्था छ ।उक्त समितिले अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यक्षेत्र भित्र नदी किनारामा रहेको अव्यवस्थित बसोबासीहरुको तथ्याङ्क संकलन कार्य सम्पन्न गरी प्रतिवेदन तयारीको क्रममा रहेको छ ।

इमेल: hpcidbcoffice@gmail.com, वेबसाइट: www.bagmati.gov.np

नेपाल सरकार
शहरी विकास मन्त्रालय
**अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति**
गुह्येश्वरी फाँट, काठमाडौं
२०५२
टेलिफोन नं.: ०१-४११८२६४
०१-४११४४११

पत्र संख्याः-
चलानी नं.:-

बुदा नं. ३ संग सम्बन्धित

- समितिले राष्ट्रिय भूमि आयोगसंग अनौपचारिक रुपमा समन्वय र छलफल गरिरहेको अवस्था ।

बुँदा नं. ४ संग सम्बन्धित

निवेदक राजु प्रसाद चापागाँई समेतले सम्मानित सर्वोच्च अदालतमा दायिर गरेको सार्वजनिक सरोकारको मुद्दाले (२०७७-WO-००७८) सुकुम्बासीहरुको समस्यासंग सरोकार राख्दैन ।

नजिर:

- यस सम्बन्धमा सर्वोच्च अदालतबाट नजिर प्रतिपादन भएको छ । जसमा नेपाल बसोवास तथा बस्ती संरक्षण समाजका तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत का.जि.का.म.न.पा. वडा नं. ४ सुकुम्वासी बस्ती बस्ने कृष्ण प्रसाद उपाध्याय समेत निवेदक र नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको सचिवालय, सिंहदरबार समेत भएको उत्प्रेषण (०६८-wo-०६३१) मुद्दामा "बाग्मती नदी लगायतका सबै नदीनालाहरुको किनाराका अनधिकृत रुपमा मापदण्ड विपरित अतिक्रमित सरकारी सार्वजनिक जग्गालाई उचित संरक्षण र व्यवस्थापन नगर्ने हो भने सार्वजनिक जग्गाहरु अतिक्रमण गरी बसोबास गर्ने कार्य परापूर्वकालदेखि चली आएको धार्मिक र सांस्कृतिक धरोहरका सम्पदाहरु क्रमश: लोप हुँदै जाने खतरा रहनुका साथै प्रदुषित खोलानालाको कारण प्राकृतिक वातावरणमा समेत प्रतिकूल असर पर्ने मात्र नभई सहरको मध्य भागमा रहेको बाग्मती सभ्यतामा असर परी सहरको कुरुपतासमेत प्रदर्शित हुन जाने । सुकुम्वासीको नाममा सरकार वा महानगरपालिकाले तोकिदिएको स्थानबाहेक जहाँसुकै खाली स्थान पाउने बित्तिकै अतिक्रमण गर्नु गराउनु कानून विपरित मात्र नभई औचित्यपूर्ण तथा विवेकसम्मत नहुने ।" भनि सम्मानित सर्वोच्च अदालतबाट अन्तिम आदेश (फैसला) भएको छ ।
- अधिकार सम्पन्न बाग्मती सभ्यता एकिकृत विकास समिति आदेश २०७३ को दफा ११ मा नदी किनारामा अनधिकृत रुपमा वा अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाउने अधिकार समितिलाई छ ।
- सम्मानित सर्वोच्च अदालतमा विचाराधिन परमादेश (०६७-wo-१००२) मुद्दामा "बाग्मती नदी र यसका सहायक नदीहरु लगायत उपत्यका भित्रका नदीनालाहरुमा मापदण्ड विपरित कुनै पनि प्रकारको घर,

इमेल: hpcdbcoffice@gmail.com, वेभसाइट: www.bagmati.gov.np

नेपाल सरकार
शहरी विकास मन्त्रालय

# अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति

गुह्येश्वरी फाँट, काठमाडौं
२०५२

टेलिफोन नं.: ०१-४११४२६४
०१-४११६६४३

पत्र संख्या:-
चलानी नं.:-

टहरा निर्माण गर्ने कार्य अविलम्ब रोक्नु" भनि मिति २०६८/०१/१९ मा मा.न्या.द्वय श्री सुशिला कार्की र श्री भरत राज उप्रेतीको बेन्चबाट अन्तरिम आदेश जारी भएकोले यस समितिले सम्मानित

सर्वोच्च अदालतको आदेशको पालना गर्ने क्रममा सुकुम्वासीहरुले वर्षौदेखि अतिक्रमण गरेर बसेको बागमती नदी किनाराको जग्गा खाली गराउन लागेको हो ।

सलग्न कागजातहरु:

१. सम्मानित सर्वोच्च अदालतबाट २०६८/०१/१९ मा भएको परमादेशको पाना -२
२. नजिर-उत्प्रेषण मुद्दा नं.(०६८-WO-०६३१), निर्णय नं. १०३७८ पाना -१४
३. अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ पाना - १
४. उपत्यकाभित्रका ३ वटै जिल्लामा अव्यवस्थित बसोबासीको घरधुरी संख्या पाना - १
५. अव्यवस्थित बसोबास तथा सुकुम्वासी व्यवस्थापन राष्ट्रिय भूमि आयोगसंग बसेको बैठकको निर्णय पाना - १

ई.कमल अर्याल
सूचना अधिकारी

अमित रंजित
सि.डि.ई

इमेल: hpcdbcoffice@gmail.com, वेभसाइट: www.bagmati.gov.np

१०. राजु प्रसाद चापागाई, जगत देउजा, भगवती अधिकारी र श्याम विश्वकर्माद्धारा लिखित "विकल्पविहीन निष्कासन - नो नट अगेन" शीर्षकको लेख, कान्तिपुर दैनिक, १० पौष २०७९।

https://ekantipur.com/bibidha/2022/12/25/167194716548752815.html

## विकल्पविहीन उठीबास - नो नट अगेन !

**राज्यका अधिकारीहरूको समझमा आउनुपर्ने कुरा के हो भने घर/टहरा अनधिकृत रूपमा सिर्जना गरिएको हुन सक्छ तर मानव बासस्थान अनधिकृत हुँदैन। बस्तीभित्रको मानवीय विविधता, संवेदनशीलता, मानवीय आवश्यकताप्रति आँखा चिम्लेर घर/टहरा भत्काउने वा संरचना हटाउने हिसाबले मात्रै यसलाई हेर्नु सर्वथा गलत हो।**

**नेपाल राज्यभित्र आवासको उपयुक्त विकल्प नदिइकन कसैलाई पनि बसिरहेको ठाउँबाट निष्काशन नगरिने विषयलाई सुनिश्चित गर्ने गरी अब बन्ने सरकारले उचित निर्णय एवं सोको कार्यान्वयनका लागि आवश्यक प्रबन्ध गरोस्।**

पुस १०, २०७९

राजुप्रसाद चापागाईं, जगत देउजा, भगवती अधिकारी, श्यामकुमार विश्वकर्मा

संघीय तथा प्रदेश निर्वाचन सम्पन्न भएको छ। संघीय सरकार निर्माणको प्रक्रिया सुरु भएको छ। जे/जसरी भए पनि सरकार बन्ला। जुनसुकै दलहरू मिलेर संघीय सरकार बनाउन्, त्यो सरकार कुनै दल वा दलहरूको समूहको हुने छैन। त्यो नेपाली जनताको सरकार हुनेछ।

उसको कर्तव्य जनहितमा काम गर्ने हो। सरकारले दलको विधानबाट होइन, देशको मौलिक कानुन वा संविधान (जुन सामूहिक विवेकको उपज हो) र त्यसअनुकूल बनेका कानुनबाट निर्देशित हुनुपर्नेछ। चुनावी घोषणापत्रमा दलहरूले लेखेका कुरा पनि

संविधान र कानुनको अधीनमा रहेर नै कार्यान्वयनमा जाने हुन्। यति कुरामा सबै दलले हेक्का राखेकै हुनुपर्छ।

'जति पटक चुनाव भए पनि, जो सरकारमा गए पनि हाम्रो अवस्थामा परिवर्तन हुने होइन', 'हाम्रा लागि काम कसैले गर्दैन', 'जुन जोगी आए पनि कानै चिरेको' जस्ता गहिरो मनोविज्ञानले अहिले विपन्न, सीमान्तीकृत र सुविधाविहीन वर्ग र समुदायलाई गाँजेको छ। उनीहरूको मनमस्तिष्कमा परेको यो निराशाजनक छाप गहिरिन दिनुहुँदैन। यसलाई शीघ्र मेटाउनुपर्छ। अन्यथा यो नै बिस्तारै अर्को विद्रोहको कारण बन्नबाट कसैले रोक्न सक्दैन। तसर्थ अब बन्ने सरकारले पिँधमा रहेका जनताका सरोकारको विषयलाई पहिलो प्रथामिकतामा राखोस् ! संसदमा विपक्षी दल र सांसदहरूले पनि जनहितका सवालमा रचनात्मक सहयोग गरून् !

सरकारले अब आइन्दा कोही पनि भूमिहीन सुकुमवासीलाई विकल्पविहीन उठीबास नलगाउने कुरा सुनिश्चित गर्ने गरी क्याबिनेटबाट पहिलो निर्णय गरोस्। त्यस निर्णयको कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहसँगको समन्वयमा आवश्यक नीति, कार्यक्रम र निर्देशिका बनाएर यथाशीघ्र लागू गरोस्। त्यसो गर्नु देहायबमोजिम औचित्यपूर्ण र विवेकसम्मत हुनेछ।

१ . सार्वजनिक सम्पत्ति तथा वातावरण संरक्षणको नाममा विगतदेखि जनतालाई उठीबास लगाउने गरिएको छ। अहिले पनि भूमिहीन तथा सकुम्बासीका रूपमा रहेका लाखौं नागरिक देशैभर जबर्जस्ती उठीबासको त्रासमा छन्। सार्वजनिक सम्पत्ति तथा वातावरण संरक्षण निश्चय पनि महत्त्वपूर्ण छ। यो सबै तहका सरकारहरूको कानुनी कर्तव्य पनि हो। तर एकांकीरूपमा यसलाई बुझ्नुहुँदैन। यसलाई मानव अधिकार र सामाजिक न्यायको सापेक्षतामा बुझ्नुपर्छ।

२. मानव अधिकारको केन्द्रीय विषय भनेको प्रत्येक व्यक्तिको 'मानवीय मर्यादा' नै हो। यसलाई निस्तेज पार्ने गरी गरिने क्रियाकलापको औचित्य स्थापित हुँदैन। जहाँ मौलिक हकको विषय जोडिएको हुन्छ त्यहाँ कानुनहरूको समुच्च व्याख्या तथा बुझाइका आधारमा निर्णयमा पुग्नुपर्छ। अमुक कानुनी प्रबन्धको एकांकी बुझाइका आधारमा निर्णय गर्न मिल्दैन। कानुनहरूबीचको अन्तरसम्बन्ध र परिपूरकतालाई पर्गेलेर निर्णयमा पुग्ने ल्याकत सार्वजनिक अधिकारी तथा निकायहरूले राख्नुपर्छ। विभिन्न

सार्वजनिक हितहरूबीचको संयोजन संविधानले गरेको छ भन्ने बुझ्नुपर्छ। त्यो चेतको अभावले पनि विपन्न जनताविरुद्ध राज्यका निकायबाट शत्रुतापूर्ण व्यवहार हुँदै आएको छ। विकल्पविहीन उठीबास वा उठीबासको प्रयासका घटनाहरू त्यही शासकीय प्रवृत्तिको प्रकटीकरण हो।

३. विकास भौतिक पूर्वाधार सृजना मात्रै होइन। विकासको 'सोसल इन्जिनियरिङ मोडेल' लाई आत्मसात् गरिनुपर्छ। मानवीय, वातावरणीय, सामाजिक, सांस्कृतिक सबै पक्षमा विकासले पार्ने नकारात्मक प्रभाव र त्यसको न्यायपूर्ण सम्बोधनको उपायसहितको विकास योजना बन्नुपर्छ। त्यही मान्यतामा आधारित भएर नै वातावरणीय प्रभाव मूल्याङ्कन, मानव अधिकार प्रभाव मूल्याङ्कन तथा सामाजिक प्रभाव मूल्याङ्कनजस्ता परिपाटीको विकास र अभ्यास हुँदै आएको हो। निर्वाचनका बेला समाजवादी वाचा गर्ने, जितेर गइसकेपछि अभिजात्य वर्गको हितको मात्रै सेवा गर्न उद्यत हुने र भुइँ तहका वर्ग तथा समुदायलाई आफ्नो कन्स्टिच्युअन्सी पनि नठान्ने प्रवृत्ति देखिएको छ। यो धोकापूर्ण छ।

४. आफ्नो बासस्थान मानव मात्रै होइन, प्राणी जगतका लागि नै प्रिय हुन्छ। यो प्राणीको प्राकृतिक गुण हो। बासस्थानको सुरक्षाबिना शान्तिपूर्ण र सम्मानजनक मानवीय जीवनयापनको कल्पना पनि गर्न सकिँदैन। चरम गरिबी, भूमिहीनता, भूमिको मूल्यमा चर्को वृद्धि, बेरोजगारी, प्राकृतिक विपत्ति, हिंसा, भेदभाव र बहिष्करणलगायतका बहुआयामिक कारणहरूले सुरक्षित आवासको जोहो जनसङ्ख्याको ठूलो हिस्साका लागि चुनौतीपूर्ण नै छ। यो यथार्थ कसैका सामु छिपेको छैन।

५. झन्डै एक चौथाई जनता अहिले पनि गरिबीको रेखामुनि छन्। मल्टी डाइमेन्सनल पोभर्टी इन्डेक्स, २०२२ अनुसार जनसंख्याको १७.५ प्रतिशत बहुआयामिक गरिबीको अवस्थामा बाँच्न बाध्य छन्। त्यसबाहेक १७.८ प्रतिशत जनसंख्या बहुआयामिक गरिबीको जोखिममा छन्। दिगो विकासको लक्ष्यअन्तर्गत नेपालले सन् २०३० सम्ममा सुरक्षित आवासमा बस्ने ३० प्रतिशत घरधुरीको अनुपात दोब्बर पारी ६० प्रतिशत पुऱ्याउने प्रतिज्ञा गरेको छ। यसको अर्थ अहिले पनि जनसंख्याको ठूलो हिस्सा सुरक्षित आवासबाट वञ्चित छ।

६. गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षासमेतका आधारभूत आवश्यकताको सहज परिपूर्तिकै अभिलाषाले विपन्न तथा सीमान्तीकृत समुदायका जनता विगतमा भएका सशस्त्र जनयुद्ध, पटक-पटकका राजनीतिक तथा सामाजिक आन्दोलनमा होमिएका थिए। माओवादीले सशस्त्र संघर्ष घोषणा गर्नुअगाडि तत्कालीन संयुक्त जनमोर्चाले २०५२ माघ २१ मा तत्कालीन सरकारलाई प्रस्तुत गरेको ४० बुँदे मागपत्रमा पनि जनजीविकाको सुरक्षाको सवाल महत्त्वपूर्णरूपमा समेटिएको थियो। विडम्बना, बाबुराम भट्टराई प्रधानमन्त्री भएकै बेला सुकुमवासी बस्तीमा डोजर लगाएर आवासविहीन बनाउने र जीविका खोस्ने ज्यादतीपूर्ण काम भयो।

७. २०६३ मंसिर ५ मा हस्ताक्षरित विस्तृत शान्ति सम्झौता एवं २०६३ सालको परिवर्तनपछि दलित, जनजाति, थारू, मधेसी, उत्पीडितलगायत विभिन्न वर्ग र समुदायले गरेका संघर्षहरूले उठाएका माग सम्बोधन गर्न सरकारले गरेका सम्झौताहरूमा पनि द्वन्द्वका कारक तत्त्वका रूपमा रहेको आर्थिक, सामाजिक अधिकारबाट वञ्चितिलाई सम्बोधन गर्ने र दिगो शान्तिका लागि मार्गप्रशस्त गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो।

८ . सोही पृष्ठभूमिमा अन्तरिम संविधान, २०६३ मा पहिलो पटक आर्थिक, सामाजिक हकले पनि मौलिक हकको मान्यता पाए। ऐतिहासिक सिकाइको आधारमा नै संविधान सभाबाट जारी भएको वर्तमान संविधानले सामाजिक न्याय र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूतिलाई अझै फराकिलो र खँदिलो बनाएको छ। अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि/सम्झौता कार्यान्वयन गर्ने संवैधानिक दायित्व धारा ५१ (ख) (३) मा तोकेको छ। त्यसैगरी मानव अधिकार र मौलिक हकको संरक्षण र प्रवर्द्धन गर्नु तीनै तहका सरकारहरूको दायित्व हुने धारा ५६(६) मा सुनिश्चित छ। यसको अर्थ के हो भने कुनै पनि तहगत सरकारले कुनै पनि बहानामा मौलिक हक प्रत्याभूतिलाई पन्छाएर जबर्जस्ती उठीबासको औचित्य पुष्टि गर्न सक्दैनन्।

९. नेपालको संविधानको धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक प्रत्याभूत छ। धारा ४२ मा 'सामाजिक न्यायको हक' अन्तर्गत आर्थिकरूपमा विपन्न नागरिकलाई आवासको अधिकार छ। दलितको हकअन्तर्गत धारा ४० (५) मा भूमिहीन दलितले भूमि प्राप्त गर्ने अधिकार संरक्षित छ। उपधारा (६) मा 'राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ' भनिएको छ।

'सामाजिक न्यायको हक' अन्तर्गत धारा ४२(२) मा आर्थिकरूपमा विपन्न र लोपोन्मुख समुदायका नागरिकलाई आवासको अधिकारलगायत अन्य 'विशेष अवसर र सुविधाहरू' प्रत्याभूत हुने घोषणा छ। 'आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ' भनिएको छ। धारा १६ मा प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकलाई प्रत्याभूत गरेको छ। आवासको अधिकारको वञ्चितिले सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लङ्घन हुने कुरा स्पष्ट छ।

धारा १८ अन्तर्गतको समानताको हकले विशेष संरक्षणको खाँचो भएका वर्ग र समुदायलाई समानतामा आधारित जीवन जिउन सक्षम बनाउन सरकारले विशेष व्यवहार गर्ने कुरा सुनिश्चित गरेको छ। आवासको उचित विकल्प दिन पनि नसक्ने र अन्य उपाय नभएर कहीं कतै आश्रय लिएर बसेको ठाउँबाट पनि खेदाउने कुरालाई संविधानले किमार्थ अनुमति दिँदैन। त्यसो गर्नु उल्लिखित मौलिक हकको बर्खिलाप हुन्छ।

१०. संविधानको प्रस्तावनामा नै लोकतान्त्रिक मूल्य/मान्यतामा आधारित 'समाजवाद' स्थापनाको अभीष्ट मुखरित भएको छ। राज्यका निर्देशक सिद्धान्त (धारा ५०) अन्तर्गत विभेद, अन्याय र शोषणको अन्त्य गर्ने, समतामूलक समाज निर्माण गर्ने एवं 'समाजवाद उन्मुख' समृद्ध अर्थतन्त्रको विकास गर्नेतर्फ आफ्ना प्रयासलाई लक्षित गर्न राज्यलाई निर्देशित गरिएको छ। तर संविधानतः विपन्न जनताप्रति अभिभावकीय दायित्व बहन गर्नुपर्ने तहगत सरकारले जोखिममा रहेका समुदायहरूलाई नै गाँस/बासबाटै विमुख पार्ने गरी उठीबास लगाउने कार्यले समाजवादको संवैधानिक अभीष्टमा नै प्रहार गर्ने निश्चित छ।

११. त्यसका अलावा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूले जनताका आवास, खाद्य सुरक्षालगायत आर्थिक सामाजिक अधिकारका न्यूनतम आधारभूत तत्त्वहरूको परिपूर्तिका लागि प्राथमिकता साथ काम गर्न मार्गनिर्देश गरेका छन्। धारा ५१(ज) को 'सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी नीति' अन्तर्गत 'मुक्त कमैया, कमलरी, हरुवा/चरवा, हलिया, भूमिहीन, सुकुमवासीहरूको पहिचान गरी बसोबासका लागि घर

घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्न', 'उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको आधारभूत आवश्यकता परिपूर्ति' का लागि विशेष व्यवस्थासमेत गरी उनीहरूको 'उत्थान, सशक्तीकरण र विकास' गर्ने जिम्मेवारी राज्यको हुन्छ। त्यसैगरी धारा ५१(ज) ले अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न तथा योजनाबद्ध र व्यवस्थित आवासको विकास गर्न राज्यलाई निर्देश गरेको छ। राष्ट्रिय आवास नीति २०६८ र राष्ट्रिय आवास योजना २०७१ ले सबैलाई सुरक्षित, पर्याप्त र मूल्य सुलभ आवासको व्यवस्था गर्ने तथा गरिबीको रेखामुनि रहेका तथा अव्यवस्थित र असुरक्षित स्थानमा बसोबास गरिरहेका परिवारलाई सुरक्षित आवासको परिधिभित्र ल्याउने उद्देश्य राखेका छन्। यी सबै व्यवस्था कागजमा प्रदर्शन गर्नका लागि होइन। जनताको जीवनमा परिवर्तन ल्याउनका लागि हुन्।

१२. आवासको हकको संवैधानिक प्रत्याभूतिलाई कार्यान्वयन गर्न बनेको आवासको अधिकारसम्बन्धी ऐन, २०७५ अस्तित्वमा छ। ऐनको दफा ३(१) र (३) ले आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व तीनै तहका सरकारले पालना गर्नुपर्ने गरी बाध्यकारी व्यवस्था गरेको छ। ऐनको दफा ३ (ख) अन्तर्गत 'आवासको अभावमा जीवन जोखिममा रहने खतराबाट सुरक्षित रहने' अधिकार प्रत्याभूत छ। विकल्पविहीन उठीबासले 'आवासको अभावमा जीवन जोखिममा रहने खतरा' सिर्जना गर्नेमा कुनै विवाद छैन। साथै दफा ५(४) ले पूर्वपरामर्श, पूर्वसूचना सम्प्रेषण, हटाइने व्यक्ति वा परिवारको उपयुक्त पहिचान, हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारीको रोहवर, समयको उपयुक्तता तथा ज्येष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, अशक्त, गर्भवतीलाई उचित ध्यान दिएर मात्रै निष्काशनको प्रक्रिया अगाडि बढाइने प्रत्याभूति दिएको छ। आवासविहीनताको जोखिम सिर्जना गर्ने गरी गरिने कुनै पनि निष्काशनको कार्य ऐनका उपरोक्त प्रत्याभूतिको बर्खिलाप हुन्छ।

१३. ऐनको दफा ७ अन्तर्गत सुरक्षित आवसको जोहो आफैं गर्न नसक्नेलाई आवासको प्रबन्ध गरिदिनु राज्यको प्राथमिक दायित्व पनि समेटिएको छ। त्यो दायित्व पूरा गर्न तत्काल सकिँदैन भने जीविकोपार्जनका रणनीतिको रूपमा सार्वजनिक वा सरकारी जग्गामा आश्रय लिएर बसेका नागरिकको अवस्थालाई थप नाजुक पार्ने गरी कुनै

हस्तक्षेप गर्ने वा उठीबास लगाउन राज्यले सक्दैन। खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५ को दफा ४० (ङ) को व्यवस्था पनि यस सन्दर्भमा महत्त्वपूर्ण छ। यसले 'जीविकोपार्जनको आधारबाट विमुख पार्ने गरी आवासविहीन बनाएमा' दण्डनीय कसुर मानिने व्यवस्था गरेको छ। विडम्बना यी ऐन कार्यान्वयनका लागि बन्नुपर्ने आधारभूत नियमावली बनाउनसमेत सरकार चुकेको छ। यो अकर्मण्यताले पनि जबर्जस्ती उठीबासलाई प्रश्रय दिएको छ।

१४. भूमिसम्बधी ऐन २०२१ मा भएको आठौं संशोधन पनि यस सम्बन्धमा महत्त्वपूर्ण छ। संशोधित प्रबन्धअनुरूप भूमिसम्बन्धी समस्या समाधान गर्नका लागि नेपाल सरकारले 'भूमि समस्या समाधानसम्बन्धी उच्चस्तरीय आयोग' गठन गरेको छ। हाल आयोग कार्यरत छ। संशोधित ऐनले भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई परिभाषित गरेअनुरूप स्थानिय तहसँग सम्झौता गरी लगत लिने तथा प्रमाणीकरण गर्ने काम भइरहेको छ। सो आयोगसमेतको आह्वानविपरीत संघ तथा स्थानीय सरकार मातहतका निकाय राज्यबाट संरक्षणको दरकार भएका नागरिकलाई उठीबास लगाउन संगठितरूपमा नै उद्यत हुने घटनाले सरकारको दोहोरो चरित्र प्रदर्शन गर्छ। संशोधित ऐनको दफा ५२ (ख) मा 'भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउनेः (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि भूमिहीन सुकुमवासीलाई एकपटकका लागि नेपाल सरकारले उपदफा (४) को अधीनमा रही निजहरूले आवाद कमोत गर्दै आएको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य कुनै सरकारी जग्गामा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउनेछ' भन्ने व्यवस्था छ। त्यसैगरी दफा ५२ (ग) मा 'अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने: (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा दश वर्षअघिदेखि आवाद कमोत गरिआएका अव्यवस्थित बसोबासीलाई एक पटकका लागि नेपाल सरकारले निजहरूले आवाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ' भन्ने व्यवस्था गरिएको छ। अव्यवस्थित बसोवासीको सन्दर्भमा केही तजबिज भएपनि भूमिहीन सुकुमवासीको सन्दर्भमा भूमिमा पहुँच दिने कुरालाई ऐनले नै बाध्यकारी दायित्वको रुपमा स्थापित गरेको यथार्थ बिर्सन हुँदैन।

१५. विगतमा कतिपय भूमिहीन तथा सुकुमवासीहरूले अर्को विकल्प नभएसम्म आफ्नो बासस्थान र जीविकोपार्जनको उपायको रक्षाका लागि न्यायिक उपचारको प्रयास गरे पनि उचित न्यायिक सम्बोधन हुन सकेको देखिँदैन *(खगिसरा कामी वि. जिल्ला वन कार्यालय सुर्खेतसमेत, २०७० सालको पुनरावेदन नं. ०८०८, फैसला मिति २०७२ जेठ १२, कृष्णप्रसाद उपाध्याय वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, रिट निवेदन नं. ०६३१, फैसला मिति २०७६ असार २०)* ।

हटाउनुपूर्व भूमिहीन तथा सुकुमवासीलाई आवासको विकल्प दिनुपर्ने कार्य नीतिगत विषय भनेर न्यायिक हस्तक्षेप गर्नबाट अदालत पन्छिएको देखिन्छ। तथापि वैकल्पिक आवासको प्रबन्ध नगरिकन कुनै पनि बस्तीबाट कोही पनि भूमिहीन तथा सुकुमवासी परिवारलाई उनीहरूको बासस्थानबाट विस्थापन नगर्न/नगराउन परमादेशसमेतको माग राखी दायर गरेको पछिल्लो सार्वजनिक सरोकारको मुद्दाले भने अग्राधिकार प्राप्त गरी सम्मानित सर्वोच्च अदालतमा विचाराधीन छ। यसै मुद्दामा जबर्जस्ती उठीबासपछि पनि चितवनको माडीस्थित कुसुम खोलाको जंगल क्षेत्रमा नै बसोबास गरिरहेका चेपाङ परिवारहरूलाई उचित विकल्पको व्यवस्था नभएसम्म यथास्थानमा नै बसोबास गर्न दिन २०७७ साउन १५ गते अन्तरिम आदेशसमेत जारी गरेको अवस्था छ। यसबाट सामाजिक न्यायको प्रवर्द्धनमा न्यायिक संवेदनशीलता प्रदर्शित भएको छ।

१६. नागरिकलाई जबर्जस्ती विस्थापनबाट संरक्षण गर्ने र सुरक्षित आवासको प्रत्याभूति दिने कुरा राष्ट्रिय कानुनी दायित्व मात्रै नभएर मानव अधिकारका अन्तर्राष्ट्रिय प्रचलित मान्यताहरू कार्यान्वयन गर्ने दायित्वको विषय पनि हो। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणपत्र, १९४८ को धारा २५ ले आवासको अधिकारलाई पर्याप्त जीवनस्तरको अधिकारका रूपमा मान्यता दिएको छ। नेपालसमेत पक्ष भएका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, बालअधिकारसम्बन्धी महासन्धि, सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि र अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिहरूमा पनि यस विषयलाई स्थान दिइएको छ। नेपालले अन्तर्राष्ट्रिय श्रम संगठनको आदिवासी जनतासम्बन्धी महासन्धि, १९८९ (महासन्धि १६९) लाई २०६४ भदौ १० मा अनुमोदन गरी त्यसअन्तर्गतका दायित्व पनि स्वीकारेको अवस्था छ। यसले पनि आदिवासी जनताको

भूमि, आवास र जीविकोपार्जनका आधारहरूमा निर्बाध पहुँचलाई राज्यले संरक्षण गर्नुपर्ने दायित्व तोकेको छ ।

१७. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा ११को (१) मा प्रत्येक व्यक्ति र निजको परिवारको आवाससहित पर्याप्त जीवनस्तरको अधिकारलाई प्रत्याभूत गरिएको छ। यस सन्धिको परिपालना गरे/नगरेको अनुगमन गर्ने जिम्मेवारी भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले यस व्यवस्थाको थप व्याख्या गरेको छ। समितिको सामान्य टिप्पणी नं. ७ (१९९७ मा ग्रहण गरिएका) मा व्याख्या गरिएअनुसार जबर्जस्ती उठीबासविरुद्धको अधिकार पनि आवासको अधिकारअन्तर्गत समाहित छ।

१८. बसोबास रहेको आवास वा भूसम्बन्धको अवस्था जेसुकै भए पनि कसैलाई पनि वैकल्पिक व्यवस्था नगरिकन विस्थापन गर्ने वा आवासविहीन अवस्थामा पुऱ्याउने वा आवासविहीनताको जोखिममा पुऱ्याउने गरी जबर्जस्ती निष्काशन गर्न नेपालले स्विकारेका अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वले दिँदैन। कारणवश बासस्थानबाट निष्काशन गर्नुपऱ्यो भने पूर्वपरामर्श, पूर्वसूचना, बसोबासको वैकल्पिक व्यवस्था तथा क्षतिपूर्तिसमेतको सर्त बन्देजहरूको पालना गर्नुपर्ने कुरा संयुक्त राष्ट्रसङ्घीय मार्गनिदेशक सिद्धान्तका रूपमा स्थापित भइसकेका छन्। 'विकासमा आधारित विस्थापनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त तथा मार्गनिर्देशन २००७' ले पनि विकल्प दिएर न्यायोचितरूपमा मात्रै बासस्थानबाट हटाउने कुरालाई मात्रै अनुमति दिन्छ। जबर्जस्ती विस्थापन अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअन्तर्गत मात्रै होइन, नेपाल पक्ष भएको जेनेभा महासन्धि (सन् १९४९) लगायत मानवीय कानुनमा समेत निषेधित गम्भीर उल्लङ्घनको कार्य हो। चाहे युद्ध, सङ्कटकाल वा शान्तिको समय किन नहोस्, कहिल्यै पनि बासस्थान जानाजान नष्ट पार्ने र परिवारहरूलाई बिचल्ली पार्ने कार्य क्षम्य हुँदैन।

१९. उठीबासबाट संरक्षण आर्थिक, सामाजिक तथा न्यूनतम आधारभूत तत्त्वहरू (मिनिमम कोर एलिमन्टस्) का रूपमा मान्यता प्राप्त छ *(आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति, सामान्य टिप्पणी नं. ३ (यूएन डीओसी ई/१९९१/२३)*। यो तत्कालै प्रचलनयोग्य हुने दायित्व हो। राज्यले आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने दायित्व बहन गर्नुपर्ने भएकाले राज्यका निकायको आफ्नै

अग्रसरता वा उसको सहयोग वा समर्थनमा अरू कसैले जीवन जिउन थप कष्ट सिर्जना गर्ने गरी उठीबास लगाउन सक्ने कुराको कल्पना पनि गर्न सकिँदैन। यो अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअन्तर्गत सर्वथा अक्षम्य कार्य हो। राष्ट्रिय क्षेत्राधिकारबाट उपचार वञ्चित गरिए सन्धिजनित समितिहरूमा समेत यस विषय न्याययोग्य हुने अवस्था हुन्छ।

२०. जीवनको अधिकार, वैयक्तिक सुरक्षा, स्वास्थ्यको अधिकार, घर र परिवारको संरक्षणको अधिकार तथा क्रूर र अमानवीय व्यवहारविरुद्धको अधिकारको उल्लङ्घन हुने भएकाले आवासविहीनतामा पुऱ्याउने कार्य जोखिममा रहेका जनसंख्याको मानव अधिकारको संरक्षण गर्न राज्य विफल भएको प्रमाणका रूपमा लिइन्छ। सो कुरा आवासको अधिकारसम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदक 'लेइलानी फार्हा' को सन् २०१५ डिसेम्बर ३० को प्रतिवेदन *(युएन डीओसी. ए /एचआरसी /३१/५४)* मा उल्लेख छ। साथै उनले आवासविहीनताले 'महिला, युवा, बालबालिका, आदिवासी जनजाति, अपांगता भएका व्यक्तिहरू, आप्रवासी र शरणार्थी, श्रमजीवी विपन्न, यौनिक अल्पसङ्ख्यकहरू (लेज्बिएन, गे, बाइसेक्स्युल र ट्रान्जजेन्डर) लगायतका निश्चित समूहलाई असमानुपातिकरूपमा असर पार्नेतर्फ पनि राज्यहरूलाई सचेत तुल्याएका छन्।

२१. जबर्जस्ती विस्थापनबाट जनतालाई संरक्षण प्रदान गर्न तथा आवासको हक प्रवर्द्धन गर्न न्यायालयको भूमिका विश्वका लोकतान्त्रिक देशहरूमा महत्त्वपूर्ण रहँदै आएको छ। उदाहरणका लागि भारतको सर्वोच्च अदालतले सन् १९८५ मा ओल्गा तेलिस वि. वम्बै म्युनिसिपल काउन्सिल *(१९८५, २ एसयूपीपी एससीआर ५१)* को मुद्दामा आवासको हकलाई भारतीय संविधानको धारा २१ अन्तर्गतको बाँच्न पाउने हकसँग जोडेर व्याख्या गर्दै आवास अधिकारको विधिशास्त्रमा नयाँ आयाम थपेको पाइन्छ। त्यस्तै नयाँदिल्लीको उच्च अदालतले सुधामा सिङसमेत वि. गभर्मेंट अफ दिल्लीसमेत (२ नोभेम्बर २०१० को फैसला) को मुद्दामा पुनर्बासको सुनिश्चितताबिनाको विस्थापन मान्य नहुने व्याख्या गर्दै विस्थापन गर्नुपूर्व बासिन्दाहरूको सर्भेक्षण गर्नुपर्ने, प्रभावित बासिन्दाहरूसँगको परामर्शमा स्थानान्तरणका उपायहरू तय गर्नुपर्नेलगायत कार्यविधिहरू तोकिदिएको पाइन्छ। सर्वोच्च अदालतबाट स्थापित न्यायिक सिद्धान्त तथा नजिरहरूको पृष्ठभूमिमा भारत सरकारले २०१३ मा जग्गा प्राप्ति, क्षतिपूर्ति

पुनःस्थापना तथा पुनर्बाससम्बन्धी ऐन बनाएर लागू गरेको छ। उक्त ऐनले सार्वजनिक प्रयोजनका लागि व्यक्तिको स्वामित्व भएको वा बसोबास गरिरहेको भूमि सार्वजनिक हितका लागि प्राप्त गर्नुपर्ने भयो भने उचित प्रक्रिया अपनाएर, आवासको हकको सम्मान हुने गरी तथा जीविकोपार्जनको आधार नखोसिने गरी मानव अधिकारमैत्री प्रक्रियाबाट प्राप्त गर्ने प्रबन्ध गरेको देखिन्छ।

२२. तुलनात्मक अनुभवको कुरा गर्दा दक्षिण अफ्रिकी अनुभव निकै महत्त्वपूर्ण छ। संविधानले नै अदालतको आदेशबेगर कसैलाई पनि आवासबाट निष्काशन गर्न नपाइने गरी बन्देज लगाएको छ। संविधानको धारा २६(३) ले स्पष्टरूपमा जबर्जस्ती उठीबासलाई निषेध गरेको छ।

दक्षिण अफ्रिकी संवैधानिक अदालतको भूमिका पनि महत्त्वपूर्ण रहँदै आएको छ। दक्षिण अफ्रिकी सरकार वि. ग्रुटवुम (२००० (११) बीसीएलआर ११६९) को मुद्दामा सरकारले अगाडि सार्ने उपायहरू उपयुुक्तताको मानक (रिजनेबलनेस टेस्ट) मा खरो उत्रनुपर्ने मान्यता संवैधानिक अदालतले स्थापित गर्‍यो। राज्यले स्पष्ट तथा संयोजित आवाससम्बन्धी कार्यक्रमलगायत उपयुुक्त उपाय कार्यान्वयनमा ल्याएर निष्काशित हुनेहरूको पर्याप्त आवासको हकलाई सम्बोधन गर्नुपर्ने आदेश दियो। त्यसो गर्न असफल हुनु संविधानको धारा २६ अन्तर्गतको आवासको हकको उल्लङ्घन हुने ठहर गर्‍यो। फैसलाबमोजिम काम भए/नभएको त्यहाँको राष्ट्रिय मानव अधिकार आयोगले अनुमगमन गर्‍यो। यस फैसलाले आवासको हकको व्यावहारिक कार्यान्वयनमा राज्यका निकायलाई जावफदेही बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो। अर्को एक मुद्दामा *(रेसिडेन्ट अफ द जो स्लोभो कम्युनिटी, वेस्टर्न केप भी. थुबेलिसा होम्स एन्ड अदर्स २०१० (३) एसए ४५४)* वैकल्पिक आवासको व्यवस्था नगरिकन कुनै परिवारलाई पनि बसिरहेको ठाउँबाट हटाउन नहुने कुरा स्थापित गर्‍यो। साथै त्यस्तो वैकल्पिक पुनर्बासको प्रबन्धको उपयुक्तताको सुनिश्चिताका लागि अदालत आफैँले थिति बाँधिदियो। जसबाट उठाइने घर/परिवारहरूसँग उठ्नुअघि नै छलफल गरेर समयतालिका तय गर्नुपर्ने, स्थानान्तरण भएर जाने ठाउँमा स्कुल र स्वास्थ्य क्लिनिकलगायतका सुविधा हुनुपर्ने एवं बसिरहेको ठाउँबाट जहिले उठ्ने हो त्यहिले नै उपयुक्त बासको उपलब्धता सुनिश्चित हुनुपर्ने आदेश दियो। सोही मान्यतालाई पछ्याउँदै अको मुद्दामा (ड्लाड्ला भी सिटी अफ जोहानेसवर्ग (२०१७) जेडएसीसी ४२) विस्थापित

हुने सबै तत्काल सुरक्षित आवासको हकदार हुने र सो तुरुन्त उपलब्ध गराउनु नगरपालिकाहरूको संवैधानिक दायित्व हुने ठहऱ्यायो। जबर्जस्ती विस्थापनको उल्लङ्घनका पीडितलाई तत्काल त्यस्तो आवास सुविधा उपलब्ध गराउन जोहेनसवर्ग नगरपालिकालाई आदेश दियो।

२३. चरम गरिबीको अवस्थाबाट गुज्रेको देश सोमालियाको संघीय सरकारले पनि जबर्जस्ती विस्थापनबाट भूमिहीन जनतालाई संरक्षण प्रदान गर्न र देशभर एकरूपता कायम गर्ने गरी राष्ट्रिय मापदण्ड बनाएर लागू गरेको पाइन्छ। निष्काशनसम्बन्धी राष्ट्रिय निर्देशिका २०१९ ले कम्तीमा पनि ६० दिनको सूचना दिनुपर्ने, प्रत्येक प्रभावित परिवारलाई त्यस्तो सूचना दिनुपर्ने र प्रभावित परिवारको मानवीय मर्यादा संरक्षणका लागि उचित विधि तथा प्रक्रिया अपनाउनुपर्ने प्रबन्ध गरेको देखिन्छ।

२४. जबर्जस्ती उठीबासविरुद्धको संवैधानिक प्रत्याभूतिलाई व्यवहारमा उतार्नका लागि भूमिहीन सुकुमवासीहरूको लगत लिनेलगायतको राष्ट्रिय भूमि आयोगले गर्दै आएको काम सम्पन्न गर्न दिनुपर्छ। मौलिक हक कार्यान्वयनको विषयमा सङ्घ एकातिर र स्थानीय तह अर्कोतिर हुनु विधिसम्मत हुँदैन। सार्वजनिक सम्पत्तिको संरक्षण जति महत्त्वपूर्ण छ भूमिहीन सुकुमवासीको बासस्थान वा आवासको हकको सम्मान, संरक्षण त्यो भन्दा कम महत्त्वपूर्ण छैन। दुवैबीच सन्तुलन मिलाएर मानव अधिकारमैत्री विकल्प खोज्नुपर्छ। बसोबासको सन्दर्भमा बनेको विशेष कानुनको रूपमा रहेको आवासको हकसम्बन्धी ऐन, २०७५ लाई निस्तेज पार्ने गरी अन्य कुनै पनि कानुन कार्यान्वयन हुन सक्दैन।

कानुनी शासनको मान्यताबाट निर्देशित भएर उचित विधि तथा प्रक्रिया अपनाएर सरोकारवालाहरूसँगको परामर्श, सहकार्य र सहभागितामा समस्याको दिगो र वैध निकास निकाल्नुपर्छ। एउटा सार्वजनिक हितको रक्षा गर्दा अर्को सार्वजनिक अहित सिर्जना हुने काम गर्न हुँदैन। राज्य अधिकारीहरूको समझमा आउनुपर्ने कुरा के हो भने घर/टहरा अनधिकृतरूपमा सिर्जना गरिएको हुन सक्छ तर मानव बासस्थान अनधिकृत हुँदैन। लोभलालचका कारण सिर्जना गरिएका घर/टहरा र आवश्यकताले आश्रय लिन सिर्जना गरिएका संरचनाबीचको फरक छुट्याउन जरुरी छ। मानवको व्यवस्थापन गहन र गम्भीर विषय हो। यो मानवीय मात्रै होइन, मानव अधिकारको विषय हो भन्ने

सत्यलाई आत्मसात् गर्नु जरुरी छ। बस्तीभित्रको मानवीय विविधता, संवेदनशीलता, मानवीय आवश्यकताप्रति आँखा चिम्लेर घर/टहरा भत्काउने वा संरचना हटाउने हिसाबले मात्रै यसलाई हेर्नु सर्वथा गलत हो।

तसर्थ, नेपाल राज्यभित्र आवासको उपयुक्त विकल्प नदिइकन कसैलाई पनि बसिरहेको ठाउँबाट निष्काशन नगरिने विषयलाई सुनिश्चित गर्ने गरी अब बन्ने सरकारले उचित निर्णय एवं सोको कार्यान्वयनका लागि आवश्यक प्रबन्ध गरोस्। जबर्जस्ती उठीबासबाट भूमिहीन सुकुमवासी परिवारहरूलाई संरक्षण प्रदान गर्ने सन्दर्भमा नेपालभर एकरूपता कायम गर्न आवासको हकसम्बन्धी ऐनबमोजिम बन्नुपर्ने नियमावलीसमेतमा निम्न पूर्वसर्तहरू समेटी शीघ्र कार्यान्वयन गर्ने/गराउने काम सरकारले गरोस्:

क) आफ्नो स्वामित्वको भूमि नभएर वा आवासका लागि उपयुक्त र पर्याप्त भूमि नभएर सार्वजनिक, पर्ती, नदी तथा सडक किनार, निकुञ्ज/आरक्ष/संरक्षित क्षेत्र/वन आसपासको भूमि वा अन्य कुनै आवादी नभएको भूमिमा परिवारको जीविकोपार्जनका लागि आश्रय लिएर बसेका सुकुमवासी, भूमिहीन तथा अव्यवस्थित बसोबासी परिवारहरूको सर्भेक्षण तथा उनीहरूको अवस्थाको प्रमाणीकरण (भेरिफिकेसन) गरी लगत तयार गर्ने।

ख) पुनर्बासको विकल्प, बस्तीबाट विस्थापित गर्दाको प्रभाव, परिवारका लागि आवासको आवश्यकता, विशेष संरक्षण आवश्यक पर्ने ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दीर्घ बिमारी, बालबालिका, गर्भवती महिलाका समस्याबारे प्रभावित परिवारसँग परामर्श गर्ने र तिनको सम्बोधनका लागि अवलम्बन गर्ने उपाय तय गर्ने।

ग) शिक्षा, स्वास्थ्य, पिउने पानी, सरसफाइ, विजुली, जीविकोपार्जनको आधारलगायतका आधारभूत सुविधामा पहुँचसहितको उपयुक्त पुनर्बासको व्यवस्था गर्ने।

घ) बसिरहेको ठाउँबाट वैकल्पिक पुनर्बासमा सहज रूपमा सर्नका लागि प्रत्येक प्रभावित परिवारलाई पर्याप्त समय (कम्तिमा ६० दिन) सहितको लिखित सूचना दिने।

ङ) बस्तीबाट उठाउँदा क्षति हुने भौतिक सम्पत्तिको मूल्याङ्कन गरी यथोचित क्षतिपूर्ति दिने व्यवस्था गर्ने।

च) मौसमको प्रतिकूलता, महामारी, प्राकृतिक विपत्ति, रातको समय, चाडपर्व एवं परिवारका लागि अनुपयुक्त हुने समयमा बस्तीबाट उठाउने कार्य नगरिने सुनिश्चित गर्ने ।

*(चापागाईं संवैधानिक तथा मानवअधिकार कानुन विज्ञ, देउजा भूमिअधिकारकर्मी तथा राष्ट्रिय भूमि आयोगका पूर्वसदस्य, अधिकारी महिला एकता समाजकी कार्यकारी निर्देशक तथा आवास अधिकारकर्मी र विश्वकर्मा अधिवक्ता तथा जुरी -नेपालका अध्यक्ष हुन्)*

**प्रकाशित : पुस १०, २०७९ १३:३९**

## प्रधानमन्त्रीलाई अधिवक्ताहरूको खुलापत्र: खाद्य र आवासको हकलाई ब्ल्याङ्क चेक नबनाउ, नियमावली बनाएर कार्यान्वयन गर !

सम्माननीय प्रधानमन्त्री तथा गृह मन्त्री ज्यू,
माननीय शहरी विकास मन्त्री ज्यू,
माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री ज्यू,
माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री ज्यू,
माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री ज्यू,

हामी संविधानको धारा ४८ बमोजिम राष्ट्रप्रति निष्ठावान नेपाली नागरिक हौं। नागरिकको हैसियतले आफू पनि संविधान र कानुनको पालना गर्ने र अरूलाई पनि पालना गर्न, गराउन सकारात्मक भूमिका खेल्ने नागरिक जिम्मेवारी धारा ४८ मा निहित रहेको हामीले बोध गरेका छौं। त्यतिमात्रै नभएर हामी संविधानवाद, कानुनी शासन, मानवअधिकार, सुशासन र सामाजिक न्यायप्रति समर्पित कानुन व्यवसायी हौं।

ऐतिहासिक संविधानसभाबाट २०७२ असौज ३ मा जारी भएको नेपालको संविधानको प्रस्तावनामा नै समाजवाद, सामाजिक न्याय, समतामूलक संवृद्धि प्राप्तिको अभिष्ट मुखरित छ। विभिन्न स्वरुपमा सदियौंदेखि विद्यमान भेदभाव, वहिष्करण एवं आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारबाट वञ्चिति नै विगतमा भएको सशस्त्र संघर्ष, राजनीतिक, सामाजिक, जातीय तथा क्षेत्रीय आन्दोलनहरूका अन्तरनिहित कारण हुन भन्ने तथ्य विस्तृत शान्ति सम्झौता लगायत अन्य राजनीतिक दस्तावेजहरूमा स्वीकार गरिएको तथ्य सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीज्यूहरूलाई अबगतै छ।

द्वन्द्वका कारक तत्वलाई सम्बोधन गरेर दिगो शान्ति सुनिश्चित गर्नका लागि नै संविधानले उच्च प्राथमिकताका साथ सामाजिक न्याय तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई मौलिक हकको रूपमा स्थापित गरेको निर्विवाद छ। संविधानको यो पाटो अन्तर्राष्ट्रिय जगतमा पनि अनुकरणीय र प्रशंसनीय बनेको बारे यहाँहरू अनभिज्ञ हुनुहुन्छ भन्ने हामीलाई लाग्दैन।

तर कार्यान्वयनप्रतिको बढ्दो अकर्मण्यता र उदासिनताले सामाजिक न्याय, समाजवाद, समतामूलक आर्थिक संवृद्धि र आमजनताले सम्मानपूर्वक जीवनयापन गर्न पाउने वातावरण सृजना गर्ने संवैधानिक वाचा ब्ल्यङ्क चेकमा परिणत हुँदै गएको यथार्थताले भने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सरोकारवालाहरूलाई चिन्तित तुल्याउँदै गएको छ। आमजनतामा पनि ठूलो निराशा पैदा भएको छ। तहगत सरकारप्रतिको सार्वजनिक विश्वास र भरोशामा क्षयिकरण हुँदै गएको छ।

मौलिक हकको रूपमा प्रत्याभूत खाद्यसम्बन्धी हक (धारा ३६) र आवासको हक (धारा ३७)का अवयवहरूको व्यवहारिक कार्यान्वयनका लागि संघीय संसदले क्रमशः खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५ र आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बानाएको हो। दुवै ऐनहरू २०७५ असौज २ गतेदेखि नै प्रारम्भ भएका हुन्। संघीय संसदले ती ऐनका अधिकांश प्रावधानहरू प्रत्यायोजित विधायन (नियमावली) मा व्यवस्था भएबमोजिम वा तोकिएबमोजिम कार्यान्वयन हुने प्रबन्ध गरेको छ। यथासमयमा नियमावलीमा प्रबन्ध नगर्दासम्म त्यस्ता विषयहरू कार्यान्वयनमा जाने स्थिति बन्दैन। तसर्थ ऐनले मागे बमोजिम तदारुकताका साथ नियमावली बनाएर कार्यान्वयन गर्नु पर्ने नेपाल सरकार मन्त्रीपरिषदको बाध्यात्मक दायित्व रहन्छ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन २०७५का व्यवस्थाहरूको अध्ययन गर्दा भोकमरीको रोकथाम र नियन्त्रणका उपायको अवलम्बन, खाद्य असुरक्षित लक्षित घरपरिवारको पहिचान, त्यस्ता परिवारको अभिलेख, लक्षित परिवारलाई खाद्य सहायता परिचयपत्र वितरण, लक्षित परिवारलाई सहुलियतपूर्ण वा निशुल्क खाद्य सहायताको वितरण, खाद्यको पोषण मापदण्ड निर्धारण, खाद्य सङ्कटग्रस्त क्षेत्रमा खाद्य तथा पोषण सुरक्षाको प्रवन्ध, स्थानीय खाद्य उत्पादनको प्रवर्धन, किसानको पहिचान र वर्गिकरण, किसान परिचयपत्र वितरण, मर्कामा परेका किसानलाई क्षतिपूर्ति दिने संयन्त्र र विधि तथा प्रकृया, कृषियोग्य भूमिको दिगो व्यवस्थापन र उपयोगको प्रवर्धन, लक्षित कृषि विकास कार्यक्रम सञ्चालन, जलवायु परिवर्तनको जोखिम न्यूनिकरणका उपाय अवलम्बन, राष्ट्रिय खाद्य योजनामा समेट्ने विषयहरू निर्धारण, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन, खाद्यको सञ्चिति तथा वितरण प्रणाली, राष्ट्रिय खाद्य परिषद् गठन तथा सञ्चालन र काम, कर्तव्य र अधिकारको निर्धारण, निरीक्षण अधिकृत तोक्ने वा नियुक्त

गर्ने लगायतका आधारभूत विषयवस्तुहरू प्रत्यायोजित विधायन वा नियमावलीमा निर्भर हुने स्पष्ट छ।

त्यसैगरी आवासको अधिकारसम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू हेर्दा आवासविहीन व्यक्तिको प्राथमिकिकरण, सहुलियतपूर्ण वित्तिय सुविधा, बासस्थानबाट निस्कासनको विधि तथा प्रकृया, पुनर्वासको व्यवस्था, आवासविहीन परिवारको लगत सङ्कलन, आवासविहीनलाई आवास सुविधा, परिचयपत्र वितरण, आवासविहीनताको स्वघोषणा, अस्थायी आवास तथा आर्थिक सहायता, वार्षिक आयको निर्धारण, स्थानीय तहसँग समन्वय, निजी क्षेत्रबाट उपलब्ध गराइने आवास सुविधा, आवास सुविधा फिर्ता लगायतका लगायतका आधारभूत विषयहरू नियमावलीमा निर्भर हुने गरी व्यवस्था गरिएको छ।

उपरोक्तबमोजिम ऐनका व्यवस्थाहरूको कार्यान्वयनका लागि प्रत्यायोजित विधायन तत्काल अपरिहार्य हुने गरी संघीय संसद्ले प्रबन्ध गरेको भएपनि नेपाल सरकारले हालसम्म पनि उक्त नियमावली बनाएर कार्यान्वयनमा ल्याएको छैन। जसका कारण सार्वभौम जनता संविधानतः प्रत्याभूत गरिएका खाद्य तथा आवाससम्बन्धी मौलिक हकको निर्वाध उपभोग गर्नबाट वञ्चित हुनु परेको छ। यही अकर्मण्यताबाट सिर्जित अन्योलको अवसर दुरुपयोग गर्दै संघीय सरकारका कतिपय निकायहरू र स्थानीय सरकारबाट भूमिहीन सुकुमवासी नागरिकलाई उचित सत्यपान/ पहिचान नगरी, विकल्पबिना स्वेच्छाचारी रूपमा उठीवास लगाउने वा उठीवासको दुस्प्रयास गर्ने, उठीवासको त्रासमा राख्ने, जिविकोपार्जनका आधारबाट वञ्चित गरेर आवासविहीनता र चरम खाद्य असुरक्षाको जोखिममा धकेल्ने हर्कतहरू हुँदै आएका छन्। कतिपय अवस्थामा सम्बन्धीत निकायलाई जवाफदेही बनाउन सर्वोच्च अदालतले हस्तक्षेप समेत गरेको छ।

उदाहरणको लागि जबर्जस्ती उठीवासपछि पनि आवासविहिन भएर चितवनको माडीस्थित कुसुम खोलाको जङ्गल क्षेत्रमा नै बसोबास गरिरहेका चेपाङ परिवारहरूलाई उचित विकल्पको व्यवस्था नभएसम्म यथास्थानमा नै बसोवास गर्न दिन २०७७ साउन १५ गते सर्वोच्च अदालतले अन्तरिम आदेशसमेत जारी गरेको अवस्था छ (जुरी नेपालको तर्फबाट राजुप्रसाद चापागाईंसमेत, २०७७–WO–००७८)।

नियमावली बनाएर ऐनका व्यवस्था कार्यान्वयन गरिएको भए सतहमा आएका समस्याहरू विधि र प्रकृयाअन्तर्गत सम्बोधन गर्ने वातावरण सृजना हुन सक्थ्यो। नियमावलीको अभावमा स्वेच्छाचारिता मौलाउँदै गएको र राज्यको विशेष संरक्षणको आवश्यकता भएका चरम  गरिवीको अवस्थामा बाँचेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता  भएका व्यक्ति, अल्पसंख्यकहरूनै तहगत सरकारका निकायको शत्रुतापूर्ण व्यवहारबाट प्रताडित हुने स्थिति सृजना भएको छ।

एकातर्फ संघीय सरकारले गठन गरेको राष्ट्रिय भूमिआयोगले भूमिसम्बन्धी ऐनको आठौं संशोधन अनुरूप भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीको एकिन विवरण तयार गरी व्यवस्थापनका लागि काम गर्ने, अर्को तर्फ संघीय सरकारकै निकायको रूपमा रहेको अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति र काठमाडौं महानगरपालिकाले त्यस्ता परिवारको पहिचान र व्यवस्थापनको प्रकृयामा सहयोगी बन्ने भन्दा पनि हठात मानव वस्तिलाई डोजर लगाएर उजाड्ने दुस्प्रयास गर्ने गरेको जगजाहेर छ। यो जस्तो शासकीय विरोधाभाष र बेथिति केहि हुन सक्दैन। यो एउटा प्रतिनिधिमूलक उदाहरण मात्रै हो।

यस्तो स्थितिलाई अन्त्य गरेर संविधान र कानुनको मातहतमा सबै तहगत सरकारहरू चल्ने कुरा सुनिश्चित गर्ने संवैधानिक दायित्व संघीय सरकार मन्त्रीपरिषद् र यसका जिम्मेवार मन्त्रालयहरूको भएपनि त्यो भूमिका निर्वाह गर्ने सन्दर्भमा विगत देखि खडेरी नै देखिएको छ। यसतर्फ सरकार प्रमुखको गम्भीर  ध्यानाकर्षण हुन जरुरी छ।

संघीय संसदबाट जनहितमा ऐन बनाएर लागू भएको चार वर्षको लामो समय व्यतित हुँदा समेत ऐन कार्यान्वयनका लागि अपरिहार्य तथा आधारभूत पूर्वाधारको रूपमा ऐनले नै परिकल्पना गरिएका नियामवली बनाएर कार्यान्वयनमा ल्याउन समेत जानाजान सरकार चुक्नु संविधानप्रतिको घोर अनादार हो। राज्यको यथोचित संरक्षणको दारकार भएका सीमान्तकृत, विपन्न, सुविधाविहीन र विपन्न सार्वभौम नेपाली जनताप्रतिको विश्वासघात हो भन्ने हाम्रो ठहर छ।

यतिका लामो अवधि व्यतित हुँदासम्म पनि खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन, २०७५को दफा ४६ तथा आवासको अधिकारसम्बन्धी ऐन, २०७५को दफा

३०बमोजिम नियमावली वनाएर लागू नगर्नु र अझै विलम्व गर्दै जाने कुराको कुनै तरहले पनि औचित्य वा कारण स्थापित हुन सक्दैन।

मौलिक हक कार्यान्वनको पूर्वाधारको रूपमा संघीय संसदले परिकल्पना गरेका नियमावली जस्ता आधारभूत कानुनी दस्तावेज बनाउन चुकेको विषय मुद्धाको रुपमा सर्वोच्च अदालतमा प्रवेश गर्ने र नियमावली बनाउन अदालतले परामदेश जारी गर्नुपर्ने जस्तो लज्जास्पद विषय जननिर्वाचित लोकतान्त्रिक सरकारका लागि केही हुन सक्दैन। नियमावली बनाएर लागू गर्न अनुचित विलम्ब गरेर नेपाल सरकारले के कस्तो वैद्य उद्देश्य र प्रयोजन पुरा गर्न खोजेको हो, त्यो बुझ्न सकिएको छैन।

तसर्थ, हामी कानुन व्यवसायीहरु अविलम्ब निम्न उपायहरु अबलम्बन गर्न नेपाल सरकारसंग जोडदार मार्ग गर्दछौं:-

१) मौलिक हक कार्यान्वयन गर्न अपरिहार्य देखिएका ऐनबमोजिम बन्नु पर्ने उक्त नियमावलीहरू (खाद्य अधिकार तथा खाद्य सम्प्रभूता नियमावली र आवासको अधिकार सम्बन्धी नियमावली) तर्जुमाको काम तत्काल पुरा गरी नियमावली लागू गर्ने काम सरकारले अविलम्ब गरोस। ऐनबमोजिम नेपाल सरकार मन्त्रिपरिषदले गर्नै पर्ने आधारभूत काममा अरू बिलम्ब गरेर जगत हसाउने काम सरकारले नगरोस।

२) नियमावली बने पश्चात ठोस कार्ययोजना, बजेट, कार्यक्रम तथा संस्थागत प्रवन्धको माध्यमबाट ऐन बमोजिम कार्यान्वयनमा लानुपर्ने विषयहरूलाई तदारुकता साथ कार्यान्वयनमा लगेर कोही पनि खाद्य असूरक्षा वा भोकमरीको जोखिममा नहुने, राज्यकै व्यवहारका कारण भूमिहिन सुकुमवासी परिवार आवासविहीनता वा उठीवासको जोखिममा नपर्ने र शान्तिपूर्वक र मानवीय मर्यादायूक्त जीवनयापन गर्न सक्ने वातावरण सृजना गर्ने काम सरकारले गरोस। यसका लागि प्रदेश र स्थानीय तहसंग आवश्यक समन्वय गरोस।

३) खाद्य अधिकार, आवासको अधिकार, सामाजिक न्यायकोहक लगायतका आर्थिक सामाजिक हक कार्यान्वयन आवस्थाको यथोचित समीक्षा तथा मुल्यांकन गरेर संविधानले परिकल्पना गरेको समाजवाद समेतको प्रकाशमा तीनको प्रभावकारी कार्यान्वयनका अवरोधहरू पहिचान गरी उपायहरू सुझाउन आवश्यक परे विज्ञ

कार्यदल वा संयन्त्र गठन गरेर ठोस मार्गचित्र बनाएर सरकार गम्भीरतासाथ अगाडि बढोस। हिंड्दै छ बाटो मेट्दै छ को स्थिति नहोस्।

४) संविधानमा जनताका हकअधिकारका विषय नसमेट्दा पनि लोकतान्त्रिक समाजमा शासकहरूको लोक कल्याणकारी चरित्रका कारण केही राम्रा प्रयास हुने गर्छन। हाम्रो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा जनताका आर्थिक, सामाजिक तथा सांस्कृतिक हकहरूनै संविधानमा अंकित भएको अवस्थामा समेत शासकीय अभिभारा बोकेका पदाधिकारी तथा निकायहरूनै भूईतहका जनताप्रति संवेदनशिल नहुने, उल्टो निर्मोही, निर्दयी हुने र उनीहरूको मानवीय मर्यादामा अतिक्रमण गर्न पछि नपर्ने दुर्भाग्यपूर्ण स्थिति अन्त्य होस्।

*(सार्वजनिक हितमा खुलापत्र लेख्ने अधिवक्ताहरुः राजुप्रसाद चापागाई, शर्मिला श्रेष्ठ, पंकज कर्ण, श्याम कुमार विश्वकर्मा, मोहन लाल आचार्य, शर्मिला पराजुली, निराजन थपलिया, विष्णुप्रसाद पोखेल, सन्तोष सिग्देल, वरुण घिमिरे, रुकमनी महर्जन, वन्दना उप्रेती, वालमाया विश्वकर्मा, रोशनी गिरी, रितेस पौडेल, सजिता घिमिरे)*

## ११. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालमा आबद्ध २६ वटा नागरिक संघ संस्था तथा सञ्जालको तर्फबाट मिति २२ असार, २०७९मा जारी गरेको अपील।

**शहरी गरीब तथा विपन्न वर्गका नागरिकको मर्यादापूर्वक जीवन जिउन पाउने अधिकारको सम्मान गर्न काठमाडौं महानगरपालिका लगायत सम्बन्धीत सबैमा अपिल।**

२२ असार, २०७९, काठमाडौं

काठमाण्डौ महानगरपालिकाअन्तर्गत नगर प्रहरीले सडक किनारामा मकै पोलेर जीविका चलाउँदै आएका नागरिकमाथि जवरजस्त उनीहरूको सामान समेत कब्जा गरी नेपालको संविधानले प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न पाउने हकको उल्लङ्घन गर्दै जबर्जस्ती निष्कासनगरिएको अमानवीय व्यवहारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालको जनसंख्याको करिव १७ प्रतिशत हिस्सा बहुआयामिक गरिबीको चपेटामा परेको यथार्थ सबैमा विदितै छ। गरिबी र पछ्यौटेपना कसैको पनि रहर होइन, मूलतः राज्यको गैरजिम्मेवारीपनको उपज हो। उसै त पछिल्लो दश वर्षमा नेपालमा धनी र गरिब बीचको खाडल झनै फराकिलो हुँदै गएको अध्ययनले देखाएको छ। झन् यहाँको गरिबीको अवस्था करिब दुई वर्षभन्दा बढी समय विश्वभर रहेको त्रासदीपूर्ण कोभिड १९ ले पारेको बहुआयामिक असरले अझै बढेको विभिन्न अध्ययनहरूले देखाएका छन्।

राज्यले नागरिकलाई रोजगारीको अधिकारबाट बञ्चित गरेका कारण लाखौं संख्यामा नेपाली युवा विदेशी भूमिमा कठिन श्रम गर्न बाध्य छन्। धेरै विपन्न परिवारका मानिसहरू आफ्ना सन्तानको उज्वल भविष्यको परिकल्पना सहित काठमाडौं उपत्यका लगायतका शहरमा जीविकोपार्जनका विभिन्न उपाय अपनाउँदै आएका पाइन्छन्। त्यसैले गरीब हुनु अपराध गर्नु होइन। झट्ट हेर्दा सडक किनारा लगायतका सार्वजनिक स्थल व्यापार व्यवसाय गर्ने स्थल होइनन् भन्ने लाग्दछ। यो जोखिमपूर्ण हुँदाहुँदै पनि धेरैका लागि बाध्यताको विषय भएको देखिन्छ।

राज्यको मुख्य दायित्व सबैभन्दा जोखिममा परेको वर्ग र समूदायलाई सहयोग गर्नु हो। उनिहरूको आर्थिक र सामाजिक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु हो। शहर आर्थिक रूपमा सबल व्यक्तिहरूको मात्र आश्रय स्थल होइन। त्यसैले शहरमा धनीहरूको मात्रै संरक्षण गर्न र गरीबलाई परित्यक्त गर्न देशको संविधान, कानुन तथा नेपालले हस्ताक्षर गरेका विभिन्न अन्तर्राष्ट्रिय कानुनले समेत अनुमति दिंदैनन्। बरु तिनले विपन्न वर्गका व्यक्तिहरूको संरक्षण गर्नुपर्ने दायित्वलाई थप जोड दिएका छन्। यस विषयलाई हाम्रो संविधानमा विभिन्न मौलिक हकले समेत उनीहरूको आत्मसम्मानसहितको जीउन पाउने हकको संरक्षण गरेको छ। संसारका धेरै विकसित देशहरूमा पनि "स्ट्रिट फुड" को संरक्षण तथा प्रवर्धन गरी व्यवस्थित गरिएको देखिन्छ। देश देशका मौलिक स्ट्रिट फुडहरू हुन्छन्। जहाँ सबैको सहज पहुँच पुग्छ। त्यसैले "स्ट्रिट फुड" लाई समस्या होइन अधिकार, पहुँच तथा अवसर र जीविकोपार्जको लागि विकल्पको रूपमा समेत लिनुपर्ने देखिन्छ। त्यसैले "स्ट्रिट फुड" लाई बलपूर्वक निष्कासनहोइन होसियारी पूर्वक संरक्षणको आवश्यकता परेको छ। मकै पोली खाने हाम्रो मौलिक परम्परा हो। यो परम्परा स्वस्थवर्धक पनि छ। र देशभरीका शहरहरूमा यसको सञ्चालनबाट धेरै विपन्नहरूले जीविकोपार्जन समेत गर्दै आइरहेका छन्। त्यसैले पोलेको मकै नेपालका शहरहरूका लागि मौलिक "स्ट्रिट फुड" हो।

दक्षिण अफ्रिकी सरकार वि. गुरट बुम तथा अन्य व्यक्तिहरू समेत भएको जबर्जस्ती विस्थापनसम्बन्धी सार्वजनिक सरोकारको मुद्दामा त्यहाँको सर्वोच्च अदालतले सन् २००१ मा फैसला गर्दा विकल्प नदिई आर्थिक रूपमा विपन्न वर्गलाई निष्कासनगर्न नमिल्ने फैसला गरेको पाइन्छ। त्यसैगरी केही समय अघि मात्र नेपाल भ्रमण सकेर फर्केका मानवअधिकार विषयक राष्ट्रसंघीय विशेष प्रतिवेदक Olivier De Schutter ले नेपाल भ्रमण पश्चात बुझाएको प्रतिवेदन उपर राष्ट्रसंघीय मानवअधिकार परिषद्को पचासौ सेसन (एजेण्डा नं ३) मा छलफल भैरहेको छ। उनले आफ्नो नेपाल सम्वन्धी प्रतिवेदनमा रोजगारीका अवसर सृजना, आर्थिक सामाजिक अधिकारको उचित कार्यान्वयन, भेदभाव र असमानताको अन्त्य एवं भूमिको न्यायोचित वितरणसमेतको माध्यमबाट गरिबीको अवस्थामा रहेका नागरिकलाई मानवीय मर्यादासहित बाँच्न पाउने वातावरणको सृजना गर्न एउटा स्पष्ट र बोधगम्य

हुनेगरी गरिबी विरुद्धको योजना बनाएर प्राथमिकताका साथ कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गरेका छन्। उनका सिफारिसलाई गम्भिरताका साथ लिएर कार्यान्वयनका लागि राज्यले इमान्दार प्रयास गर्न जरुरी देखिन्छ।

त्यसैले देहाय बमोजिम गर्न गराउन काठमाडौं महानगर लगायत सम्बन्धीत सबै पक्षको ध्यानाकर्षण गर्दछौंः

१. सडक किनाराका जीविकामुखी साना व्यवसायीलाई विकल्प बिना जबर्जस्ती बल प्रयोग गरी निष्कासनगर्ने कार्य तत्काल बन्द गर्नुपर्ने।
२. "स्ट्रिट फुड" तथा जीविकामुखी साना व्यवसायलाई प्रतिबन्ध गर्ने नभई निश्चित समयका लागि निश्चित ठाउँ तोकी थप व्यवस्थित गर्नुपर्ने।
३. "स्ट्रिट फुड" तथा जीविकामुखी साना व्यवसाय सञ्चालनका लागि विकल्पहरूको खोजी गरिनुपर्ने।
४. "स्ट्रिट फुड" तथा जीविकामूखी व्यवसायीहरूको आत्सम्मानमा चोट पुर्याउने कार्य तत्काल बन्द गर्नुपर्ने।
५. स्ट्रिट व्यवसायीहरूमाथि हुँदै आएको अनावश्यक धरपकड तथा ज्यादतीउपर राष्ट्रिय मानवअधिकार आयोगले तत्काल हस्तक्षेप गरी मानवअधिकारको तत्काल संरक्षण तथा प्रवर्धन गर्नुुपर्ने।
६. पोलेको मकैलाई मौलिक "स्ट्रिट फुड"को रूपमा संरक्षण तथा प्रवर्धन गर्ने।
७. नगरपालिकाले तर्जुमा गर्ने नीति तथा कानुनहरू विपन्न मैत्री हुनुपर्ने।
८. पीडितहरूबाट कुनै उजुरी परेको छैन भने पनि राष्ट्रिय मानवअधिकार आयोगले मिडिया रिपोर्टहरू समेतलाई उजुरीको रूपमा ग्रहण गरेर तत्काल छानबिन गर्नुपर्ने।
९. अमानवीय तरिकाले बल प्रयोग गरेर लुटपाट मच्चाउने नगरप्रहरीका जिम्मेवार पदाधिकारीउपर कानुनी कारबाही र यस्ता ज्यादती पुनःनदोरिने सुनिश्चितताका लागि आवश्यक प्रवन्ध गरिनुपर्ने।
१०. स्थानीय सरकारले त्यस्ता व्यक्तिहरूको लगत लिनुका साथै उनिहरूसँगको साक्षात्कारमार्फत शहरी क्षेत्रलाई सुन्दर र थप व्यवस्थित गर्न के गर्न सकिन्छ र उनिहरूको व्यवशायलाई कसरी व्यवस्थित गर्न

सकिन्छ भन्ने विषयमा सम्बादमार्फत समस्याको दिर्घकालिन समाधान खोज्नुपर्ने।

११. गरिवी अन्त्य तथा यसको दिर्घकालिन समाधानका लागि सबै तहका सरकार (संघ, प्रदेश र स्थानीय) ले समन्वयात्मकरूपमा कार्य गरी जिविकोपार्जनका अन्य उपायमार्फत त्यस्ता नागरिकको जिवनस्तर उकास्ने कार्यमा सहयोग र सहजिकरण गर्नुपर्ने।

१२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल (Economic, Social and Cultural Rights (ESCR) National Network) मानवअधिकार र विशेषगरी आर्थिक तथा सामाजिक अधिकारको क्षेत्रमा क्रियाशील नागरिक संस्थाहरूको साझा सञ्जाल हो।

**सुझाव पेश गर्ने आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालसँग आवद्ध सञ्जाल, महासंघ तथा संघ संस्था र संस्थागत प्रतिनिधिहरू**

| क्र.सं | संस्था, सञ्जाल तथा महासंघको नाम (नेपाली नामको वर्णानुक्रमानुसार) | पदाधिकारीको नाम तथा पद |
|---|---|---|
| १. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जाल सचिवालय, ललितपुर (सचिवालय, जुरी नेपाल) | अधिवक्ता श्यामकुमार विश्वकर्मा, संयोजक |
| २. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लुम्बिनी प्रदेश सचिवालय, कपिलवस्तु | रोमकान्त घिमिरे, संयोजक |
| ३ | आदिवासी जनजाति महिला समूह, नेपाल, आइडब्ल्यूएल), काठमाडौं | सुनी लामा, अध्यक्ष |
| ४ | आइ.जी.डि *(Institute for Governance and Development-IGD)* लाजिम्पाट, काठमाडौं | डा. मुक्ति रिजाल, कार्यकारी निर्देशक |

| क्र.सं | संस्था, सञ्जाल तथा महासंघको नाम (नेपाली नामको वर्णानुक्रमानुसार) | पदाधिकारीको नाम तथा पद |
|---|---|---|
| ५ | इको हिमाल नेपाल, काठमाडौं | नारायण ढकाल, कार्यकारी निर्देशक |
| ६ | एडवान, काठमाडौं | पम्फा परियार गुरुङ, अध्यक्ष |
| ७ | एम्नेस्टी इन्टरनेसनल, नेपाल, काठमाडौं | निराजन थपलिया, निर्देशक |
| ८ | इन्द्रेणी ग्रामिण विकास केन्द्र, कपिलवस्तु | प्रदिप शाह, कार्यकारी निर्देशक |
| ९ | कर्णाली ग्रामिण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक), जुम्ला, सम्पर्क कार्यालय काठमाडौं | गोविन्द बहादुर शाही, कार्यकारी निर्देशक |
| १० | गो गो फाउण्डेशन, अनामनगर, काठमाडौं | केदार खडका, कार्यकारी निर्देशक |
| ११ | गैरसरकारी संस्था महासंघ, काठमाडौं | राम प्रसाद सुबेदी, अध्यक्ष |
| १२ | जागरण नेपाल, काठमाडौं | सम्झना पोखे्रल, अध्यक्ष |
| १३ | जागरण मिडिया सेन्टर, काठमाडौं | कमला विश्वकर्मा, अध्यक्ष |
| १४ | डिग्नीटी इनिसियटिभ, काठमाडौं | जे.वी. विश्वकर्मा, अध्यक्ष |
| १५ | दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल, काभ्रे | दयासागर श्रेष्ठ, अध्यक्ष, |
| १६ | न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल), ललितपुर | अधिवक्ता मोहनलाल आचार्य, कार्यकारी निर्देशक |

| क.सं | संस्था, सञ्जाल तथा महासंघको नाम (नेपाली नामको वर्णानुक्रमानुसार) | पदाधिकारीको नाम तथा पद |
|---|---|---|
| १७ | फियान नेपाल, काठमाडौं | अशोक सिंह, कार्यकारी निर्देशक, |
| १८ | बियोण्ड बेइजिङ कमिटी, काठमाडौं | शुसिला श्रेष्ठ, अध्यक्ष |
| १९ | महिला पूर्नस्थापना केन्द्र (ओरेक) बालकुमारी, ललितपुर | लुभराज न्यौपाने, कार्यकारी निर्देशक |
| २० | नेपाल महिला एकता समाज, केन्द्रिय कार्यालय, काठमाडौं | बिमला तामाङ, अध्यक्ष |
| २१ | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | मित्रलाल शर्मा, अध्यक्ष |
| २२ | सबैका लागि न्याय, अनामनगर, काठमाडौं | अधिवक्ता शर्मिला श्रेष्ठ, कार्यकारी निर्देशक |
| २३ | समता फाउण्डेशन, ललितपुर | प्रदिप परियार, कार्यकारी अध्यक्ष |
| २४ | समाजमा वातावरणीय शिक्षाको विकास (सिड),दाङ | भागिराम चौधरी, कार्यकारी निर्देशक |
| २५ | सिद्दार्थ सामाजिक विकास केन्द्र, कपिलवस्तु | पोमनारायण पौडेल, सल्लाहकार |
| २६ | सोसाइटी फर एक्सन नेपाल (स्वान), लमही, दाङ | कृष्ण चौधरी, अध्यक्ष |

## १२. स्रोत पुस्तक तयारीको सन्दर्भमा उपयोग गरिएका आवासको हक, भूमि अधिकार तथा सुरक्षित भूसम्बन्धसम्बन्धी महत्त्वपूर्ण सन्दर्भ सामग्रीहरू।


(क) ह्याबिटयाट फर ह्युम्यानिटी नेपाल, पर्याप्त आवासको हक र सुरक्षित भू-सम्बन्धसम्बन्धी नीतिगत तथा कानुनी प्रबन्धको पुनरवलोकन (प्रतिवेदन—२०८०)।

(ख) संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समिति, 'सामान्य टिप्पणी नं. ४ र नं ७।

(ग) *Office of the High Commissioner for Human Rights, UN HABITAT, Fact Sheet No. 21 (Rev. 1): The Human Right to Adequate Housing.*

(घ) *Amnesty International, ADEQUATE HOUSING FOR ALL NEPAL: ANALYSIS OF THE RIGHT TO HOUSING ACT 2018, (Index: ASA 31/0496/2019)*

(ङ) *Amnesty International, LAND FOR LANDLESS PEASANTS COMMENTS AND RECOMMENDATIONS ON AMENDMENT TO THE LANDS ACT 1964, (Index: ASA 31/1221/2019)*

(च) *Amnesty International, Violations in the name of Conservation, "WHAT CRIME HAD I COMMITTED BY PUTTING MY FEET ON THE LAND THAT I OWN?" Index Number: ASA 31/4536/2021*